# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानिस चेतनशील प्राणी हो। मानव जीवनका लागि शिक्षा आवश्यक सर्त पनि हो। शिक्षाले नै मानिसलाई व्यावहारिक कुशलता प्रदान गर्नुका साथै समयानुकुल उचित समायोजन हुन सिकाउँदछ। वर्तमान सन्दर्भमा शिक्षा सर्वव्यापी, समावेशी हिसाबमा जीवन पर्यन्त मानव अधिकारका रूपमा स्थापित भएको छ। त्यसैले शिक्षाविद्, मानवशास्त्री तथा समाजशास्त्रीहरूले शैक्षिक प्रणालीको सफलताका लागि विद्यालयलाई लघु समाजका रूपमा सकारात्मक र घनिभूत सम्बन्धलाई आवश्यक पूर्वाधारका रूपमा मानेका छन्। प्राथमिक शिक्षाको विश्वव्यापीकरण तथा 'सबैका लागि शिक्षा' जस्ता कार्यक्रमको सफलताका लागि समुदाय र विद्यालयको अन्तर्सम्बन्धलाई अपरिहार्य मानिएको छ।

संयुक्त राष्ट्रसंघले डकार प्रारूपमा प्राथमिक शिक्षाको व्यवस्थापन र शिक्षा योजनाको विकेन्द्रीकरण गरी यसमा सुधार ल्याउनु आवश्यक छ भन्ने कुरामा विशेष जोड दिइएको छ। नेपाल सरकारले पनि उक्त लक्ष्य हासिल गर्न प्रतिबद्धता जाहेर गरिसकेको छ। त्यसैगरी स्थानीय स्वायत्त शासन ऐन २०५५ मार्फत विकेन्द्रीत स्थानीय शासनको विकासका लागि स्थानीय निकायलाई सक्षम र प्रभावकारी बनाउन आवश्यक पर्ने अधिकार, जिम्मेवारी तथा स्रोत साधन प्रक्षेपण गर्ने कार्य गरेको छ।

स्थानीय निकायलाई स्रोत साधनको सङ्कलन र परिचालन गर्ने अधिकार सुम्पिने, दिगो विकासमा आधारित सेवा प्रदान गरेको छ। त्यसैगरी स्थानीय नेतृत्वको विकास गर्नका लागि स्थानीय निकायलाई आफ्नो क्षेत्रमा जनताप्रति उत्तरदायी बनाउन प्रभावकारी संयन्त्रको व्यवस्था गर्ने जस्ता सिद्धान्त तथा नीतिहरू निर्माण गरेको छ। यसरी स्थानीय शासन ऐन २०५५ परिच्छेद ४ को २८ 'घ' मा शिक्षा तथा खेलकुद सम्बन्धी व्यवस्थामा स्थानीय सरकारलाई अधिकार सम्पन्न बनाई स्थानीय शासनको महत्वपूर्ण निकायका रूपमा रहेका गाविस अधिकार सम्पन्न बनाइ शिक्षा विकासका कार्यहरू गर्न प्रेरित गरिएको छ।

यस क्रममा गाविसमा गाउँ शिक्षा योजनाको माध्यमबाट आफ्नो क्षेत्रमा शिक्षा योजनाको निर्माण तथा कार्यान्वयनबाट शिक्षाका उद्देश्य प्राप्त गर्न सफल हुने विश्वास लिएको छ (शिक्षा विभाग, २०६४) ।

मानव सभ्यताको विकाससँगै शिक्षा विकासको इतिहास पनि सुरु भएको हो । शिक्षा नै यस्तो सशक्त माध्यम हो जसले स्वस्थ शरीरमा स्वस्थ दिमागको सिर्जना गर्दछ भनी एरिस्टोटलले शिक्षालाई परिभाषित गर्ने क्रममा यसको कार्यलाई समेत इङ्गित गरेका छन् तर हाम्रो देशमा वि.सं. २००७ सालभन्दा अगाडिसम्म शिक्षा केवल निश्चित शासक वर्गको पहुँचको विषय थियो ।

त्यसपछिका समयहरू शिक्षा विकासलाई योजनाका रूपमा निर्माण गरी कार्यान्वयन गर्नेतर्फ आवश्यकता महसुस गरेर सरोकारवाला सबैको पहुँचको विषयका रूपमा शिक्षालाई लिन थालेको पाइन्छ । खास गरी नेपाल जस्तो विकासोन्मुख मुलुकमा स्थानीय समुदाय तथा नागरिक समाजको संलग्नता अपरिहार्य महसुस गरिएको छ ।

राष्ट्रिय स्तरमा तयार गरिएका योजनाले स्थानीय तहका सबै आवश्यकता परिपूर्ति गर्न नसक्ने भएकोले नै नेपालको सन्दर्भमा विकासका अन्य पूर्वाधारहरू लगायत स्थानीयस्तरका योजनाहरू तर्जुमा एवम् कार्यान्वयन गर्ने अन्तिम एकाई गाउँ विकास समिति भएकोले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को अवधारणा अनुरूप गा.वि.सं., नगरपालिका, जिल्ला विकास समितिलाई योजना तर्जुमा तथा कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका लागि जिम्मेवार मानिन्छ (शिक्षा विभाग, २०६४) ।

सामाजिक तथा व्यक्तिगत लक्ष्य र आवश्यकता पूरा गर्न तार्किक र व्यवस्थित रूपबाट कार्यान्वयनमा ल्याइएको कार्यक्रम नै शिक्षा योजना हो । यो विविध विकल्पहरूको छनोट गरी विशिष्ट उद्देश्य प्राप्तिका लागि निर्णय गरिने र शिक्षालाई जनमानसमा पुऱ्याउने विस्तृत कार्यक्रम समेत हो । यस्तो कार्यक्रम केन्द्रिकृत हुँदैन भनी केन्द्रिकरणका विरुद्धमा आएको विकेन्द्रित योजना निर्माण, सञ्चालन र कार्यान्वयन गर्ने प्रशासन पनि विकेन्द्रित हुन्छ (शर्मा एण्ड शर्मा, २०६४) ।

माथिका सैद्धान्तिक कुरालाई समयको परिवर्तनले वास्तविकतामा रूपान्तरण गर्ने प्रयास गर्दछ । फलस्वरूप मानिसका आवश्यकता र आकांक्षाले नवीनता चाहिरहेका हुन्छन् । त्यसैले यसलाई पूरा गर्न कुनै पनि देशले पछि परेका वर्ग, समुदाय, जातजाति, भाषाभाषी लागयत सम्पूर्ण सरोकारवालाहरूको आवश्यकतालाई पहिचान गरी उनीहरूको योग्यता, क्षमतालाई शिक्षा योजनाको माध्यमबाट अपनत्वको भावना जागरण गराई राष्ट्रिय मूल प्रवाहमा समाहित गराउनु पर्ने भएकाले शिक्षा योजनाको मर्मलाई विकेन्द्रित गर्नुको विकल्प छैन ।

हाम्रो देशमा शिक्षा योजना तर्जुमा गरी तिनको कार्यान्वयनमा अवलम्बन गरिएका प्रयासहरूको ऐतिहासिक पृष्ठभूमिलाई केलाउँदा २००७ सालपछिको परिवर्तनले शिक्षालाई योजनागत रूपमा अगाडि बढाउन पहिलो शिक्षा आयोग 'नेपाल राष्ट्रिय शिक्षा योजना आयोग' को निर्माण गऱ्यो (शर्मा एण्ड शर्मा, २०६४) ।

नेपाल शिक्षा २०१० सर्वाङ्गिण राष्ट्रिय शिक्षा समिति, २०१८ गठन भई कार्यान्वयनको तहमा रह्यो । त्यसपछि पञ्चायती व्यवस्थाले मुलुकमा शिक्षा सम्बन्धी राष्ट्रिय शिक्षा पद्धतिको योजना रा.शि.प.यो, २०२८ का नामबाट योजना कार्यान्वयनमा ल्यायो ।

वि.सं.२०४६ सालपछिको परिवर्तन पश्चात् गठन भएको राष्ट्रिय शिक्षा आयोग, २०४७ ले बुझाएको प्रतिवेदन, २०४९ ले अङ्गीकार गरेका शिक्षाका राष्ट्रिय उद्देश्यमध्ये एउटा 'शिक्षाले समाजमा पछि परेका व्यक्तिहरूलाई राष्ट्रिय मूलधारमा समाहित गर्न सहयोग गर्नुपर्छ भन्नेबाट स्थानीयस्तरबाट योजनाको तर्जुमा बिन्दु पहिल्याएको आभास पाउन सकिन्छ ।

यसै क्रममा नेपालको दशौं पञ्चवर्षीय योजना, (२०५९-२०६४) को सामाजिक क्षेत्रको विश्लेषण 'शिक्षा' शीर्षक अन्तरगत 'शिक्षालाई प्रतिस्पर्धात्मक बनाउन, निजी क्षेत्रको भूमिकालाई प्रभावकारी, सान्दर्भिक र समयसापेक्ष बनाउन र गुणस्तर कायम गर्न उपयुक्त नीति निर्माण, योजना तर्जुमा, व्यवस्थापन, कार्यान्वयन, अनुगमन समेत जनसहभागितालाई सुनिश्चित गर्नुका साथै विकेन्दीकरण नीति अवलम्बन गर्दै प्रशासनिक र शैक्षिक विकेन्द्रीकरण सँगसँगै लैजान आवश्यक भएको हुँदा विद्यालय सञ्चालनको जिम्मेवारी

स्थानीय स्तरलाई दिनेतर्फ दशौं योजना उन्मुख हुनेछ' भनिएको छ (शर्मा एण्ड शर्मा, २०६४) ।

शिक्षा योजनाहरू निर्माण र कार्यान्वयनको सवालमा दार्शनिक पक्षलाई समेत ख्याल गरिनु पर्दछ। विभिन्न सामाजिक सांस्कृतिक पृष्ठभूमि, भू-राजनीतिक बनावट, परम्परावादी चिन्तन, चेतनाको कमी, विश्वव्यापीकरणको प्रवाहलाई वेवास्ता, सामाजिक अन्तरघुलनमा अनिच्छा, परम्परावादी कृषि पेशालाई जातीय गौरव ठान्नु र आर्थिक पछौटेपनले गर्दा निर्णय प्रक्रियामा सहभागिता न्यून हुन गई स्थानीय स्तरका शिक्षा योजनाहरू अलपत्र परेका छन् ।

तथापि समतामूलक अवधारणाअनुरूप शिक्षालाई सबैको सहज पहुँचमा पुऱ्याउन स्थानीय स्तरको शिक्षा योजना निर्माण गरी तिनको प्रभावकारी कार्यान्वयनका लागि जनसहभागितालाई अवश्य पनि आत्मसात गर्नै पर्दछ ।

प्रस्तुत पृष्ठभूमिलाई आधार मानी गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन शीर्षकमा अध्ययन गर्न लागिएको हो ।

## १.२ समस्याको कथन

मानव जीवनका लागि शिक्षा महत्वपूर्ण पक्ष हो। शिक्षा विना जीवन अन्धकारमय हुन्छ। मानव विकासको सूचकाङ्कले शिक्षा क्षेत्रको पहुँच र त्यसको गुणात्मकतालाई सूचित गर्दछ। शिक्षाको अवसरलाई न्यायपूर्ण समताको दृष्टिकोणबाट सबै स्थानीय सरोकारवालासम्म पुऱ्याउन शिक्षा योजना निर्माण गरेर त्यसको कार्यान्वयन गरिनु जरुरी छ ।

स्थानीय तहमा शिक्षासँग सम्बन्धित योजनाहरू बन्ने कार्यको थालनी भएको छ तर त्यस्ता योजनाहरूको निर्माणमा जनसहभागिता स्वयम् समन्वयको कमी रहेको देखिन्छ। जसले गर्दा अपेक्षित शैक्षिक उपलब्धि हासिल हुन सकेको छैन। गुणस्तरीय शिक्षा प्रदान गर्न शैक्षिक संस्थाहरूले सकिरहेका छैनन् ।

शिक्षा योजना निर्माणमा देखा पर्ने समस्याहरूमा गाविस सेवा क्षेत्र भित्र पर्ने विद्यालय उमेर समूहका बालबालिकाहरूको विद्यालय प्रवेशमा देखिएका कठिनाईहरूलाई पहिचान गरी

उनीहरूलाई विद्यालय प्रवेश गराएर तह पूरा नहुन्जेल विद्यालयमा टिकाई राख्ने कार्यसँग सम्बन्धित समस्याहरूलाई समाधान गर्ने किसिमले योजना निर्माण गरी कार्यान्वयन गर्न सकेको पाइँदैन ।

निर्माण भएर कार्यान्वयनको तहमा रहेको योजना मार्फत समग्र गाविस क्षेत्रभित्र रहेका बालबालिकाहरूको शैक्षिक उपलब्धिसँगै शैक्षिक क्षतिको अवस्थालाई अध्ययन गरी स्थानीय निकाय र सेवा क्षेत्रभित्रका विद्यालयहरूका बीचमा समन्वयकारी तथा सहयोगी भूमिका सकारात्मक वा नकारात्मक कस्तो छ पत्ता लगाएर सफल कार्यान्वयनको उपाय खोजी गर्नु छ। तसर्थ गाउँ शिक्षा योजनाको निर्माणको अवस्था के छ ? योजना निर्माणमा सरोकारवालाहरूको भूमिका के कस्तो छ ? गाउँ शिक्षा योजनाको कार्यान्वयनको अवस्था के छ ? योजनाको निर्माण र कार्यान्वयनमा रहेका समस्याहरू के कस्ता छन् ? ती समस्या कसरी समाधान गर्न सकिएला ? भन्ने जस्ता समस्याहरूमा यो अध्ययन केन्द्रित रहेको छ ।

## १.३ अध्ययनको औचित्य

हाम्रोजस्तो विकासोन्मुख मुलुकमा अन्य विकासका पूर्वाधार लगायत शिक्षा क्षेत्रको विकास गरी त्यसको परिणाम समाजका तल्लो तहसम्मका उपभोक्ताहरूलाई सहज रूपमा वितरण गर्न केन्द्रीय योजनाको साटोमा स्थानीय तहमा योजना निर्माण गरी त्यसको कार्यान्वयनमा सरोकारवाला, स्थानीय समुदायलाई जिम्मेवार बनाउन आवश्यक भएकाले “गाउँ” शिक्षा योजनाको निर्माण र कार्यान्वयनको अवस्थालाई अध्ययन गर्नुपर्ने भएकाले यो अध्ययनको औचित्य झल्किन्छ। यो अध्ययनको उपलब्धि नीति निर्माण, भावी योजना निर्माणकर्ता तथा सामाजिक कार्यकर्ता, स्रोतव्यक्ति, वि.नि., गाविस, सचिव/अध्यक्ष, प्र.अ., शिक्षक सबैलाई उपयोगी र प्रभावकारी हुन्छ ।

अध्ययनका लागि गरिएको विषयवस्तुले विद्यालयको स्वामित्व र व्यवस्थापनका लागि स्थानीय समुदायको क्षमता अभिवृद्धि गरेर समुदायको सहभागिता बढाउनु, स्थानीय तहलाई सशक्तिकरण गर्नु साथै विद्यालयलाई व्यवस्थित रूपमा सञ्चालन गर्न गाविस स्तरमा शैक्षिक कार्यक्रम एवम् योजना बनाएर सामुदायिक प्रयासबाट त्यसलाई सफल कार्यान्वयन गराउने सशक्त माधयम “गाउँ शिक्षा योजना” भएकाले अध्ययनका लागि उक्त विषय छनौट गरिएको हो ।

प्रस्तुत अनुसन्धानले शैक्षिक क्षेत्रमा रहेका शैक्षिक योजनाकारलाई योजना तर्जुमा गर्न सहयोग पुऱ्याउने छ । यस अध्ययन आगामी दिनमा यस विषयमा अध्ययन अनुसन्धान गर्ने विद्यार्थीहरूका लागि सन्दर्भसामग्रीको रूपमा रहेको छ भन्ने विश्वासका साथ यो विषय छनोटको औचित्यलाई पुष्टि गर्दछ ।

## १.४ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनका उद्देश्यहरू निम्नअनुसार रहेका छन् :

क) गाउँ शिक्षा योजना निर्माणको अवस्था पहिचान गर्नु ।

ख) गाउँ शिक्षा योजना कार्यान्वयनको अवस्था पत्ता लगाउनु ।

ग) गाउँ शिक्षा योजनाको कार्यान्वयनमा देखापरेका समस्याहरू पत्ता लगाउनु ।

घ) गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन प्रक्रियालाई प्रभावकारी पार्ने उपायहरूको खोजी गर्नु ।

## १.५ अनुसन्धान प्रश्न

प्रस्तुत अध्ययनमा निम्नअनुसारका अनुसन्धान प्रश्नहरू राखिएको छ :

क) गाउँ शिक्षा योजना निर्माण प्रक्रियाको अवस्था के कस्तो छ ?

ख) गाउँ शिक्षा योजना निर्माण कार्यान्वयन प्रक्रिया कसरी भइरहेको छ ?

ग) गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा कस्ता-कस्ता समस्या देखापरेका छन् ?

घ) गाउँ शिक्षा योजना कार्यान्वयन तहमा देखापरेका समस्या समाधानका उपायहरू के के हुन सक्छन् ?

## १.६ अध्ययनको परिसीमा

प्रस्तुत शोधको निष्कर्ष सीमित स्रोत, साधन र समयको कारणले पूर्ण विश्वसनीय र वैध नहुन सक्छ। त्यसैकारण यो अध्ययनको निष्कर्ष अन्य क्षेत्रमा सामान्यीकरण नहुन पनि सक्छ । मोरङ जिल्ला अन्तर्गतका गाविसहरूबाट गाउँ शिक्षा योजना निर्माण गरी सञ्चालन भएका गाविसहरूमध्येबाट श्री कटहरी गाविस, श्री अमरदह गाविस र श्री लेटाङ गाविसलाई लक्षित गरेर अध्ययनको क्षेत्र कायम गरिएको छ भने अध्ययनका साधनका रूपमा प्रश्नावली, अवलोकन फाराम तथा असंरचित अन्तर्वार्ताको प्रयोग गरिएको छ र अधययनको

उत्तरदाताका रूपमा गाविस सचिवहरू, प्रअहरू, वि.व्य.स.का अध्यक्षहरू, सामाजिक कार्यकर्ताहरू तथा शिक्षकहरूलाई लिइएको छ ।

## १.७ मुख्य शब्दावलीको परिभाषा

योजनाः योजना भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि, निर्दिष्ट कार्यक्रम सहित, निश्चित समयमा पूरा गर्ने गरी पूर्वरूपमा तयार गरिएको कार्यक्रमको खाका ।

गाउँ शिक्षा योजनाः गाउँ शिक्षा योजना राज्य सञ्चालनको तल्लो प्रशासकीय निकाय, गाविसको सक्रियतामा त्यस निकाय सेवा क्षेत्रको सामाजिक सेवा विकास अन्तर्गत शिक्षा विकासका लागि तयार गरी कार्यान्वयन गरिएको शिक्षा योजना ।

कार्यान्वयनः कार्यान्वयन भन्नाले योजनाले तय गरेका उद्देश्य हासिल गर्ने प्रक्रियामा कुन हदसम्म र कस्तो गुणात्मक क्रियाशीलतामा उक्त प्रक्रिया सञ्चालन प्रक्रिया ।

## परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

यस परिच्छेदमा सम्बन्धित शोध अध्ययनसँग मेल खाने लेख, रचना, कृति, शोधपत्रहरूलाई साहित्यको पुनरावलोकनको रूपमा र विकेन्द्रिकरणको सिद्धान्त र व्यवस्थापनसँग सम्बन्धित बटम अपको विकेन्द्रित धारणालाई सैद्धान्तिक खाकाका रूपमा प्रयोगमा ल्याइएको छ ।

### २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

हाम्रो देशका आम नागरिक विशेषगरी सुविधाविहीन शैक्षिक, आर्थिक तथा सामाजिक रूपले पिछडिएको वर्ग समेतलाई गुणस्तरीय शिक्षाको पहुँच उपलब्ध गराई मूल प्रवाहीकरण गर्ने उद्देश्यले यसभन्दा अगाडि पनि विभिन्न दृष्टिकोणअनुसार धेरै अनुसन्धानहरू भएको पाइन्छ । सबै नगारिकले विना भेदभाव शिक्षा ग्रहण गर्न गराउन पाउनुपर्ने अवसर मौलिक हकका रूपमा राज्यले नै प्रत्याभूति गरेको सन्दर्भमा नेपालको अन्तरिम संविधान २०७२ को भाग ३ को मौलिक हक अन्तर्गत धारा ३१ मा “शिक्षा सम्बन्धी हक” स्थापित गरेको देखिन्छ । यसरी प्रत्याभूत गरिएको हकलाई जनस्तरसम्म उपयोग गर्न, गराउन पाउने वातावरण र प्रक्रिया निर्माणका लागि सरकारी तहबाट नीति नियम, ऐन कानुनको तर्जुमा र तिनको प्रयोग गर्ने उद्देश्यले स्थानीय स्वायत शासन ऐन, २०५५ लाई क्रियाशील बनाएको अवस्था विद्यमान छ । जसमार्फत शिक्षाको विकेन्द्रीकरणमा टेवा पुग्ने विश्वास लिइन्छ । त्यस ऐनको प्रस्तावनाको तेश्रो बुँदामा योजनाहरूको तर्जुमा र सञ्चालन गर्न आवश्यक जिम्मेवारी र अधिकार स्थानीयस्तरमा नै प्रदान गरी जवाफदेहिता बहन गर्न सक्ने स्थानीय निकायहरूको संस्थागत विकास गर्ने उल्लेख छ । त्रिभूवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय एम.एड. दोस्रो वर्षमा अध्ययन गर्ने विद्यार्थीहरूले पनि शैक्षिक विकेन्द्रीकरणको निरूपण गर्नु स्थानीय तहका सम्बन्धित गाविस, नगरपालिका आदिको पहल र सक्रियतामा विद्यालयहरूको समन्वय समेत उपयोग गरी शिक्षा योजना निर्माण र त्यसको कार्यान्वयन गर्ने गराउने उद्देश्यले “गाउँ शिक्षा योजना निर्माणको प्रक्रियालाई सघाउने” विद्यालय सुधार योजनासम्बन्धी अनुसन्धानात्मक शोध पत्र तयार गरेर प्रस्तुत गरेको पाइयो । तलबाट माथि योजना निर्माण कार्यान्वयन तथा योजनाको लेखाजोखा गर्ने जिम्मेवारी स्थानीय तहका उपभोक्ताहरूलाई सुम्पिएर सहभागीमूलक नेतृत्व विकासमा जोड दिइएको छ । यसबाट स्थानीय तहमा निर्माण र कार्यान्वयन गरिने योजनाको प्रभावकारितामा सकारात्मक प्रभाव पार्दछ । विकेन्द्रिकरणको अवधारणालाई बलियो बनाउँछ ।

हुमागाई, (२०६२) ले शोध शीर्षक “काठमाडौं जिल्ला चपली श्रोतकेन्द्रको विद्यालय सुधार योजनाको सफल कार्यान्वयनमा प्रभाव पार्ने तत्वहरू” नामक गरेको शोध अध्ययनमा विषयको शोधपत्रको शोध सारांशले पनि शैक्षिक विकेन्द्रीकरणको निरूपणको लागि स्थानीय स्वायत शासनको मर्म अनुसार तलदेखि माथि उठेको योजनाद्वारा नै स्थानीय सरोकारवालाहरूमा जिम्मेवारी बहन गर्ने गरी उनीहरूकै सक्रियतामा पारदर्शी ढङ्गले अपनत्व जगाउन सकिने योजनाहरू निर्माण गर्ने प्रयास स्वरूप “विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन” को थालनी गरिएको हो भनी उल्लेख गरेको पाइयो ।

यसैगरी सन् २०१५ सम्म सबैका लागि शिक्षा पुऱ्याउने नेपाल सरकारको राष्ट्रिय र अन्तराष्ट्रिय प्रतिबद्धतालाई साकार पार्न पनि विकेन्द्रित शिक्षा योजना नै राम्रो विकल्पको रूपमा रहेको तथ्य “नेपालमा शिक्षा योजना, शिक्षा विभाग, (२०६४), का अनुसार शिक्षामा सबैको पहुँच, समान सहभागिता, लैङ्गिक तथा सामाजिक भेदभावरहित अवसर, सक्षम विद्यालय व्यवस्थापन, गुणस्तरीय तथा प्रभावकारी शिक्षाको सुनिश्चितताका लागि गाउँ, नगर तथा विद्यालय जस्ता विभिन्न तहमा शिक्षा योजना निर्माण गर्नु पर्ने आजको प्रमुख आवश्यकता हो भन्ने उल्लेख छ। यद्यपि राजनैतिक अस्थिरता, स्थानीय निकायहरू निर्वाचित प्रतिनिधि विहिन भएको तथ्य, कर्मचारीको भरमा स्थानीय निकाय अस्तित्वमा भएको अवस्था, योजनाहरू कर्मचारीले तयार पारेको ढाँचाको रूपमा मात्र रहने तितो सत्य, श्रोत साधनको बाँडफाँडमा केन्द्रियतहले घूमाउरो रूपमा गर्ने नियन्त्रणको अवस्थाले साँचो अर्थको विकेन्द्रीकरण सिद्धान्त अनुसार कार्यान्वयनको अवस्थामा कठिनाई भएको पाइन्छ ।

उपाध्याय (२०६३), का अनुसार शिक्षा योजना निर्माण र यसको कार्यान्वयनको सवालमा विकेन्द्रीकरणको महत्व साथै यसमा उत्पन्न हुन सक्ने समस्यालाई केलाउँदै लेखेका छन् । सहभागिताको आवश्यकता, न्यायिक सहभागिताको आवश्यकताको अर्थपक्षीय आवश्यकता, कार्यान्वयन, उत्पादन र उपभोगमा सहभागिताको आवश्यकतारु विकेन्द्रीकरण अवधारणा अनुसार योजना निर्माण गरेर यसको कार्यान्वयन प्रक्रियामा सफलता प्राप्त हुनमा गुणात्मक प्रभावकारिता देखिन नसक्नुमा केही समस्याहरू छन् ।

यस प्रसङ्गमा उनका अनुसार परम्परावादी दृष्टिकोण र धारणामा परिवर्तन ल्याउन कठिनाई, सामाजिक समावेशीकरण र समावेशीय प्रजातन्त्रको समस्या, ओजस्वी अधिकारको सम्भावना, स्रोतसाधन, जनशक्ति र शक्ति पृथकीकरणमा असन्तुलन, पारदर्शीताको कमी,

गुणस्तरको कमी, विश्वव्यापीकरणको मर्मलाई ववास्ता आदि यी र यस्ता समस्याहरू छन् तापनि फराकिलो सोचाई तर गराइमा स्थानीय मर्मको धाराणाबाट सहभागिता कार्यान्वयन, उपभोग तथा उत्पादनमा स्थानीयकरण गरी सामाजिक विकास गर्न सकिन्छ भन्ने आशय उक्त लेखमा रहेको पाइन्छ ।

## २.२ सैद्धान्तिक खाका

कुनै पनि अध्ययनलाई पूरा गर्न एक निश्चित सैद्धान्तिक खाकालाई आधार बनाउनु पर्दछ । निश्चय पनि सिद्धान्तको आडमा मात्र अध्ययन सम्भव छ । यहाँ 'गाउँ शिक्षा योजनाको निर्माण र कार्यान्वयनको अवस्था' विषयक अध्ययनलाई अघि बढाउन 'विकेन्द्रीकरणको सिद्धान्त' र व्यवस्थापनसँग सम्बन्धित "बटम अप"को विकेन्द्रीत धारणालाई आत्मसात गरिएको गरिएको छ ।

नेपालको वर्तमानमा रहेको राजनैतिक विभाजन अनुसार शासकीय स्वरूप केन्द्रिकृत भएकाले नीति निर्माण तहमा र विकास निर्माणका कार्यहरूमा स्थानीय निकाय सेवा क्षेत्रका आमनागरिकहरूको पहुँच तथा सहभागिता प्रभावहीन रहेको छ । नीति तथा योजना निर्माण र कार्यान्वयन गर्ने गराउने हिसाबले शासक र शासित वर्गको सिर्जना भएर तल्लो तहका सरोकारवालाहरूमा विकास निर्माण कार्यमा आ-आफ्ना माग र आवश्यकताहरू समेत सम्बोधित हुने विकेन्द्रीकरणको अवधारणा बढ्दो रूपमा उदाएको छ । साँचो अर्थमा व्यवस्थालाई विकेन्द्रीकरण भनेको नागरिक समाजको सहभागितामा आवश्यकताको पहिचानको तहदेखि कार्य सम्पन्न गर्न, गराउने व्यवस्थालाई विकेन्द्रीकरण भन्न सकिन्छ । अर्को अर्थमा केन्द्रीय सरकारबाट जिम्मेवारी अकिार र निर्णय लिन सक्ने प्रावधान स्थानीय निकायमा रूपान्तरण गर्ने प्रक्रिया भन्ने बुझिन्छ । विकेन्द्रीकरणका अवस्थाहरू अन्तर्गत निरूपण (डिभोलुसन) नै वास्तविक विकेन्द्रीकरणको अवस्था हो । अतः विकेन्द्रीकरण भन्नाले केन्द्रमा रहेको अधिकार, स्रोत, साधन र जवाफदेहिता स्थानीय स्तरमा निरूपण गर्नु हो वा सुम्पनु हो (काफ्ले र साथीहरू, २०६४) ।

त्यसैगरी जनसहभागिता, जनशक्तिकरण, सुशासन, कानुनी शासन, पारदर्शिता, जवाफदेहिता आदि विकेन्द्रीकरणका सैद्धान्तिक आधार हुन् । यिनकै जगमा शिक्षा व्यवस्थापनमा तलबाट माथितिर साधन, स्रोत, अधिकार र निर्णय प्रक्रियाको उपयोगमा अपनाइने कार्यदिशा हो ।

विकेन्द्रीयकरणको अवधारणा अनुरूप शिक्षा सामुदायिक सहभागिताको आवश्यकतालाई पुष्टि गर्ने क्रममा (गोविन्द, २०००) ले निर्णय प्रक्रियामा विद्यालयलाई स्वायत्तता दिनुपर्दछ भन्दै भनेका छन् विद्यालय व्यवस्थापनका लागि विद्यालय शिक्षा र त्यसको आधिकारिताका सवालमा स्थानीय सदस्यहरू नै अन्तिम सेवाग्राही हुन्छन् (इप्प्यान जर्नल, २००८) ।

यस प्रकार सरकार र समुदायका बीचमा एउटा यस्तो सुमधुर वातावरण सिर्जना होस् जसबाट स्थानीय सरोकारवालाहरूका मनमस्तिष्कमा योजनाप्रतिको निर्णय क्षमता अभिवृद्धिबाट अपनत्व र उत्तरदायित्वको भावना विकसित भई सरकार र स्थानीय सेवाग्राहीका बीचमा साझेदारका साथै सहकार्यको वातावरण स्थापित हुन्छ ।

यसै प्रसङ्गमा (मेगीन र वेल्स १९९९) ले शिक्षामा विकेन्द्रीकरणको उद्देश्यलाई स्पष्ट पार्दै भनेका छन्, शिक्षा विकासमा सरकारको दायित्व समाप्त भयो भन्ने अर्थ विकेन्द्रीकरणको आशय होइन बरु उक्त मुद्दालाई सम्बोधन गर्ने सवालमा निर्णय लिने क्षमता, स्रोत परिचालन र उत्तरदायित्व बहनको हिसाबमा पहिलो र प्रमुख दायित्व स्थानीय समुदायको हुनुपर्दछ भन्ने हो ।

## २.३ पुनरावलोकनको उपादेयता


प्रस्तुत अध्ययनका लागि छनोट गरिएको विषय “गाउँ शिक्षा योजनाको निर्माण र कार्यान्वयन”लाई विकेन्द्रीकरण सिद्धान्तको सैद्धान्तिक ढाँचालाई आधार मानेर अध्ययनलाई अगाडि बढाउन खोजिएको छ। अन्य सामाजिक पक्षको विकास निर्माण कार्य जस्तै शिक्षासँग सम्बन्धित योजनाहरू निर्माणमा उक्त सैद्धान्तिक खाकालाई उपयोगी मानिन्छ। विकासोन्मुख मुलुकका धेरैजसो मानिसहरू गाउँ क्षेत्रमा बसोबास गर्दछन् र उनीहरूका आवश्यकता र चाहनालाई केन्द्रीय योजनाले सम्बोधन गर्न सकिरहेको हुँदैन ।

यस्तो अवस्थामा सामाजिक विकास असन्तुलित हुन गई समाजमा द्वन्द्वको स्थिति उत्पन्न हुन्छ। त्यसैले स्थानीय सरोकारवालाहरूकै सहभागितामा जवाफदेहिता समेत वहन गर्ने गरी योजना निर्माण गर्ने गराउने परिपाटी बसाल्दा मात्र अपनत्वको भावना उत्पन्न भई द्वन्द्व सिर्जनाको स्थिति आउन नसक्ने विश्वास गरिन्छ। त्यही कारणले सामाजिक विकास निर्माणका योजनाहरू तयार गरेर त्यसको कार्यान्वयन गर्न विकेन्द्रीकरणको सिद्धान्त उपयोगी हुन जान्छ ।

यद्यपि उल्लेखित अध्ययनको विषयसँग सम्बन्धित सिद्धान्तहरूले सैद्धान्तिक रूपमा देश, काल, परिस्थिति अनुकूल यो विषयमा पूर्ण रूपले खोजी गर्न नसकेको हुँदा यो अध्ययनको समयमा योजनाले राखेका उद्देश्य अनुरूप कार्यान्वयन प्रक्रियामा उत्पन्न समस्याहरू न्यूनिकरण गर्न विकेन्द्रीकरण सिद्धान्त र स्थानीय योजनाको सिद्धान्त उपयोगी हुनेछ। कार्यान्वयन गराउँदा सरोकारवाला स्वयंलाई योजना बनाउन तथा लागु गर्न सक्ने सक्षमता बढाउन जनसशक्तिकरण कार्ययोजना सफल नभएको वा योजनाहरू सफल नभएको यथार्थ पनि छदै छ। विकेन्द्रीकरण सिद्धान्त अनुसार समस्या र आवश्यकताको पहिचान तथा विश्लेषण सहित समावेशी शिक्षामा पहुँच बढाउने जस्ता नवीन धारणाअनुसार गाउँ शिक्षा योजना निर्माण गरिएको हुन्छ। योजना कार्यान्वयनबाट बालबालिकाको प्राथमिक शिक्षामा प्रभावकारी पहुँच पुऱ्याउनु नै गाउँ योजनाको मूल उद्देश्य हो।

## २.४ अवधारणात्मक खाका

शिक्षा ऐन २०२८ (आठौं संशोधन, २०७३) को दफा ११ को ८ मा गाउँ शिक्षा तथा नगर शिक्षा समितिको व्यवस्था गरिएको छ। गाउँ शिक्षा समितिको गठनको कार्यविधि अनुसार गाउँस्तरमा शैक्षिक विकासका लागि शिक्षक सरोकारवाला निकायले अधिकार प्रत्यायोजन गरी जवाफदेही बनाइएको छ। गाउँ शिक्षा समितिले गाउँ शिक्षा योजना तर्जुमा गरी त्यसलाई गाउँ विकास समितिको योजनाको एउटा अङ्गका रूपमा ग्रहण गरी बजेटको व्यवस्था गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने हुन्छ। योजना निर्माण र कार्यान्वयनका लागि विकेन्द्रीकरणको सिद्धान्तको मर्म अनुसार स्थापित तहका सरोकारवालाहरूको सहभागिता जवाफदेहिता तथा अपनत्वको अवस्थाले योजनाको कार्यान्वयनमा प्रभाव पार्दछ।




गाउँ शिक्षा योजना निर्माण तथा योजनाको सफल कार्यान्वयनका लागि माथि उल्लेखित सरोकारवाला पक्षहरूसँगको सहकार्य समन्वयले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। विद्यालयहरूले निर्माण गर्ने विद्यालय सुधार योजनाले गाउँ शिक्षा योजना निर्माणका लागि आधार प्रदान गर्दछ। सामुदायिक अध्ययन केन्द्रहरूले सञ्चालन गरेका शैक्षिक कार्यक्रमहरूलाई योजनासँग जोडेर लैजाँदा कार्यक्रम कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि हुन्छ। त्यस्तै गरी योजना निर्माणको तहदेखि कार्यान्वयन तथा अनुगमनको तहसम्म स्रोतसाधनको व्यवस्थाका साथै प्राविधिक सहयोगका लागि जि.शि.अ.महिला तथा बालबालिकाका क्षेत्रमा काम गर्ने संघसंस्था, स्थानीय संघसंस्था, क्लवहरूको सक्रिय सहभागिताको खाँचो हुन्छ। स्थानीय तहका राजनीतिक दलहरूको सकारात्मक दृष्टिकोणले योजना कार्यान्वयनको तहमा आइपर्ने अवरोधहरूलाई निरूपण गर्न सहयोग पुग्छ। यस प्रकार स्थानीयस्तरमा देखिएका शैक्षिक समस्याहरूको पहिचान गर्ने, विश्लेषण गर्ने र समस्या समाधानका उपायहरू खोजी सबैलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्न योजनासँग सरोकार राख्ने पक्षको सहभागिता, समन्वय र सहकार्यको आवश्यकता पर्दछ।

## परिच्छेद तीन : अध्ययन विधि र प्रक्रिया

### ३.१ अनुसन्धान ढाँचा

अनुसन्धानको उद्देश्य पूरा गर्ने मनसायबाट त्यससँग सम्बन्धित विस्तृत योजना अनुसन्धानकर्ताले निर्माण गर्दछ, जसलाई अनुसन्धानको ढाँचा भन्न सकिन्छ। तसर्थ अनुसन्धानका लागि तयार पारिने त्यस्तै योजना र पूर्व निर्धारिण स्वरूपलाई अनुसन्धान ढाँचा भनिन्छ। यस अध्ययन कार्यका लागि सङ्कलित तथ्याङ्कको विश्लेषण गुणात्मक र परिमाणात्मक दुवै तरिकाले व्याख्या गरिएको छ। त्यसैले यो अध्ययन गुणात्मक ढाँचामा आधारित भन्न सकिन्छ।

### ३.२ जनसङ्ख्या र नमुना

मोरङ जिल्लाको ६५ गाविसमध्ये तीनवटा गाविस र त्यसभित्र पर्ने २७ वटा विद्यालयलाई जनसंख्याको रूपमा लिइएको छ। त्यसैगरी २७ वटा विद्यालयका प्रधानाध्यापक, वि.व्य.स.का अध्यक्षहरू तथा शिक्षकहरूलाई जनसंख्याको रूपमा लिइएको छ। ३ वटा गाविसका ३ जना गाविस सचिव, गाविसभित्र रहेका ६ वटा विद्यालयका प्रधानाध्यापक, ६ वटा विद्यालयका वि.व्य.स. अध्यक्षहरू, ६ वटा विद्यालयका १२ जना शिक्षक तथा ३ वटा गाविसका १।१ जनाका दरले ३ जना सामाजिक कार्यकर्तालाई नमुनाको रूपमा लिइएको छ।

### नमुना छनोट विधि

अध्ययनका लागि लिइएको नमुना आकारलाई छनोट गर्दा सुविधाजनक नमुना र उद्देश्यमूलक नमुना छनोट विधि अपनाइएको छ। नमुना छनौट विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.सं. | विवरण | जनसङ्ख्या | नमुना | नमुना छनौट विधि |
|---|---|---|---|---|
| १. | गाविस | ६५ | ३ | सुविधाजनक |
| २. | विद्यालय | २७ | ६ | उद्देश्यमूलक |
| ३. | प्रधानाध्यापक | २७ | ६ | उद्देश्यमूलक |
| ४. | गाविस सचिव | | ३ | उद्देश्यमूलक |
| ५. | वि.व्य.स. अध्यक्ष | २७ | ६ | उद्देश्यमूलक |
| ६. | शिक्षक | | १२ | उद्देश्यमूलक |
| ७. | सामाजिक कार्यकर्ता | | ३ | उद्देश्यमूलक |
| जम्मा | | १४६ | ३९ | |

### ३.३ तथ्याङ्क सङ्कलनका साधन र विधि

यस शोधकार्यका लागि साधनका रूपमा, प्रश्नावली अवलोकन फारामको माध्यमबाट तथ्यांक संकलन गरिएको छ । संरचित अन्तर्वार्ता, प्रश्नावली तथा अवलोकनलाई विधिको रूपमा प्रयोग गरिएको छ । तथ्याङ्क सङ्कलनका क्रममा नमुना छनोटमा परेका उत्तरदाता, गाविस सचिव, वि.व्य.स. अध्यक्ष, प्र.अ., स्रोतव्यक्ति, विद्यालय निरीक्षकसँगको अन्तर्वार्ता प्रतिक्रिया, प्रश्नावली प्रतिक्रियाका आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ ।

**क) प्रश्नावलीः** यस अध्ययनका लागि नमुना छनौटमा परेका गाविस सचिव, वि.व्य.स. अध्यक्ष, प्र.अ.हरू, स्रोतव्यक्ति, निरीक्षक, शिक्षक तथा सामाजिक कार्यकर्ताहरूको गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनको अवस्थाका सम्बन्धमा धारणा पत्ता लगाउन अनुसूची १, २, ३, ४, ५ बमोजिम प्रश्नावलीको प्रयोग गरिएको छ ।

**ख) अन्तर्वार्ताः** गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनको अवस्थालाई नजिकबाट उपयोग गरिरहेका शिक्षा सरोकारवालाहरूसँग शोधकर्ताले प्रत्यक्ष भेटघाट गरी योजना सम्बन्धमा आ-आफ्नो राय बुझ्न असंरचित अन्तर्वार्ता लिएको छ ।

**ग) अवलोकनः** गाविसले निर्माण गरी कार्यान्वयनमा ल्याएको गाउँ शिक्षा योजनासँग सम्बन्धित उपलब्धि र आइपरेका समस्याहरू समाधानको उपाय पत्ता लगाउन आवश्यकताअनुसार लिखित दस्तावेजहरू र सेवा क्षेत्रको अवलोकन गरिएको छ । अवलोकन फाराम अनुसुची ६ मा दिइएको छ ।

### ३.४ तथ्याङ्कको स्रोत

तथ्याङ्कका स्रोतलाई प्राथमिक र द्वितीयक गरी दुई भागमा विभाजन गरिएको छ ।

#### ३.४.१ प्राथमिक स्रोत

प्रश्नावली फारम तथा अन्तर्वार्ता अथवा शोधकर्ता स्वयंको संलग्नतामा सम्बन्धित स्थानमा आफैँ उपस्थित भई तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.४.२ द्वितीय स्रोत

नमुना छनोटमा परेका विद्यालयहरूको अभिलेख प्रतिवेदन, विभिन्न पुस्तक पत्रपत्रिका, गाविस स्तरीय गाउँ शिक्षा समिति आदिको निर्णयबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

प्रत्यक्ष रूपमा शोधकर्ता आफै उपस्थित भई प्रश्नावली भराई, असंरचित अन्तर्वार्ता सञ्चालन तथा अवलोकन गरी तथ्याङ्क सङ्कलन प्रक्रिया पूरा गरेको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण विधि

उपयुक्त तथ्याङ्क सङ्कलनका साधनहरू र विधिहरूबाट प्राप्त तथ्याङ्कहरूलाई विश्लेषणका लागि तालिकीकरण र प्रतिशतको आधारमा तथ्याङ्कको गुणात्मक र परिमाणात्मक व्याख्या विश्लेषण गरिएको छ ।

अध्ययनबाट प्राप्त सूचना तथा तथ्याङ्कहरूलाई उद्देश्यअनुरूप विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा प्रस्तुत गरिएको छ ।

# परिच्छेद चार : नतिजाको छलफल

यस अध्यननको उद्देश्य पूर्तिको लागि विभिन्न साधनहरूको प्रयोग गरी प्राप्त हुन आएका तथ्य र तथ्याङ्कहरूलाई विभिन्न शीर्षक उपशीर्षकहरूमा विभाजन गरी व्याख्या तथा विश्लेषण गरिएको छ । जसको विस्तृत चर्चा निम्नानुसार छ :

## ४.१ गाउँ शिक्षा योजना निर्माणको अवस्था

अध्ययन गरिएका ३ वटा गाविसहरूमा रहेको गाउँ शिक्षा योजना निर्माणको अवस्थालाई यहाँ प्रस्तुत गरिएको छ ।

### ४.१.१ कटहरी गाविसमा गाउँ शिक्षा योजनाको अवस्था

श्री आदर्श कटहरी गाविसमा पर्ने सामुदायिक विद्यालय जाने उमेर समूहका बालबालिकाहरूको प्राथमिक तहको शिक्षाको सुनिश्चितता प्रदान गर्न, विभिन्न कारणले विद्यालयमा प्रवेश गर्न नसकेका पुरुष तथा महिलाहरूलाई जीवन निर्वाह गर्नका लागि आवश्यक पर्ने ज्ञान तथा सीप दिनका लागि यस गाविस अन्तर्गतका स्थानीय सरोकारवालाहरूको सहभागिता र यस गाविसको पहलमा स्थानीय आवश्यकताको पहिचान गरी आगामी पाँच वर्षभित्रमा गाउँ शिक्षा समिति अन्तर्गतको शिक्षा कस्तो बनाउने र के कसरी ती लक्ष्यहरू प्राप्त गर्ने, लक्ष्य प्राप्तिका लागि के कस्तो कार्यक्रम सञ्चालन गर्ने, स्रोतहरू कसरी जुटाउने, कार्यान्वयन र अनुगमन कसरी गर्ने जस्ता पक्षहरू समावेश गरी गाउँ शिक्षा योजना निर्माण भएको छ । यसका साथै योजना कार्यान्वयन समेत भएको छ ।

गाउँ शिक्षा योजना निर्माणको सुरुवातमा कटहरी गाविसले स्पष्ट दृष्टिकोण बनाएको छ । जसअनुसार समुदायका बालबालिकाहरूलाई असल नागरिकका रूपमा जीवनयापन गर्न सक्ने बनाउन, सिकाइ उपलब्धिमा गुणात्मक सुधार ल्याउन स्थानीय सरोकारवालाहरूको सक्रिय सहभागिता एवम् संलग्नतामा वृद्धि गर्ने ।

विद्यालयलाई सामुदायिक विकास केन्द्रको थलोका रूपमा विकास गर्न व्यवस्थापन पक्षको सुदृढिकरण गर्ने रहेको छ। उक्त गाविसले निर्माण गरेको गाउँ शिक्षा योजनाका उद्देश्यहरूको अध्ययन गर्दा सबैका लागि शिक्षा कार्यक्रमलाई सफल तुल्याउने उद्देश्य साथ आफ्नो गाविस सेवा क्षेत्रभित्रका विद्यालय जाने उमेरका सबै बालबालिकाहरूलाई प्राथमिक

शिक्षा अनिवार्य निःशुल्क र सर्वसुलभ बनाउने विद्यालयमा बालबालिका भर्ना भएपछि कक्षा वा तह पूरा नगरी विद्यालय छाड्ने प्रवृत्तिले गर्दा शैक्षिक क्षति भएको छ। त्यसैले शैक्षिक क्षति कम गर्न विद्यार्थी टिकाउनका लागि सरोकारवाला निकाय तथा व्यक्तिहरूसँग समन्वय र सहकार्य गरी कक्षा छाड्ने प्रवृत्तिलाई न्यूनिकरण गर्दै शैक्षिक क्षति कम गर्न गर्ने उद्देश्य राखेको छ ? गाविसले आफ्नो सेवा क्षेत्रभित्रका शैक्षिक संस्थाहरूको नेतृत्व लिई गाविस र विद्यालयबीचको सम्बन्धलाई सुमधुर पारेर स्वच्छ शैक्षिक वातावरण निर्माण गर्ने कुरामा जोड दिएको छ।? गाविस सबैभन्दा तल्लो तह स्थानीय निकाय भएको र यसले आफ्नो सेवा क्षेत्रभित्र विकास निर्माणका कार्यहरूको अगुवा संस्थाको रूपमा विकास गरी सामाजिक परिवर्तनको बाहकको रूपमा भूमिका निर्वाह गर्न सक्षम हुनुपर्दछ। शिक्षाको स्वरूप समाजको माग र आवश्यकतामा आधारित हुने हुनाले विद्यालयहरू गुणस्तरीय शिक्षा उपलब्ध गराउन सरोकारवाला निकायसँग समन्वय गरी शिक्षकहरूलाई आवश्यक पर्ने तालिम दिई विद्यालयमा तालिम प्राप्त शिक्षकको व्यवस्था गर्नुपर्ने कुरामा जोड दिइएको छ। गाविसभित्रका सबै विद्यालयहरूको भौतिक पूर्वाधारहरू समान नरहेकाले पूर्वाधार निर्माणका हिसाबले कमजोर पूर्वाधार भएका विद्यालयहरूलाई भौतिक रूपले क्रमशः सम्पन्न गराउँदै जाने उद्देश्य राखिएको छ।

अध्ययन गरिएको कटहरी गाविसले गाउँ शिक्षा योजनाका लागि पहिचान गरेका प्रमुख आवश्यकताहरू वर्तमान अवस्थामा बालबालिकाहरूको विद्यालय छाड्ने दर बढ्दै गएको कारण शैक्षिक क्षति बढ्दै गएको तथा विद्यार्थीहरू विद्यालय नियमिततामा कमी भएकाले यसको प्रभाव सिकाइ उपलब्धिमा पर्ने हुनाले कक्षा छाड्ने प्रवृत्ति तथा विद्यार्थी अनियमिततालाई निरुत्साहित गर्नका लागि समुदायमा शैक्षिक जनचेतनाका कार्यक्रमहरू लैजानु आवश्यक छ। शिक्षक सिकाइ आधुनिक तथा शिक्षण सिकाइ विधि अवलम्बन गरेर प्रभावकारी कक्षा शिक्षणका लागि शिक्षकहरूलाई पुनर्ताजकी तालिमको व्यवस्थापन गर्नुपर्ने आवश्यकता सरोकारावालाहरूले औंल्याएका छन्। धेरै विद्यालयमा अझै पनि स्रोत र साधनको अभावले विद्यार्थी संस्था अनुपातमा खानेपानीको व्यवस्था हुन सकेको छैन र पिउने पानीको शुद्धतामा ध्यान पुग्न नसकेकाले विद्यालयमा विद्यार्थी संस्था अनुपातमा स्वच्छ पिउने पानीको व्यवस्था गर्नुपर्ने आवश्यकता देखिएको कुरा सामाजिक कार्यकर्ताहरू रहेको पाइन्छ। सामुदायिक विद्यालयमा पढ्न आउने अधिकांश बालबालिकाहरू सामाजिक तथा

आर्थिक रूपले पद्धति पारिएका परिवारबाट आउने हुनाले सरकारले दिने छात्रवृत्ति पर्याप्त छैन र विद्यार्थीहरूको हौसला बढाउन पुरस्कारको समेत व्यवस्था गर्नुपर्ने हुनलो गाविसले पनि गरिब तथा जेहेन्दार विद्यार्थीहरूका निमित छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने आवश्यकता देखिएको कुरा विद्यालय व्यवस्थापनका अध्यक्षहरूको रहेको छ। बालबालिकाहरूको चौतर्फी विकासका लागि अतिरिक्त क्रियाकलापको महत्वपूर्ण भूमिका रहने हुनाले वर्तमान अवस्थामा विद्यार्थी अतिरिक्त क्रियाकलापको अवस्था कमजोर रहेकाले विद्यालयले आफ्नो कार्ययोजनामा अतिरिक्त क्रियाकलापलार्य समावेश गर्नुपर्ने र गाविसले पनि आफ्नो गाविस क्षेत्रभित्र रहेका बालबालिकाहरूबीच अतिरिक्त क्रियाकलाप सञ्चालनको व्यवस्थापन गरी बालबालिका प्रक्रिया पहिचान गर्नु आवश्यक देखिन्छ। गाविसभित्रका विद्यालयहरूको आवश्यकता पहिचान गरी कक्षाकोठा अपुग भएका वा कमजोर भएका र फर्निचर अभाव भएका विद्यालयहरूमा भवन तथा फर्निचरको आवश्यकता परिपूर्ति गर्नुपर्ने कुरामा सरोकारवालाले जोड दिएका छन् ।

सामुदायिक विद्यालयप्रति अभिभावकहरूको विश्वास खस्कँदो अवस्थामा रहेकाले विद्यालयहरूले आफ्ना शैक्षिक, भौतिक तथा आर्थिक गतिविधिलाई पारदर्शी बनाउन कम्तीमा वर्षको एकपटक गाउँ अभिभावक भेला बोलाउनु पर्ने कुरा सम्बन्धित क्षेत्रका विद्यालय निरीक्षकले आवश्यकता औंल्याएका छन् ।

कटहरी गाविस गाउँ शिक्षा योजनाको कार्ययोजना निम्नअनुसार राखेको पाइयो। उक्त गाविसले स्पष्ट दृष्टिकोणका साथ आवश्यकताहरूको पहिचान गरेर गाउँ शिक्षा योजना निर्माणका उद्देश्यहरू तयार गरेको छ। उद्देश्य अनुरूप योजना निर्माण गर्दा आगामी पाँच वर्ष (२०६७-२०७१) सम्मको कार्ययोजना र रणनीति तयार गरेको छ। सो कार्ययोजना र रणनीतिलाई अनुसूची ७ मा समावेश गरिएको छ। अनुसूची ७ को तालिकालाई विश्लेषण गर्दा गाउँ शिक्षा योजनामा जम्मा २१ वटा कार्यक्रमहरू समावेश गरेको छ। ती कार्यक्रम के कसरी सम्पन्न गर्ने भनी रणनीति तय गर्नुको साथै कार्यक्रमको उपादेयता तथा जिम्मेवारी समेत तोकिएको छ। विद्यालय हातालाई स्वच्छ हराभरा बनाउन वृक्षारोपण तथा फूलबारी निर्माण गर्ने यसले विद्यालयको वातावरण रमाइलो भई शिक्षण सिकाइमा सहयोग पुग्ने कुरालाई उपलब्धिका रूपमा लिइएको छ। गाविस क्षेत्रभित्रका विद्यालयहरूको आवश्यकता हेरी पूर्वाधार विकासका लागि भौतिक निर्माण तथा पुनर्निमाण गर्ने यसबाट

शैक्षिक वातावरण अनुकुल हुने कुरालाई उपलब्धिको रूपमा राखिएको छ। विद्यालयको आफ्नो आन्तरिक स्रोतलाई मजबुत बनाउन गाविसभित्रमा बजारसँग जोडिएका विद्यालयहरूमा सटर निर्माण गर्ने कार्यक्रम राखिएको छ। विद्यार्थी केन्द्रित शिक्षण विधि प्रयोग गर्न शिक्षकको क्षमता अभिवृद्धि गर्न गाविस अन्तर्गतका विद्यालयका शिक्षकहरूलाई तालिका गोष्ठी तथा अन्तरक्रिया गराउने गर्दा सिकाइ उपलब्धि वृद्धि गर्ने कुरालाई उपलब्धिको रूपमा लिइएको छ। विद्यार्थीको सिकाइ उपलब्धि शिक्षकको नियमिततासँग गाँसिने भएको औसत शिक्षक उपस्थिति वृद्धि गर्न आचार संहिता निर्माण गरिने कुरा कार्ययोजनामा उल्लेख गरिएको छ। विद्यालयहरूले आफ्नो सेवा क्षेत्रभित्र अभिभावक सचेतना वृद्धि गर्न शिक्षा विकासको कार्यमा जनसहभागिता अभिवृद्धि गर्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने कार्यक्रम राखिएको छ। विद्यालय नियमित सञ्चालन गर्न निर्धारित समयमा पठनपाठन कार्य सम्पन्न गर्न तथा अन्य कार्य सम्पन्न गर्नका लागि वार्षिक कार्ययोजना तथा वार्षिक कार्यतालिका निर्माण गर्न कार्यक्रम राखिएको छ। यसैगरी शैक्षिक सामी निर्माण गर्ने विषयगत समस्या समाधान गर्न शिक्षकबीच छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने, विद्यालय हाम्रो हो भन्ने भावनाको विकास गर्न विद्यालय समुदाय सम्बन्ध सुदृढ गर्ने, गरिब, जेहेन्दार, दलित विद्यार्थीलाई प्रोत्साहन स्वरूप छात्रवृत्ति तथा पुरस्कार वितरण गर्ने जस्ता सिकाइ उपलब्धि सुधार गर्न कार्यसँग सम्बन्धित शिक्षकलाई पुरस्कृत गर्ने कार्यक्रमहरू राखिएको छ। कार्यतालिका निर्माण गरेर अतिरिक्त क्रियाकलाप सञ्चालन गरी विद्यार्थीको प्रतिभा पहिचान गर्ने, खेलकुदलाई पाठ्यक्रमको अभिन्न अङ्गको रूपमा लिई खेलकुदका कार्यक्रम सञ्चालन गर्ने तथा विद्यालयका आर्थिक गतिवधिलाई पारदर्शी बनाउँदै अभिभावकको विद्यालयमा सक्रिय सहभागिता अभिवद्धि गर्न अभिभावक भेला गराई आयव्यय सार्वजनिक गर्ने जस्ता कार्यक्रमहरू समावेश गरिएको छ र यी प्रत्येक कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गर्न सरोकारवाला गाविस, प्रअ, वि.व्य.स., शि.अ.संघ, विद्यार्थी, शिक्षक, अभिभावक स्रोत व्यक्ति, वि.नि.लाई जिम्मेवारी समेत बाँडफाँड गरिएको छ।

निर्धारित कार्ययोजनाहरू गर्ने गराउने प्रयोजनमा गाविस आफ्नो पहलमा गाविसभित्र पर्ने विद्यालयका शिक्षक, विद्यार्थी, अभिभावक, गाउँ शिक्षा समिति, वि.व्य.स., पि.टि.ए. लाई

परिचालन गर्ने रणनीति बनाएको छ । यस्तै अन्य संघसंस्था तथा जि.शि.काको सहयोगमा कार्ययोजना निर्माण गरी सम्पन्न गर्ने नीति लिएको छ ।

यस प्रकारको रणनीति अनुसार कार्ययोजना निर्माण गरेर सफल कार्यान्वयनपछि प्राप्त हुने उपादेयतामध्ये योजनाको पारदर्शिता प्रदर्शन हुने अपेक्षा राखेको छ । त्यस्तै उद्देश्यहरू समयमा नै पूरा गर्न सहयोग पुगेर विद्यालय हाम्रो हो, भन्ने भावनाको विकास हुने कार्यक्रमले जनाएको छ ।

### ४.१.२ अमरदह गाविसमा गाउँ शिक्षा योजना निर्माणको अवस्था

श्री अमरदह गाविस अन्तर्गत रहेका सबै सामुदायिक विद्यालयहरूको पूर्वाधार विकास गर्न यस गाविस मा विद्यालय जाने उमेर समूहका सबै बालबालिकाहरूलाई प्राथमिक तहको शिक्षा पहुँचको सुनिश्चितता गर्ने । प्राथमिक तह पूरा गरेकाहरूलाई माध्यमिक तहको शिक्षा प्रदान गर्नका लागि गाविसमा नै एक उच्च मा.वि. स्थापना गर्ने । विभिन्न परिस्थितिले गर्दा विद्यालय शिक्षामा प्रवेश गर्न नसकेका महिला पुरुषलाई जीवन निर्वाह गर्नका लागि आवश्यक पर्ने ज्ञान, सीप दिनका लागि स्थानीय सरोकारवालाहरूको आवश्यकता पहिचान गरी यस गाविसले पाँच वर्षे गाउँ शिक्षा योजना निर्माण गरेको छ ।

आगामी पाँच वर्षभित्रमा सम्पन्न हुने शिक्षाको योजना कस्तो बनाउने, योजनाको रणनीति कस्तो अपनाउने, उद्देश्य प्राप्तिका लागि कार्यक्रम कार्ययोजना, स्रोतसाधनको व्यवस्था कसरी व्यवस्थापन गर्ने र अनुगम मूल्याङ्कन के कसरी गर्ने जस्ता पक्षहरू समावेश गरी बनाइएको योजना नै गाउँ शिक्षा योजना हो । उक्त गाविसले निर्माण गरेको गाउँ शिक्षा योजनाका उद्देश्यहरूको अध्ययन गर्दा विकेन्द्रीकरणको सिद्धान्तअनुसार राजनैतिक निकायको सबैभन्दा तल्लो तह गाविसलाई आफ्नो गाविस क्षेत्रमा आर्थिक, सामाजिक तथा शैक्षिक विकासलाई अधिकार प्रयोजन गरिएको हुनाले गाविसलाई सामुदायिक विकास केन्द्रका रूपमा विकास गर्नुपर्ने उद्देश्य गाउँ शिक्षा योजनाले रीखेको पाइयो । यसका साथै गाविसलाई सामाजिक परिवर्तनको बाहकको रूपमा विकास गर्ने भूमिका निर्वाह गर्न सक्ने क्षमता अभिवृद्धि गराउनुपर्ने कुरालाई उद्देश्यमा समाविष्ट गरिएको छ । विद्यालय समुदायबीचको सम्बन्ध सुदृढ गरी शैक्षिक क्षति न्यूनीकरणका लागि बीचैमा विद्यालय छाड्ने, कक्षा दोहोऱ्याउने तथा विद्यालय सेवा क्षेत्रभित्र रहेका बालबालिका जो विद्यालयको

पहुँचभन्दा बाहिर रहेका छन् त्यस्ता बालबालिकाहरूलाई स्थानीय सरोकारवाला संघसंस्थाहरूसँग विद्यालयले समन्वय गरी विद्यालय स्वागत कार्यक्रमको प्रभावकारिताबाट विद्यालय प्रवेश गराउने उद्देश्य योजनाको रहेको छ। शिक्षकहरूलाई विषयगत तालिमको व्यवस्थापन गर्ने तथा शिक्षकको कार्य सम्पादनको आधारमा मूल्याङ्कन गरी पेशाप्रति आकर्षण बढाउने कार्यमा पहल गर्ने गाविसको क्षेत्रभित्रको विद्यालयहरूलाई आवश्यकताको पहिचान गरी प्राथमिकता निर्धारण गरी भौतिक रूपमा सबल बनाउन आवश्यक सहयोग निरन्तर जारी राख्ने तथा स्थानीय तहमा शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा अनुगमन मूल्याङ्कन गर्ने, सिप तथा क्षमताको विकास गर्ने उद्देश्य गाउँ शिक्षा योजनाले राखेको छ।

अध्ययन गरिएको अमरदह गाविसले गाउँ शिक्षा योजनाका लागि पहिचान गरेका प्रमुख आवश्यकताको अध्ययन गर्दा गाविसभित्रका भौतिक पूर्वाधारका हिसाबले कमजोर रहेका विद्यालयहरूको संरचनाहरू मूल्यांकन गरी आवश्यकताका आधारमा पूर्वाधार विकास गर्नुपर्ने आवश्यकता रहेको कुरा गाविसका सचिवको रहेको छ। पाठ्यक्रम परिमार्जन वा परिवर्तन भएपछि शिक्षकलाई पाठ्यक्रम प्रवोधिकरणमा विद्यालयले सम्बन्धित विषय शिक्षकलाई अनिवार्य सहभागी गराउनुपर्ने, शिक्षकलाई तालिम र पुनर्ताजकी तालिमको व्यवस्था गरिनुपर्ने कुरालाई आवश्यकताको रूपमा राखिएको छ। विद्यालयले आफ्नो सवा क्षेत्रभित्रका स्थानीय स्रोतको पहिचान गरी स्रोत जुटाउने र गाविसले पनि थप छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने कुरा आवश्यकतामा उल्लेख गरिएको छ। आर्थिक रूपमा कमजोर विद्यालयहरूलाई गाविसको पहलमा सिकाइ सामाग्री तथा आवश्यक फर्निचरको व्यवस्था गरिनुपर्ने कुरालाई प्रमुख आवश्यकताका रूपमा उठाइएको छ। गाविस अन्तर्गतका प्रावि तहमा दरबन्दी संख्या न्यून रहेकाले दरबन्दी थपमा लागि गाविस.ले समेत पहल गरी दरबन्दीको आवश्यकता परिपूर्ति गर्नुपर्ने कुरा वि.व्य.स. अध्यक्षहरूले ठहर गरेका छन्। विद्यालयले समुदायको विश्वास जिती समुदायबाट सहयोग प्राप्त गर्न आफ्ना सेवा क्षेत्रभित्रका अभिभावकहरूलाई कम्तीमा वर्षको एकपटक भेला गराई विद्यालयको शैक्षिक, आर्थिक तथा भौतिक क्षेत्रका विषयवस्तुलाई जानकारी गराउनु आवश्यक हुने कुरा त्यस गाविसका सामाजिक कार्यकर्ताको रहेको छ।

गाउँ शिक्षा योजनाको कार्य योजना अन्तर्गत अमरदह गाविसले बनाएको गाउँ शिक्षा योजनाको स्पष्ट दृष्टिकोण अनुसार आगामी पाँच वर्ष (२०६७-२०७१) सम्मको कार्ययोजना

तथा रणनीति बनाएको छ। जसलाई अनुसूची ८ मा समावेश गरिएको छ। अनुसूचीमा समावेश गरिएको तालिकाको विश्लेषण गर्दा अमरदह गाउँ शिक्षा योजनामा ५ वर्षभित्रमा जम्मा १९ वटा कार्यक्रम सम्पन्न गर्ने देखिएको छ। साथै ती कार्यक्रम सम्पन्न गर्नका लागि गाविस, शिक्षक, विद्यार्थी, अभिभावक, समुदाय, वि.व्य.स., शि.अ.संघ, प्र.अ. तथा स्रोत व्यक्तिलाई कार्यक्रमको प्रवृत्तिअनुसार जिम्मेवारी ताकिएको छ। विशेष गरी प्रा.वि. तहका कक्षाहरूमा रमाइला रमाइला खेलका माध्यमबाट विदार्थी केन्द्रित विधि प्रयोग गरी कक्षा शिक्षण गर्ने यसकार्यका लागि शिक्षकलाई आवश्यक तालिमको व्यवस्था गर्ने जसले गर्दा सिकाइ उपलब्धि बृद्धि हुनुका साथै विद्यालय छाड्ने दर छाड्ने, विद्यार्थीको औसत उपस्थिति बढ्ने कुरालाई उपादेयतामा राखिएको छ। शिक्षक, विद्यार्थी, आचारसंहिता निर्माण गरी विद्यालयमा अनुशासन कायम गर्ने कुरालाई योजनाको रणनीति एवम् उपलब्धिमा राखिएको छ। सामुदायिक सचेतना वृद्धि गरी जनसहभागिता अभिवृद्धि गर्नका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, तहगत शिक्षक दरबन्दीको व्यवस्था प्रभावकारी सिकाइका लागि शैक्षिक सामग्रीको निर्माण र प्रयोगको व्यवस्था, छात्रहरूको विद्यालय उपस्थितिमा वृद्धि गर्न प्रोत्साहन स्वरूप स्थानीय संघ संस्थाहरूसँग समन्वय गरी छात्रवृत्ति वितरण गर्ने कुरालाई समावेश गरिएको छ। विद्यालयको स्वच्छ वातावरण निर्माण गर्न शिक्षक विद्यार्थी तथा अभिभावकको पहलमा विद्यालय हाताको सरसफाइ, विद्यालय समुदायको सम्बन्ध घनिभूत बनाउनका लागि अभिभावक भेला गर्ने विषयगत शिक्षक छलफल कार्यक्रम, अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने जस्ता अधिकांश शैक्षिक स्तर सुधारका कार्यक्रमहरूलाई योजनामा समावेश गरिएको छ।

योजनाले कार्यक्रम रणनीति, उपादेयता र जिम्मेवारी समेत स्पष्ट किटान गरेको छ। कार्यक्रम रणनीति अनुसार गाविस आफैँले आफ्ना पहलमा अभिभावक समुदाय, शिक्षक, वि.व्य.स. र गाविसलाई परिचालन गर्ने योजना निर्माण गरेको छ। त्यस्तै योजनाले जिम्मेवारीको हकमा गाविसआफू लगायत पि.टि.ए., वि.व्य.स., शिक्षक, स्रोतव्यक्ति, वि.नि.लाई समेत जिम्मेवारी तोकेर योजना निर्माण गरी कार्यान्वयनको रणनीति बनाएको छ।

### ४.१.३ लेटाङ गाविसमा गाउँ शिक्षा योजना निर्माणको अवस्था

लेटाङ गाविसले गाविसको पहलमा गाविस सेवा क्षेत्रभित्रका सरोकारवाला संघसंस्थाहरूसँग समन्वय र सहकार्य गरी गाविसभित्रका शिक्षा क्षेत्रमा देखिएका आवश्यकताहरूको पहिचान गरी आगामी ५ वर्षभित्रमा गाविस क्षेत्रको शैक्षिक अवस्थालाई कुन रूपमा विकास गर्ने लक्ष्य प्राप्तिका लागि के कस्ता कार्यक्रमहरू सञ्चालन गर्ने कार्यक्रम सम्पन्न गर्नका लागि कसरी स्रोत जुटाउने, परिचालन गर्ने, कार्यक्रमको कार्यान्वयन गर्ने तथा अनुगमन मूल्याङ्कन कसरी गर्ने जस्ता सबै पक्ष समावेश गरी गाउँ शिक्षा समितिको पहलमा सरोकारवाला स्थानीय संघसंस्थाहरूको सहकार्य र समन्वयमा गाउँ शिक्षा योजना निर्माण गरिएको छ ।

योजना निर्माणका क्रममा आवश्यकताको पहिचान गरी प्राथमिकीकरण समेत गरी कार्यक्रमहरू निर्धारण गरेको छ । लेटाङ गाविसमा पर्ने विद्यालय जाने उमेर समूहका सबै बालबालिकाहरूको आधारभूत अनिवार्य तथा निशुल्क शिक्षाको सुनिश्चितता प्रदान गर्ने, विभिन्न कारणले विद्यालय शिक्षाबाट बञ्चित भएका महिला, पुरुषलाई जीवनोपयोगी सीपमूलक शिक्षा प्रदान गर्ने, विद्यालयका भौतिक पूर्वाधारहरू सुदृढ गर्दै जाने, विद्यालयलाई बालमैत्री सिकाई उपलब्धि वृद्धि गर्न विद्यालयलाई सक्रिय सहभागिता गराई योजनाले गाविसका सबै उमेर समूहका व्यक्तिहरू साक्षर भई विद्यालय जाने उमेरका बालबालिकाहरूले गुणस्तरीय शिक्षा प्राप्त गरेका हुनेछन् भन्ने दुरदृष्टि समेत राखिएको छ ।

यस गाविसले निर्माण गरेका गाउँ शिक्षा योजनाका उद्देश्यलाई हेर्दा गाविस क्षेत्रका सम्पूर्ण बालबालिकालाई अनिवार्य आधारभूत निःशुल्क शिक्षामा पहुँच पुऱ्याउने उद्देशय गा.शि.यो.ले राखेको छ । गाविस क्षेत्रका आर्थिक, सामाजिक रूपमा कमजोर पृष्ठभूमि भएका परिवारबाट बालबालिका विद्यालयमा आउने हुँदा उनीरुको पारिवारिक समस्या तथा अभिभावकमा चेतनामा कमीका कारणले बीचैमा विद्यालय छाड्ने तथा कक्षा दोहोऱ्याउने कारणले पुग्न गएको शैक्षिक क्षतिलाई कम गर्न स्थानीय सरोकारवाला संघ संस्था गाविसको समन्वयमा सहकार्य गर्ने र विद्यालय र समुदायबीचको सम्बन्धीलाई सुदृढ बनाउने उद्देश्य गा.शि.यो.ले राखेको छ । प्रत्येक ३ वर्षमा विद्यालय व्यवस्थापन समितिको पदावधि समाप्त हुने हुँदा व्यवस्थापन समितिको व्यवस्थापकीय पक्ष सुदृढ गर्न विद्यालय व्यवस्थापन समितिको क्षमता

अभिवृद्धि गरी विद्यालयको व्यवस्थापकीय पक्ष निरन्तर सुधार गर्दै जाने उद्देश्य योजनाले राखेको छ । गाउँ शिक्षा योजना निर्माणको एउटा महत्वपूर्ण आधार विद्यालय सुधार योजना हो । त्यसैले विद्यालय सुधार योजनाको अद्यावधि गर्न र योजनाको कार्यान्वयनका लागि विद्यालयलाई आवश्यक सहयोग पुऱ्याउने र गाविस क्षेत्रका स्थानीय सामाजिक, सामुदायिक तथा वित्तीय संस्थाहरूलाई योजना कार्यान्वयनका लागि लगानी बढाउन उत्प्रेरित गर्ने उद्देश्य राखेको पाइयो ।

अध्ययन गरिएको लेटाङ गाविसले गाउँ शिक्षा योजनाका लागि पहिचान गरिएका प्रमुख आवश्यकताहरूको अध्ययन गर्दा शिक्षकलाई आधुनिक बालकेन्द्रित शिक्षण विधिको प्रयोग, कक्षाकोठामा गर्नका लागि शिक्षकलाई तालिम आवश्यक रहेको तथा विद्यालय व्यवस्थापन समितिलार्य विदालय सञ्चालनका लागि जे जति अधिकार दिइएको छ । सो को प्रयोग गरी विद्यालय सुचार रूपले सञ्चालन गर्नका लागि व्यवस्थापन समितिलाई पनि तालिम दिनु पर्छ भन्ने कुरामा यस गाविसका सामाजिक कार्यकर्ताले आवश्यकता औंल्याइएका छन् । सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना र भर्ना भएका विद्यार्थीलाई टिकाउनका लागि विद्यार्थी भर्ना अभियान तथा शैक्षिक जागरण कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गर्नुपर्ने आवश्यकतालाई अङ्गीकार गरिएको पाइयो । बालमैत्री सिकाइ, बालमैत्री संरचना यी दुई एक आपसमा अन्तर सम्बन्धित छ । त्यसैले विद्यार्थीको औसत उपस्थिति वृद्धि गर्न, विद्यालय छाड्ने प्रवृत्तिलाई न्यूनीकरण गर्न बालबालिकाको प्रतिभा उजागर गरी सिकाइ उपलब्धि वृद्धि गरी विद्यालय शैक्षिक गतिविधिमा सुधार गर्न विद्यालय संरचना र सिकाइलाई बालमैत्री बनाउनुपर्ने आवश्यकतालाई महत्व दिएको पाइयो । कमजोर आर्थिक अवस्थाका कारणले अभिभावकहरूले आफ्ना बालबालिकाहरूलाई नियमित रूपमा खाजाको व्यवस्था गर्न नसक्दा विद्यार्थीहरूका विद्यालय समयभरि कक्षाकोठामा नरहने समस्यालाई निराकरण गर्नका लागि विद्यार्थी खाजा कार्यक्रमका लागि स्थानीय संघसंस्थासँग पहल गर्नुपर्ने आवश्यकता ठानिएको पाइयो । योजना निर्माणका लागि आवश्यकताको पहिचान गर्ने क्रममा विद्यालय सेवाबाट बञ्चित भएकाहरूलाई वैकल्पिक विद्यालय कार्यक्रम सञ्चालन गर्नका लागि सम्बन्धित निकायमा पहल गर्नुपर्ने, विद्यालयमा स्वच्छ पिउने पानीको व्यवस्था गर्नुपर्ने तथा शिक्षकलाई आफ्नो पेशाप्रति जिम्मेवार बनाउन र विद्यार्थीलाई हौसला प्रदान गर्न पुरस्कारको व्यवस्था गर्नुपर्ने आवश्यकताको सामाजिक कार्यकर्ता तथा प्रअहरूले उजागर गरेका छन् ।

लेटाङ गाविसले बनाएको गाउँ शिक्षा योजनाका दुरदृष्टि सहितको स्पष्ट दृष्टिकोण अनुसार आगामी पाँच वर्ष (२०६७-२०७१) कार्ययोजना तथा रणनीति तय गरेको छ। यसलाई अनुसूची ९ मा समावेश गरिएको छ। सो अनुसूचीको तालिकालाई विश्लेषण गर्दा लेटाङ गाविसले ५ वर्षे गाउँ शिक्षा योजनामा २२ वटा कार्यक्रम एवं रणनीतिहरू समावेश गरेको छ। जसअनुसार विद्यालय भर्ना कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गर्ने समुदाय परिचालन गर्ने र विद्यालय जान उमेर पुगेका सेवा क्षेत्रभित्रका सबै बालबालिकाहरूलाई विद्यालयमा प्रवेश गराउने कार्यक्रम राखेको छ। कक्षा १ मा भर्नाका लागि पूर्व तयारी गर्न समुदयको सहभागितामा व्यवस्थापन समिति गठन गरी बाल विकास केन्द्र सञ्चालन गर्ने कार्यक्रम राखिएको छ। वि.व्य.स. तथा शिक्षकलाई तालिम दिई विद्यालयहरू बालमैत्री, भयरहित शिक्षा प्रदान गर्ने जसले गर्दा गुणस्तरीय शिक्षा प्रदान गर्न सकिने कुरालाई उपलब्धिको रूपमा राखिएको छ। शिक्षकलाई प्रोत्साहन गर्दा शिक्षणमा सक्रिय बन्ने, जिम्मेवारी बोध हुने जसले सिकाइ उपलब्धि वृद्धिमा योगदान पुग्ने हुँदा उच्चतम सिकाइ उपलब्धि प्राप्त गर्न सफल गाविसभित्र शिक्षकहरूमध्येबाट पुरस्कृत गर्ने कार्यक्रम राखिएको छ। अभिभावकसँग विद्यालय कार्यक्रम सञ्चालनबाट विद्यालयमा समुदायको सहभागिता अभिवृद्धि हुने अपेक्षित उपलब्धिको रूपमा लिइएको छ। विद्यालयलाई सुचारु रूपले सञ्चालन गर्न जिम्मेवारी बोध गराउन वि.व्य.स. तथा शि.अ.संघलाई तालिम दिने अन्तरक्रिया गर्ने, विद्यार्थीको क्षमता र प्रतिभा पत्ता लगाई प्रबर्द्धन तथा प्रोत्साहन गर्न विद्यालयको वार्षिक कार्य पात्रोमा अतिरिक्त क्रियाकलापलाई समावेश गरी सोही अनुसार अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने कार्यक्रम योजनामा राखिएको छ। सिकाइलाई सरल बनाउँदै सिकाइलाई स्थायी बनाउन विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्ने हेतुले शिक्षक विद्यार्थी सहभागितामा सिकाइ सामग्री छनोट, व्यवस्थापन र प्रयोग गर्ने कुरामा योजनामा समाविष्ट गरिएको छ।

भौतिक पूर्वाधार विकासतर्फ मापदण्ड अनुसार विद्यार्थीको कक्षामा बसाइ व्यवस्थापन गर्न कक्षाकोठा निर्माण, विद्यार्थी संख्या अनुपातमा शौचालय निर्माण, डेक्सबेन्च निर्माण तथा विद्यालय हातालाई स्वच्छ हरियाली भयरहित वातावरण निर्माण गर्न विद्यालय घेरावारा र फूलबारी निर्माण कार्यक्रमलाई योजनामा समावेश गरिएको छ। विद्यालयका गतिविधिलाई

पारदर्शी बनाउन कम्तीमा वर्षमा एकपटक सबै अभिभावकहरूलाई भेला गराई विद्यालयका गतिविधि सम्बन्धमा जानकारी गराउन अभिभावक भेला कार्यक्रम राखिएको छ ।

अध्ययनमा समेटिएका ३ वटै गाविसले गाउँ शिक्षा योजनाको कार्ययोजना बनाउँदा पाँचवर्षे कार्यक्रमहरू तय गरेको छ। निर्धारित कार्ययोजना अनुसार कार्यक्रम कार्यान्वयन गराउ गाविसको अग्रतामा गाविस क्षेत्रभित्रका विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक, गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघलाई योजनामा अपनत्व हुने गरी जिम्मेवारी दिएर परिचालन गर्ने रणनीति बनाएका स्थानीय संघ संस्था, सरकारी तथा गैह्रसरकारी संस्थाहरूलाई समेतको सक्रिय सहभागितालाई सुनिश्चितता गर्ने प्रयत्न गरेको छ ।

योजनाको यस प्रकारको रणनीति अनुसार कार्ययोजना निर्माण गरी सफलतापूर्वक कार्यान्वयन हुँदा प्राप्त हुने उपलब्धिले समय सीमाभित्र उद्देश्यहरू पूरा गर्न सहयोग पुग्ने अपेक्षाका साथ सरोकारवालाहरू माभ्क हाम्रो विद्यालय राम्रो विद्यालय भन्ने भावनाको विकास हुने कुरामा कार्यक्रमले जोड दिएको छ ।

अध्ययनमा समेटिएका ३ वटा गाविसले तर्जुमा गरेको गाउँ शिक्षा योजनाको अवस्थालाई हेर्दा स्थानीय स्वायत्त शासन ऐन २०५५ को अवधारणा अनुरूप आफ्नो गाउँ विकास क्षेत्रमा शैक्षिक विकास गर्नका लागि स्थानीय तहको समस्या तथा आवश्यकता अनुरूप योजना तर्जुमा तथा कार्यान्वयन अनुगमन र मूल्याङ्कनका लागि केन्द्रबाट अधिकार प्रत्यायोजन गरिएको सोही आधारमा गाविस स्तरीय शैक्षिक योजना तर्जुमा गरिएको छ । योजना निर्माण पूर्व समस्याको विश्लेषण तथा आवश्यकताको पहिचानका लागि सरोकारवालाको सक्रिय सहभागिता हुनु आवश्यक हुन्छ। त्यसैले सरोकारवालासँग घनिभूत रूपमा छलफल र अन्तरक्रिया हुन नसकेको पाइयो। खासगरी योजना निर्माणमा समन्वयको कमी रहेको देखिन्छ। अध्ययन गरिएको तीनवटै गाविसहरूले सम्भाव्य स्रोतहरूको पहिचान तथा सङ्कलन र पहिचानका लागि सरोकारवाला संघसंस्थाले पुर्‍याउन सक्ने योगदानको विश्लेषण गर्नु आवश्यक देखिन्छ। त्यही कारणले कार्यक्रम कार्यान्वयनका लागि आवश्यक बजेटको कमी रहेको पाइयो। योजनामा राखेका कार्यक्रमहरू सञ्चालन गर्ने रणनीतिमा समुदायको सहभागितालाई योजनामा राखिएको छ। तर समुदायको सहभागिता अभिवृद्धि

गर्ने योजनालाई समुदायको अपनत्व ग्रहण गराउन योजना निर्माणको पूर्व अवस्था समस्याको पहिचानदेखि नै सक्रिय सहभागिताको आवश्यकता देखिन्छ। तीनवटै गाविसको योजनाले स्थानीय स्तरको शैक्षिक समस्याको हल गर्दै शैक्षिक विकासलाई गति दिने प्रयत्न गरेको पाइन्छ ।

३ वटै गाविसले गाउँ शिक्षा योजना निर्माण गर्दा आवश्यकताको पहिचान गर्ने क्रममा सरोकारवालाको घनिभूत सहभागिता हुनुपर्ने कुरा समावेश गरिए तापनि सरोकारवालाबीचको समन्वयलाई व्यवस्थापन गर्नुपर्ने कुरामा ध्यान पुग्न सकेको देखिँदैन। योजना निर्माण पश्चात सरोकारवालाको सहभागितामा योजनाको प्रवोधिकरण गरेको पाइएन। ३ वटै योजनामा शैक्षिक उपलब्धि सम्बन्धी कार्यक्रमहरू तथा भौतिक विकासका कार्यक्रमलाई योजनामा समेटेको पाइयो ।

३ वटै गाविसले निर्माण गरेका गाउँ शिक्षा योजना स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा शिक्षा ऐन तथा नियमावलीमा व्यवस्था भएको गाउँ शिक्षा समितिले स्थानीय तहमा स्थानीय तहको आवश्यकता समस्याका आधारमा गाउँ शिक्षा योजना निर्माण गर्न सक्ने कुरासँग सम्बन्धित छ। जनसहभागिता, जनशक्तिकरण, सुशासन, पारदर्शिता जवाफदेहिता जस्ता पक्षहरू विकेन्द्रिकरणका आधारहरू हुन्। शिक्षा योजना निर्माणमा ३ वटै गाविसको जनसहभागिताको पाटो केही फितलो देखिन्छ। सुशासन अर्थात् शिक्षा योजनाको कार्यान्वयनको पाटो हो। जो सहभागीमूलक नेतृत्वको अवधारणासँग सम्बन्धित छ। त्यसैले योजना कार्यान्वयनमा समन्वय र सहकार्यको पाटो कमजोर भएमा कार्यान्वयनमा कठिनाइ उत्पन्न हुन्छ। त्यसैले योजनाले स्थानीय स्तरका सबै सरोकारवाला, संस्था तथा व्यक्तिलाई समेट्न सकेको देखिँदैन। योजना निर्माणको क्रममा गाविस नै योजना कार्यान्वयनको नेतृत्वकर्ता भएकाले योजनामा राखिएका कार्यक्रम के कस्ता राखिएका छन् ती कार्यक्रमका लागि आवश्यक भरपर्दो र विश्वासिलो स्रोत के हो भन्ने कुरा स्वयं गाविसले पनि राम्रो विश्लेषण गरेको पाइएन। विकेन्द्रीकरणको मर्मअनुसार स्थानीय तह जो उपभोक्ता हुन उनीहरूलाई आफ्नो क्षेत्रको शैक्षिक विकासका लागि योजना निर्माण, कार्यान्वयन, मूल्याङ्कनको तहसम्म स्वायत्तता प्रदान गरिएको छ। सोही आधारमा नै यी ३ वटा

गाविसले आ-आफ्नो गाविसमा शैक्षिक विकास गर्नका लागि गाउँ शिक्षा योजना निर्माण गरेको पाइयो ।

## ४.२ गाउँ शिक्षा योजना कार्यान्वयनको अवस्था

निर्माण भई कार्यान्वयनको तहमा रहेका गाउँ शिक्षा योजनाहरूले गाउँ शिक्षा समितिको निर्णयसहित आवश्यक बजेटको व्यवस्था गरेका छन् । प्रत्येक गाविसले आगामी पाँच वर्षका लागि कार्ययोजना तयार गरी योजनाको कार्यान्वयन सुरु गरेका छन् । कार्यान्वयन पक्षलाई निष्कर्षमा पुऱ्याउन शैक्षिक उपलब्धि सूचक र लक्ष्यसमेत निर्धारण गरेका छन् । अध्ययन गरिएका गाविसमा गाउँ शिक्षा योजनाको कार्यान्वयनको अवस्थालाई तल चर्चा गरिएको छ ।

### ४.२.१ कटहरी गाविसमा गाउँ शिक्षा योजना (२०६७-२०७१)

यस गाविसले निर्माण गरेको गाउँ शिक्षा योजनाको कार्यक्रम एवम् रणनीतिका आधारमा वर्तमान अवस्थाको चित्रण गरी आगामी ५ वर्षभित्रमा कुन अवस्थामा पुग्ने भनी शैक्षिक लक्ष्य तथा सूचकहरू निर्धारण गरेको छ । जसलाई यहाँ तालिकामा प्रस्तुत गरिएको छ ।

लक्ष्य तथा सूचक

| क्र.सं. | सूचक | वर्तमान अवस्था | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|---|
| १. | सहजै देखिने भर्ना प्रतिशत | ११९ | ११६ | ११२ | १०८ | १०५ | १०३ |
| २. | खुद भर्ना प्रतिशत | ८१ | ८५ | ८९ | ९२ | ९६ | १०० |
| ३. | केटीहरूको खुद भर्ना प्रतिशत | ४० | ४५ | ५५ | ६२ | ६८ | ८५ |
| ४. | शिक्षक औसत उपस्थिति प्रतिशत | ९० | ९५ | ९५ | ९५ | ९५ | ९५ |
| ५. | विद्यार्थी औसत उपस्थिति प्रतिशत | ७२ | ७९ | ८९ | ९१ | ९५ | १०० |
| ६. | कक्षा सञ्चालन भएका दिन | १९० | १९५ | २०५ | २१० | २१५ | २२० |
| ७. | कक्षा ५ को उत्तीर्ण प्रतिशत | ७७ | ८१ | ८१ | ८६ | ९२ | १०० |
| ८. | कक्षा ८ को उत्तीर्ण प्रतिशत | ७७ | ८० | ८० | ८५ | ९० | ९५ |
| ९. | कक्षा १० को उत्तीर्ण प्रतिशत | १६ | २० | ३० | ५० | ६० | ७० |
| १०. | प्राथमिक तह पूरा गर्ने प्रतिशत | ४६ | ५० | ६० | ६८ | ८० | १०० |
| ११. | प्रतिविद्यार्थी कक्षाकोठाको क्षेत्र | ४ वर्ग | ४ व.फि. | ४ व.फि. | १० व.फि. | १० व.फि. | १० व.फि. |
| १२. | शिक्षक विद्यार्थी अनुपात | ६० | ६० | ६० | ५० | ५० | ४५ |
| १३. | महिला शिक्षिका प्रतिशत | ३१ | ३१ | ३५ | ३८ | ४२ | ४८ |

स्रोतः गाउँ शिक्षा योजना (२०६७-२०७१), कटहरी गाविस

माथिको तालिकामा देखाइएअनुसार कटहरी गाविसले आफ्नो पाँच वर्षे योजना अवधिभरिमा प्राथमिक तहको खुद भर्ना प्रतिशत वर्तमान अवस्थमा ८१ प्रतिशतमा रहेको पाँचौं वर्षमा १०० प्रतिशत पुऱ्याउने लक्ष्यसहितको सूचक निर्धारण गरेको छ। त्यसैगरी कक्षा ५ को हालको उत्तीर्ण दर ७७ प्रतिशत बाट योजनाको अन्तिम पाँचौं वर्षमा १०० प्रतिशत पुऱ्याउने र प्राथमिक तह पूरा गराउने लक्ष्य ४६ प्रतिशतबाट योजनाको पाँचौं वर्ष पूरा भएपछि १०० प्रतिशत पुऱ्याउने लक्ष्य निर्धारण गरेको छ। लक्ष्य तथा सूचकको सफल कार्यान्वयन भए नभएको तथ्यलाई अनुगमन मूल्याङ्कन गर्नका लागि कटहरी गाविसले एक समिति निम्न पदाधिकारीहरू रहने गरी गठन गरेको छ। उक्त समितिमा गाविस अध्यक्ष तथा प्रतिनिधि, स्रोत व्यक्ति/वि.नि., विद्यालयका प्र.अ.हरू र वि.व्य.स. अध्यक्षहरू तथा स्रोतकेन्द्र, विद्यालयका प्र.अ. रहेका छन्। उक्त समितिले आफूले पाएको जिम्मेवारीलाई निरन्तर रूपमा र काम भए रहेको समय समयमा निर्वाह गर्ने गरी तोकिएको छ। कामको क्रियाकलापमा भौतिक पक्ष, शैक्षिक पक्ष र चेतनामूलक कार्यक्रमहरूको अनुगमन, मूल्याङ्कन गर्नुपर्ने उल्लेख छ।

कटहरी गाविसले निर्माण गरेको गाउँ शिक्षा योजनामा बजेटसहितका कार्यक्रमहरू संलग्न गरेको छ। सो कार्यक्रमसहितको बजेटलाई अनुसूची १० मा समावेश गरिएको छ। अनुसूची ४ (क)को तालिकालाई विश्लेषण गर्दा सबैभन्दा ठूलो अंश १८ वटा नयाँ कक्षाकोठा निर्माणमा रु. ५४ लाख बजेट छुट्याएको छ। विद्यालयहरूको आवश्यकता अध्ययन गरेर २७० सेट फर्निचरका लागि रु. २ लाख ७० हजार, कक्षाकोठा पुनस्थापनाका लागि ३ लाख ५० हजार, ७ वटा विद्यालयका लागि खानेपानी व्यवस्थपनका लागि रु. ४२ हजार, ४ वटा शौचालय निर्माणका लागि प्रति एकाइ रु. ९५ हजारको दरले रु. ३ लाख असीहजार, ४ वटा विद्यालयका लागि घेराबारा तथा फूलबारी निर्माणका लागि रु. ४ लाख बजेट छुटयाइएको छ। विद्यार्थी भर्ना दर वृद्धि गर्न भर्ना अभियान कार्यक्रमका लागि रु. ५० हजार तथा थप शिक्षक व्यवस्थापनका लागि समेत बजेट छुट्याइएको छ। ४ वटा विद्यालयको पुस्तकालय व्यवस्थापनका लागि रु. ४ लाख, शैक्षिक सामग्रीका लागि रु. ३ लाख ५० हजार, शिक्षक विद्यार्थी पुरस्कारमा रु. १२ हजार ५ सय, वार्षिक २ पटक अतिरिक्त क्रियाकलापका लागि रु. १० हजार तथा शैक्षिक भ्रमणमा ५० हजार गरी जम्मा ७० लाख ३८ हजार ५ सय बजेट छुट्याइएको छ।

योजनाले निर्धारण गरेर कार्यान्वयनका लागि अघि सारेका कार्यक्रमहरूमा मूलतः भौतिक निर्माण, शैक्षिक अनुसुल वातावरण निर्माण, गाविस समुदायको सम्बन्ध सुधार तथा सामुदायिक चेतना अभिवृद्धि कार्यक्रम, आर्थिक पक्षलाई सुदृढ गर्ने योजनाहरू लागू गर्न स्पष्ट रणनीति र जिम्मेवारी तोकेको छ। यस कार्यमा गाविसले समुदाय परिचालन गरी अन्य सहयोगी संघ संस्थाको समेत सहयोग लिएको छ। योजना कार्यान्वयनको जिम्मेवारीमा गाविस अभिभावक तथा समुदाय, गा.शि.स., पि.टि.ए., प्र..हरू रहने व्यवस्था गरेको छ।

### ४.२.२ अमरदह गाविसमा गाउँ शिक्षा योजना (२०६७-२०७१)

यस गाविसले निर्माण गरेको गाउँ शिक्षा योजनाको कार्यक्रम एवम् रणनीतिका आधारमा वर्तमान अवस्थाको चित्रण गरी आगामी ५ वर्षभित्रमा कुन अवस्थामा पुग्ने भनी शैक्षिक लक्ष्य तथा सूचकहरू निर्धारण गरेको छ। जसलाई यहाँ तालिकामा प्रस्तुत गरिएको छ।

लक्ष्य तथा सूचक

| क्र.सं. | सूचक | वर्तमान अवस्था | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|---|
| १. | सहजै देखिने भर्ना दर | १०० | १११ | ११४ | १०१ | १२१ | १०० |
| २. | खुद भर्ना दर | ५४ | ६५ | ७० | ७४ | ८० | ९५ |
| ३. | केटीहरूको खुद भर्ना प्रतिशत | ५७ | ६४ | ७० | ७५ | ८१ | ८९ |
| ४. | शिक्षक औसत उपस्थिति प्रतिशत | ८५ | ९० | ९२ | ९४ | ९८ | ९९ |
| ५. | विद्यार्थी औसत उपस्थिति प्रतिशत | ५७ | ६४ | ७३ | ७८ | ७९ | ८८ |
| ६. | कक्षा सञ्चालन भएका दिन | १७५ | १८५ | १९० | २०० | २०५ | २१० |
| ७. | कक्षा ५ को उत्तीर्ण प्रतिशत | ३५ | ३८ | ४८ | ५८ | ६८ | ७८ |
| ८. | प्राथमिक तह पूरा गर्ने प्रतिशत | ३५ | ३८ | ४८ | ५८ | ६८ | ७८ |
| ९. | शिक्षक विद्यार्थी अनुपात | ६० | ६४ | ६५ | ६८ | ७० | ७५ |
| १०. | महिला शिक्षिका प्रतिशत | १७.८ | २६ | ३० | ३१ | ४३ | ४९ |

स्रोतः गाउँ शिक्षा योजना (२०६७-२०७१), अमरदह

तालिकामा राखिएका लक्ष्य र सूचक अनुसार प्राथमिक तहमा खुद भर्ना दर योजनाको अन्तिम पाँचौ वर्षमा ९५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ। जुन वर्तमान प्रथम वर्षमा केवल ५४ प्रतिशत छ। त्यसैगरी कक्षा ५ उत्तीर्ण प्रतिशतलाई पहिलो वर्षको ३५ प्रतिशतलाई पाँचौं वर्षका अन्त्यमा ७८ प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ। प्राथमिक तह पूरा गर्ने वर्तमानको अवस्था ३५ प्रतिशतलाई पाँचौं वर्षमा ७८ प्रतिशत पुऱ्याउने तथ्य

योजनाले लक्ष्य निर्धारण गरेको छ। लक्ष्य तथा सूचक अनुसार कार्यान्वयनको अवस्था अनुगमन मूल्याङ्कन गर्नका लागि गाविस अमरदलले एक योजना अनुगमन मूल्याङ्कन समिति गठन गरेको छ। मूल्याङ्कनमा गाविस अध्यक्ष/सचिव/प्रतिनिधि, स्रोतव्यक्ति/वि.नि. र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्र.अ.हरू रहने छन् :

समिति पदाधिकारीहरूले पाएको जिम्मेवारीलाई निरन्तर रूपले निर्वाह गर्ने गरी योजना अनुगमन कार्यक्रम निर्धारण गरेको छ। जसअनुसार समुदायमा आवश्यकताअनुसार चेतनामूलक कार्यक्रम सञ्चालन, अनुकुल शिक्षण वातावरणमा शिक्षण सिकाइका लागि नियमित रूपमा पठनपाठन सञ्चालन, भौतिक निर्माण पक्षको गुणस्तर, वार्षिक कार्यतालिका सहित उपयुक्त शिक्षण विधिको प्रयोग सम्बन्धमा योजना कार्यान्वयन तहमा नै अनुगमन मूल्याङ्कन कार्य निरन्तर गर्ने निर्णय गरेको छ।

अमरदह गाविसको कार्यान्वयनमा रहेको गाउँ शिक्षा योजनामा बजेटसहितको कार्यक्रम निर्धारण गरेको छ। बजेटसहितको कार्यक्रमलाई अनुसूची ११ मा समावेश गरेको छ। अनुसूची ११ को तालिकालाई विश्लेषण गर्दा कार्यक्रम सम्पन्न गर्ने जिम्मेवारीको निर्धारण तथा कुन समयमा सुरु गर्ने र कुन समयसम्ममा सम्पन्न गर्ने भनी समय सीमा समेत निर्धारण गरेको छ। गाविस क्षेत्रभरिका विद्यालयको आवश्यकता हेरी जम्मा १२ वटा कक्षाकोठा निर्माणका लागि रु. ३ लाख रकम विनियोजन गरेको छ। विद्यालयमा विद्यार्थीका लागि आवश्यकता हेरी ८७ सेट फर्निचर निर्माण गर्न रु. १० लाख खानेपानीका लागि आवश्यकता हेरी ४ वटा विद्यालयका लागि रु. ३२ हजार कक्षाकोठा मर्मतका लागि रु. ५ लाख, शौचालय निर्माणका लागि रु. ३ लाख ८० हजार तर ४ वटा विद्यालयको घेरावाराका लागि रु. ४ लाख बजेट छुट्याइएको छ। विद्यालयमा विद्यार्थी संख्या अनुपातमा शिक्षकको संख्या कम भएकाले शिक्षक व्यवस्थापनका लागि समेत रकम छुट्याइएको छ। पुस्तकालय व्यवस्थापनका लागि ७ वटा विद्यालयमा रु. ३ लाख ५० हजार, शैक्षिक सामग्री खरिदमा रु. ३ लाख पचास हजार बजेटको व्यवस्था गरिएको छ। ३५ जना विद्यार्थीका लागि रु. ३ हजार ५ सय, अतिरिक्त क्रियाकलापका लागि रु. १० हजार र शैक्षिक भ्रमण शीर्षकमा रु. ५० हजार गरी ५ वर्षभित्रमा ६१ लाख ४० हजार बजेट रकम खर्च गर्ने लक्ष्य लिएको छ।

गाउँ शिक्षा योजनाले निर्धारण गरेका कार्यक्रमहरू कार्यान्वयनको रणनीति, जिम्मेवारी र सफलताबाट प्राप्त हुने उपदेयतालाई स्पष्ट किटान गरेको छ। कार्यक्रमहरू भौतिक पक्ष, शैक्षिक पक्ष, सामुदायिक सहभागितामा आधारित चेतनामूलक, विद्यालय समुदाय सम्बन्ध सुधार, खेलकुद तथा अतिरिक्त क्रियाकलापसँग सम्बन्धित छन्। कार्यक्रमलाई सफल कार्यान्वयन गराउन रणनीतिक हिसाबले समुदायसँगै शिक्षक, विद्यार्थी, गाविस र अन्य सहयोग संघ संस्थालाई परिचालन गर्ने सोच बनाएको छ। यस प्रकारको कार्यक्रमको सफलतापछि गुणात्मक शिक्षण सिकाई क्रियाकलापका लागि अनुकुल शैक्षिक वातावरण बन्ने अपेक्षा राखेको छ। कार्यक्रमको सफलताका लागि जिम्मेवारी वहन गर्ने कार्य गाविस स्वयं लगायत अभिभावक तथा समुदाय, वि.व्य.स., गाविस, पि.टि.ए. ले लिने कार्ययोजना बनाएर योजना कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छ।

### ४.२.३ लेटाङ गाविसमा गाउँ शिक्षा योजना (२०६७-२०७१)

यस गाविसले निर्माण गरेको गाउँ शिक्षा योजनाको कार्यक्रम एवम् रणनीतिका आधारमा वर्तमान अवस्थाको चित्रण गरी आगामी ५ वर्षभित्रमा कुन अवस्थामा पुग्ने भनी शैक्षिक लक्ष्य तथा सूचकहरू निर्धारण गरेको छ। जसलाई यहाँ तालिकामा प्रस्तुत गरिएको छ।

लक्ष्य तथा सूचक

| क्र.सं. | सूचक | वर्तमान अवस्था | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|---|
| १. | सहजै देखिने भर्ना दर | ११७ | ११३ | ११० | १०६ | १०४ | १०२ |
| २. | खुद भर्ना दर | ८५ | ८८ | ७१ | ९४ | ९७ | १०० |
| ३. | प्राथमिक तह पूरा गर्ने | ४८ | ५४ | ६० | ६५ | ७१ | ७६ |
| ४. | कक्षा सञ्चालन भएको दिन | १८० | १९० | १९६ | २०२ | २०८ | २१५ |
| ५. | विद्यार्थी औसत उपस्थिति | ६२ | ६६ | ७० | ७४ | ७८ | ८० |
| ६. | शिक्षक औसत उपस्थिति | ९० | ९२ | ९४ | ९५ | ९६ | ९७ |
| ७. | प्रतिविद्यार्थी कक्षाकोठा क्षेत्रफल | ०.७५ मि. | ०.८५ मि. | ०.९० मि. | १ मि. | १ मि. | १ मि. |
| ८. | प्रति विद्यार्थी अनुपात | ६५ | ६० | ५५ | ५५ | ५० | ५० |
| ९. | शिक्षक विद्यार्थी अनुपात | ६५ | ६० | ५५ | ५५ | ५० | ५० |
| १०. | महिला शिक्षक प्रतिशत | १५.६ | २० | २५ | ३० | ३५ | ४० |
| ११. | कक्षा ८ को उत्तीर्ण प्रतिशत | ४५ | ४९ | ५५ | ६१ | ६९ | ७४ |
| १२. | कक्षा १० को उत्तीर्ण प्रतिशत | २२ | ३० | ४० | ५० | ६० | ७५ |

स्रोतः गाउँ शिक्षा योजना (२०६७-२०७१) लेटाङ गाविस

तालिकामा राखिएका लक्ष्य र सूचक अनुसार सहजै देखिने भर्ना दरलाई घटाउँदै खुद भर्ना दरलाई बढाउने लक्ष्य राखिएको छ। वर्तमान अवस्थाको सहजै देखिने भर्ना दर ११७ बाट पाँचौं वर्षमा १०२ मा ल्याउने तथा वर्तमान अवस्थामा खुद भर्ना दर ८५ रहेकामा पाँचौ वर्ष १०० पुऱ्याउने लक्ष्य राखिएको छ। त्यसैगरी वर्तमान अवस्थामा १८० दिन कक्षा सञ्चलन भएकामा पाँचौ वर्ष ११५ दिन पुऱ्याउने लक्ष्य राखिएको छ। कक्षा ८ को उत्तीर्ण प्रतिशत वर्तमान अवस्थामा ४५ प्रतिशत रहेकामा अन्तिम वर्ष ७४ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ। त्यसैगरी प्रत्येक वर्ष महिला शिक्षकको सङ्ख्या बढाउँदै जाने तथा वर्तमान अवस्थामा ओसत विद्यार्थी उपस्थिति ६२ प्रतिशत रहेकामा योजनाले पाँचौ वर्षमा ८० प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ। लक्ष्य तथा सूचक अनुसार योजना कार्यान्वयनको अवस्थालाई अनुगमन र मूल्याङ्कन गर्नका लागि एक योजना अनुगमन संयन्त्र समिति गठन गरेको छ। यस समितिमा स्रोतव्यक्ति संयोजक, गाविसद्वारा मनोनित प्र.अ.मध्ये १ जना सदस्य, गाविसद्वारा मनोनित वि.व्य.स. अध्यक्षमध्ये १ जना सदस्य, गाविसद्वारा मनोनित शि.अ. संघ सदस्यमध्ये १ जना सदस्य, गैसस प्रतिनिधि एकजना सदस्य, गाविस सचिव सदस्य सचिव रहेका छन्। सात सदस्यीय अनुगमन संयन्त्रका पदाधिकारीहरू पाएको जिम्मेवारीलाई निरन्तर अनुमगन तथा मूल्याङ्कन गरी योजनाको सफल कार्यान्वयनका लागि आवश्यक भूमिका निर्वाह गर्न जिम्मेवारी दिइएको छ।

लेटाङ गाविसले योजनामा बजेट सहितको कार्यक्रमहरू निर्धारण गरेको छ। सो कार्यक्रमसहितको बजेटलाई अनुसूची १२ मा समावेश गरिएको छ। अनुसूची १२ तालिकालाई विश्लेषण गर्दा सबै कार्यक्रमहरूमध्ये १४ वटा कक्षाकोठा निर्माणका लागि सबैभन्दा बढी बजेट रु. ४५ लाख छुट्याइएको छ। विद्यालयहरूको आवश्यकता हेरी ७० सेट डेस्कबेन्च निर्माणका लागि रु. १ लाख २० हजार, २ वटा विद्यालयका लागि २ शौचालय निर्माणका लागि रु. २ लाख, खानेपानी व्यवस्थापनका लागि रु. ५० हजार बजेट छुट्याइएको छ। विद्यालय हातालाई सुरक्षित गराउन ५ वटा विद्यालयका लागि घेराबारा गर्न रु. ५ लाख शिक्षक विद्यार्थी पुरस्कारका लागि रु. ४० हजार, शिक्षकहरूको पेशागत विकास कार्यक्रम अन्तर्गत तालिम सञ्चालन गर्न २० हजार, वि.व्य.स. तथा शि.अ. संघका पदाधिकारीहरूको व्यवस्थापकीय क्षमता विकासका लागि तालिम तथा गोष्ठी सञ्चालन गर्न रु. १५ हजार बजेट छुट्याइएको छ। अतिरिक्त क्रियाकलाप तथा प्रतिभा पहिचान

कार्यक्रमका लागि रु. १ लाख १५ हजार बालविकास केन्द्र सञ्चालनका लागि रु. १ लाख बजेट छुट्याइएको छ। सेवाक्षेत्रभित्रका विद्यालय जाने उमेर पुगेका बालबालिकाहरूलाई विद्यालयको पहुँचमा ल्याउन विद्यार्थी भर्ना अभियान कार्यक्रमका लागि रु. २० हजार, ५० जना विपन्न तथा गरिब विद्यार्थी छात्रवृत्तिका लागि रु. २५ हजार, पाँचवटा विद्यालयमा पुस्तकालय व्यवस्थापनका लागि रु. २ लाख ५० हजार तथा गाउँ विकास क्षेत्रभरिका विद्यालयहरूको सहभागितामा गाउँ शिक्षा भकारी कोष खडा गर्ने र ५ वर्षभित्रमा सो कोषमा रु. ३ लाख रकम जम्मा गर्ने गरी ५ वर्षभित्रका लागि जम्मा ६६ लाख ५५ हजारको बजेट निर्माण गरिएको छ।

योजनामा निर्धारण गरिएका कार्यक्रमहरू कार्यान्वयन रणनीति, जिम्मेवारी र सफलताबाट प्राप्त हुने उपलब्धिलाई स्पष्ट किटान गरेको छ। कार्यक्रमहरू भौतिक पक्ष, शैक्षिक पक्ष, सामुदायिक सहभागितामा आधारित चेतनामूलक, विद्यालय समुदाय सम्बन्ध सुधार, स्थानीय संघसंस्था तथा गै.स.स. सँग समन्वय र सहकार्य, खेलकुद अतिरिक्त क्रियालाप तथा स्रोत व्यवस्थालाई दिगो बनाउन कोषको निर्माणसँग सम्बन्धित छन्। कार्यक्रमको सफल कार्यान्वयनका लागि रणनीतिक हिसाबले समुदायसँगै विद्यार्थी, शिक्षक, गाविस, वि.व्य.स. तथा सरोकारवाला स्थानीय संघसंस्थाहरूलाई परिचालन गर्ने सोच राखेको छ। कार्यक्रमको सफलताले विद्यालयमा अनुकुल शैक्षिक वातावरणबारे अपेक्षा राखिएको छ। कार्यक्रमको सफलताको लागि सरोकारवाला व्यक्ति तथा संघसंस्थालाई जवाफदेहि बनाएर योजना कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ।

### ४.२.४ गाउँ शिक्षा योजनाका लागि विनियोजन बजेटको तुलनात्मक विश्लेषण

अमरदर गाविसले पाँच वर्षका लागि निर्माण गरेको गाउँ शिक्षा योजनाका लागि विनियोजित बजेट शीर्षक अनुसार सबैभन्दा धेरै बजेट रु. ३६ लाख नयाँ कक्षा कोठा १२ वटा निर्माणका लागि रु. ३ लाख ८० हजार, पुस्तालय र शै.सा. निर्माण एवम् खरिदका लागि रु. ७ लाख विनियोजन गर्ने लक्ष्य लिएको छ। अतिरिक्त क्रियाकलाप र शैक्षिक भ्रमणका लागि रु. ६० हजार, शिक्षक विद्यार्थीलाई पुरस्कारका लागि रु. १२ हजार पाँच सय छुट्याएको छ। त्यसैगरी खानेपानी, फर्निचरर थप कक्षा कोठा निर्माणका लागि रु. ६ लाख ३२ हजार गरी जम्मा रु. ६१ लाख ४० हजार योजना अवधिमा खर्च गर्ने गरी रकम विनियोजन गरेको छ।

कटहरी गाविसले पाँच वर्षे शैक्षिक योजनाका लागि विभिन्न शीर्षकमा गरी विनियोजित गरेको कुल रकम रु. ७० लाख ३८ हजार पाँच सय छ। उक्त रकमलाई शीर्षक अनुसार सबैभन्दा बढी रकम रु. ५४ लाख नयाँ कक्षा र फर्निचर निर्माणमा छुट्याएको छ भने अन्य शीर्षकमा क्रमशः घेरावारा, फुलबारी निर्माणमा रु. ४ लाख, शौचालय चारवटाका लागि जम्मा रु. ३ लाख ८० हजार, पुस्तकालय र शैक्षिक सामग्रीका लागि रु. ७ लाख, अतिरिक्त क्रियाकलाप र शैक्षिक भ्रमणका लागि रु. ६० हजार विनियोजन गरेको छ। बाँकी रकम शिक्षक विद्यार्थी पुरस्कारका लागि भनेर रु. १२ हजार पाँच सय छुट्याएको छ। त्यस बाहेक अन्य विविध शीर्षक अन्तरगत निरन्तर प्रयासद्वारा कक्षा ५-९ का विद्यार्थीहरूको उत्तीर्ण दरलाई ९७% बनाउन रु. ५० हजार छुट्याएको छ।

लेटाङ गाविसले पाँचवर्षे शैक्षिक योजनाका लागि विभिन्न कार्यक्रम गरी विनियोजित गरेको कूल रकम रु. ६६ लाख पाँच हजार रहेको छ। उक्त रकमलाई शीर्षक अनुसार सबैभन्दा बढी रकम ४५ लाख नयाँ कक्षाकोठा, निर्माणमा छुट्याएको छ। अन्य शीर्षकमा क्रमशः शैक्षिक सामग्रीमा ४ लाख २० हजार, विद्यालय घेरावारा ५ लाख, बालकेन्द्र सञ्चालन १ लाख, खानेपानी ५० हजार, शिक्षक विद्यार्थी पुरस्कार ४० हजार, तालिम ३५ हजार, अतिरिक्त क्रियाकलाप १ लाख, प्रतिभा पहिचान र छात्रवृद्धिमा ४० हजार, विद्यालय भर्ना अभियानमा २० हजार छुट्याएको छ।

३ वटै गाउँ शिक्षा योजनामा कक्षाकोठा निर्माणमा सबैभन्दा बढी बजेट छुट्याइएको छ। बजेट छुट्याउँदा ५ वर्षभित्रमा कुन कुन वर्ष कति कति खर्च गर्ने भनी नछुट्याइएकाले कार्यक्रम कार्यान्वयन समय सीमाभित्र सम्पन्न गर्न समस्या उत्पन्न हुने देखिन्छ। शुद्ध खानेपानीको व्यवस्था गर्नका लागि छुट्याइएको बजेट न्यून हुने देखिन्छ। ३ वटै योजनाले भौतिक निर्माणमा बजेट ठूलो अंश छुट्याइएको छ तर कार्यक्रम कार्यान्वयनका लागि आवश्यक रकमको स्रोत स्पष्ट यकिन गरेको देखिँदैन। कार्ययोजना कार्यक्रम रणनीतिमा छात्रवृत्ति वितरण कार्यक्रम राखिए तापनि कटहरी र अमरदह गाविस गाउँ शिक्षा योजनामा बजेट छुट्याइएको छैन। सरकारबाट जति प्राप्त हुने त्यति वितरण गरिने उल्लेख गरिएको छ तर लेटाङ गाविसले भने बजेटको व्यवस्थापन गरेको छ। त्यसैगरी शिक्षक विद्यार्थी

पुरस्कारमा लेटाङ गाविसको तुलनामा कटहरी र अमरदह गाविसले न्यून बजेट छुट्याएका छन् ।

### ४.२.५ कार्यान्वयन हुन नसकेका योजनाहरू

अमरदह गाविसले निर्माण गरेर कार्यान्वयनको अवस्थामा रहेको गाउँ शिक्षा योजनाका कतिपय कार्यक्रमहरू के कति कारणले पूरा हुन सकेनन् भनेर एक मूल्याङ्कन समिति बनाएको छ। जस्को प्रमुख व्यक्तिः गाविस अध्यक्ष/सचिव रहने व्यवस्था गरेको छ। उक्त समितिले औल्याएका पूरा हुन नसकेका योजनाहरूमा भवन निर्माण, खानेपानी, शौचालय, आवश्यकता अनुसार फर्निचरको व्यवस्था, पठनपाठन नियमित गराउन बालकेन्द्रित सिकाइ वातावरण निर्माणमा केही कमी कमजोरी रहेको स्वीकारेको छ। त्यसै गरी योजनाप्रतिको अपनत्व भाव जगाउने क्षमता अभिवृद्धि कार्यक्रम विविध कारणले आशातीत रूपमा सफल नभएको जनाएको छ।

योजनाले निर्धारण गरेका भावी कतिपय कार्यक्रमहरू पूरा हुन नसकेको तर्फ गाउँ शिक्षा योजना, कटहरी गाविसले पनि निर्क्यौल गरेको छ। जस अनुसार भौतिक पक्षको विकास निर्माण, विद्यार्थी केन्द्रित शिक्षण विधि प्रयोग सफल भएको छैन। समुदायलाई सशक्तिकरणको माध्यमद्वारा चेतना अभिवृद्धि गराई योजना प्रतिको अपनत्व भाव जोगाउन आशातीत रूपले योजना कार्यान्वयन प्रभावकारी हुन सकेन।

लेटाङ गाविसले योजनाले निदान गरेका सबै कार्यक्रमहरू पूरा हुन नसकेको गाउँ शिक्षा समितिले निष्कर्ष निकालेको छ। खासगरी योजनामा उल्लेख गरिएका कार्यक्रमहरूका लागि विनियोजित बजेट अपुग भएका कारणले कार्यक्रम कार्यान्वयनमा समस्या देखिएको हो। कार्यक्रममा राखिए जति कक्षा कोठा निर्माण हुन नसकेको, बाल केन्द्र स्थापनामा स्रोत अभाव रहेको र त्यसैगरी खानेपानी, शौचालय जस्ता पूर्वाधारहरू आवश्यकता अनुसार निर्माण गर्न नसकेको अवस्थालाई स्वीकार गरेको छ। विद्यार्थी नियमितता, बाल मैत्री सिकाइ क्रियाकलाप र अभिभावक सचेतना कार्यक्रमले आशातित सफलता प्राप्त गर्न नसकेको कुरा स्वीकार गरेको छ। योजनालाई सरोकारवालाहरूबीच आवश्यक मात्रामा सहकार्य र समन्वय हुन नसकेका कारणले अपनत्व ग्रहण गर्न जिम्मेवार वहन गराउन अपेक्षा अनुरूप योजना कार्यान्वयन हुन सकेन।

गाउँ शिक्षा योजना वटम अप सिद्धान्तमा आधारित छ। स्थानीय समुदायको माग, चाहना र आवश्यिकताका आधारमा योजना निर्माण गरी कार्यानवयन गर्ने प्रक्रिया विकेन्द्रिकरणको सिद्धान्तमा आधारित छ। विकेन्द्रिकरण सिद्धान्त अनुसार नागरिक समाजको सहभागितामा आवश्यकताको पहिचानदेखि कुन प्रक्रियाबाट कार्य सम्पन्न गराउने भन्ने निर्णय लिने अधिकार स्थानीय क्षेत्रको समुदायलाई हुन्छ। त्यसै आधरामा यो गाउँ शिक्षा योजना निर्माणदेखि कार्यान्वयनको तहमा योजना कसरी कार्यान्वयन गर्ने भन्ने सम्बन्धमा योजनासँग सरोकार राख्ने समुदाय, व्यक्ति तथा स्थानीय स्तरका संघ संस्थाको अहम् भूमिका रहन्छ। तल्ला योजनाको आधारमा केन्द्रमा योजना निर्माण हुने हुनाले स्थानीय स्तरका योजनाहरूले राष्ट्रिय स्तरमा आवश्यकताको पहिचान गरी राष्ट्रिय स्तर योजना निर्माणमा सहयोग पुग्ने देखिन्छ। सहभागीमूलक नेतृत्व विकासको सिद्धान्तका आधारमा गाउँ शिक्षा योजना निर्माणमा जनसहभागिता योजनाको अपनत्व र कार्यान्वयनमा निर्णय गर्ने अधिकार पनि स्थानीय स्तरमा दिइएको छ। त्यसैले स्थानीय स्वायत्त शासन ऐन २०५५ ले राज्यको सबैभन्दा तल्लो राजनीतिक निकाय गाविसलाई आफ्नो गाविस क्षेत्रमा सामाजिक तथा शैक्षिक विकासका लागि योजना निर्माण गर्ने, कार्यान्वयन गर्ने योजनाको लेखाजोखा गर्न स्वायत्तता प्रदान गरेको छ।

## ४.३ गाउँ शिक्षा योजना कार्यान्वयनमा देखिएका समस्याहरू

गाउँ शिक्षा योजनाले निर्धारण गरेका लक्ष्य तथा उद्देश्यअनुरूप कार्यक्रम योजना र रणनीतिको प्रयोगद्वारा कार्यान्वयनको अवस्थामा विविध समस्याहरू देखा परेका छन्। ती समस्या तथा कठिनाइहरूको पहिचान गर्न संलग्न जिम्मेवार व्यक्ति तथा संस्थासँग सम्बन्धितलाई प्रश्नावली तयार पारेर लिएको प्रतिक्रिया, गाउँ शिक्षा योजनाका मूल अभिलेखहरूका आधारमा गाउँ शिक्षा योजनाले अनुभव गरेका समस्या र कठिनाईलाई यस प्रकार उल्लेख गरिएको छ।

### ४.३.१ समन्वयको कमी

गाविस सचिवको प्रशासनिक कार्य व्यस्तताले गर्दा योजना कार्यान्वयनका सरोकार पक्षहरूबीचमा राम्रो समन्वय हुन सकेन। कार्यक्रम कार्यान्वयन रहेको अवस्थामा जिम्मेवार

सरोकारवाला व्यक्ति तथा संघ संस्थाबीचमा उद्देश्यअनुरूप कार्यक्रम कार्यान्वयन प्रगतिको लेखाजोखा, अनुगमन र मूल्याङ्कन गर्न आपसी तालमेलको कमी भएको पाइयो ।

### ४.३.२ बजेट अभाव

गाविसले जनआकांक्षा अनुरूप वडाहरूबाट आएका अन्य पूर्वाधार निर्माणका योजनामा बार्षिक बजेट खर्चिनु पर्ने, कर्मचारी तलब भत्तामा ठूलो खर्च हुँदा योजनामा राखिएका कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक पर्ने बजेट विनियोजन गर्न नसकेको पाइयो ।

### ४.३.३ प्राविधिक जनशक्तिको कमी

योजना निर्माण प्राविधिक कार्य भएकाले योजना तर्जुमाको तहदेखि कार्यान्वयन र मूल्याङ्कनको तहसम्म प्राविधिक जनशक्तिको अभाव रहेको पाइयो ।

### ४.३.४ स्रोत साधनको सङ्कलन र परिचालन

योजना निर्माणका क्रममा योजनामा समाविष्ट गरेका कार्यक्रमहरूको कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट प्राप्त गर्न स्थानीय सरोकारवाला संघसंस्थाहरूसँग समन्वयात्मक पहल हुन नसक्दा स्रोत साधनको सङ्कलन र परिचालन अपेक्षा अनुरूप हुन सकेन । स्थानीय तहमा सम्भाव्य वैकल्पिक स्रोतहरूको पहिचान गर्नेतर्फ ध्यान पुग्न नसकेको पाइयो ।

### ४.३.५ योजनामा अपनत्वको कमी

योजना कार्यान्वयनमा जिम्मेवारी तोकिए पनि ती सरोकारवाला पक्षहरूसँग सक्रिय सहभागिताका लागि घनिभूत रूपमा छलफल अन्तरक्रिया सञ्चालन गरी उत्प्रेरित गर्न नसक्दा योजनामा सरोकारवालाहरूको अपनत्वको कमी भएको कारणले समय सीमाभित्र कार्यक्रम कार्यान्वयनमा कठिनाइ भएको पाइयो ।

## ४.४ गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाउने उपायहरू

अध्ययन गरिएका तीनवटा गाविसमा निर्माण गरी कार्यान्वयनमा ल्याइएका गाउँ शिक्षा योजनाको निर्माण र तिनको व्यवहारिक कार्यान्वयनका लागि सरोकारवालाहरूबाट प्राप्त भएका सुझावहरूलाई निम्नअनुसार प्रस्तुत गरिएको छ ।

### ४.४.१ सुदृढ व्यवस्थापन

कटारी गाविसमा व्यवस्थापन पक्ष कमजोर भएको भएका कारणले योजनाले राखेका कार्यक्रमहरू सफलतापूर्वक कार्यान्वयन छन् नसकेको भनाइ सरोकारवालाहरूको रहेको छ । निश्चित खाकाभित्र योजना निर्माण गर्नका लागि दक्ष जनशक्ति व्यवस्थापन गर्नुपर्ने, सरोकारवालालाई योजनामा अपनत्व ग्रहण गर्नका लागि योजना निर्माण पूर्व छलफल गरी आएका सुझावलाई योजनामा समावेश गर्नुपर्ने, योजना तर्जुमा पश्चात सम्बन्धित सरोकारवाला व्यक्ति संस्थाहरूको सहभागितामा योजनाको प्रवोधिकरण गर्नुपर्ने कुरा स्थानीय गैससहरूले राखेका छन् । योजना कार्यान्वयनको तहमा पुगेपछि कम्तीमा अर्धवार्षिक रूपमा योजना कार्यान्वयनको मूल्याङ्कन गरी देखिएका कमी कमजोरी र बाधाहरूलाई समयमा नै निराकरण गर्नुपर्ने कुरामा सरोकारवालाहरूको जोड रहेको छ ।

अमरदह गाविसको योजनाको व्यवस्थापन पक्ष कमजोर रहेकाले आगामी दिनमा व्यवस्थापन पक्षलाई सुदृढ गर्दै जानुपर्ने कुरालाई मूल्याङ्कन समितिले सुझाएको छ । गाविसको संयोजनमा योजना निर्माण तथा कार्यान्वयन गर्ने सरोकारवालाहरूबीच छलफल अन्तरक्रियालाई निरन्तरता दिनुपर्ने देखिन्छ । त्रैमासिक रूपमा योजनाको अनुगमन र मूल्याङ्कन गर्ने देखिएका कमी कमजोरीलाई निराकरण गर्न पुनः योजना बनाउँदै सोको कार्यान्वयन गर्नुपर्ने कुरामा विद्यालय निरीक्षकको धारणा रहेको पाइन्छ । निश्चित कार्यविधिको आधारमा अनुगमन र मूल्याङ्कनलाई अगाडि बढाउनुपर्ने स्थानीय संघसंस्थाहरूको रहेको छ ।

लेटाङ गाविसका सामाजिक कार्यकर्ताहरूले विद्यालय व्यवस्थापन समिति प्रत्येक तीन वर्षमा परिवर्तन हुने भएकाले विद्यालय व्यवस्थापन समितिलाई व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गर्न जि.सि.का.ले जिम्मेवारी लिनुपर्ने कुरामा जोड दिएका छन् । त्यसैगरी गाउँ शिक्षा समितिका पदाधिकारीहरूलाई गाविसले व्यवस्थापन सम्बन्धी तालिम व्यवस्थापन गर्नुपर्ने राय प्रधानाध्यापकहरूले दिएका छन् । योजना कार्यान्वयनको तह कार्ययोजना बनाइ समीक्षा बैठक सञ्चालन गर्ने, योजनाको त्रैमासिक मूल्याङ्कन गरी सरोकारवालाहरूबीच प्रतिवेदन प्रस्तुत गर्ने र सरोकारवालाहरूबाट आएका सुझावहरूलाई समयमा नै कार्यान्वयन गर्दै जानुपर्ने कुरामा सरोकारवालाहरूको जोड रहेको छ ।

### ४.४.२ सरोकारवालाहरूको सहभागितामा वृद्धि

योजनाको सफलता कार्यान्वयनका लागि योजना निर्माणका लागि आवश्यकताको पहिचानको तहदेखि नै महिला तथा बालबालिकाहरूको क्षेत्रमा काम गर्ने संघसंस्थाहरूको सहभागिता हुनुपर्ने कुरा संघसंस्थाले कटहरी गाविसको ध्यानाकर्षण भएको पाइन्छ। योजना निर्माणको तहदेखि कायान्वयन तथा मूल्याङ्कनमा मुख्य सरोकारवाला निकाय जि.शि.का.को सहकार्यको आवश्यकतालाई औंल्याइएको छ।

सरोकारवालाहरूको सक्रिय सहभागिताले सर्वप्रथम आवश्यकताहरूको यथार्थ पहिचान हुने समस्यालाई आफ्नो समस्याको रूपमा ग्रहण गर्न प्रेरित गर्दछ। अमरदह गाविसमा रहेका सरोकारवालाहरूको पहिचान र खोज गरी यथाशक्य सरोकारवालाहरूको सहभागिता वृद्धि गर्न सके योजना कार्यान्वयनमा सकारात्मक प्रभाव पर्दछ। योजना तर्जुमा देखि कार्यान्वयन र मूल्याङ्कनको तहसम्म योजनालाई पारदर्शी बनाउँदा सरोकारवालाहरूको सहभागिता वृद्धि गर्न सकिने कुरा विद्यालयका प्रधानाध्यापकहरूको रहेको छ।

योजनामा समावेश गरिएका कार्यक्रमहरूलाई सफलतापूर्वक सम्पन्न गर्न शिक्षा क्षेत्रसँग सम्बन्धित सरोकारवालाहरूको पहिचान गरी उनीहरूलाई समेत योजनाको हिस्साको रूपमा स्थापित गराउनु पर्दछ। लेटाङ गाविसले वर्तमान अवस्थामा सामुदायिक वनले सामुदायिक विकासको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याइरहेको छ। त्यसैले सामुदायिक वनसँग योजना कार्यान्वयनमा सहकार्य गरी शिक्षाको क्षेत्रमा लगानी गर्न गाविसले उत्प्रेरिति गर्नुपर्ने सुझाव शिक्षकहरूको रहेको छ। योजना तर्जुमा देखि कार्यान्वयन र मूल्याङ्कनको तहसम्म गरिएका कार्यहरू र आय व्ययलाई पारदर्शी बनाउँदा सरोकारवालाहरूको सहभागिता वृद्धि गर्न सकिने कुरामा लेटाङ गाविसका राजनीतिक क्षेत्रका कार्यकर्ताहरूको रहेको छ।

### ४.४.३ आवश्यकताको पहिचान

कुनै पनि योजना निर्माण गर्दा सर्वप्रथम आवश्यकताको पहिचान गर्नुपर्ने हुन्छ। आवश्यकताको पहिचान सही ढङ्गबाट भएन भने योजनाले राखेका उद्देश्यहरू प्राप्त हुन सक्दैन। त्यसैले आवश्यकताको पहिचान गर्नका लागि सर्वप्रथम विद्यालयहरूको अवस्था

थाहा पाउन विद्यालय स्वमूल्याङ्कनको विश्लेषण गर्नु अनिवार्य हुने कुरामा कटहरी गाविसका विद्यालयका प्र.अ.हरूले सुझाव दिएका छन् ।

योजना निर्माणको पहिलो पाइलो नै आवश्यताको पहिचान हो । विद्यालयहरूले आवधिक रूपमा निर्माण गर्ने विद्यालय सुधार योजनाले आवश्यकता पहिचान गरी प्राथमिकीकरण गर्न मार्ग प्रशस्त गर्दछ । अमरदह गाविस क्षेत्रभित्र रहेका विद्यालयका प्र.अ., वि.व्य.स. अध्यक्षहरू, शिक्षक अभिभावक संघ कार्यकारी समितिका अध्यक्षहरू र स्थानीय स्तरमा रहेका सरोकारवाला संघसंस्थाहरूसँग समन्वय र अन्तरक्रिया गरी आवश्यकताहरूको आँकलन गर्नुपर्ने हुन्छ ।

लेटाङ गाविसमा वस्तुगत रूपमा आवश्यकता पहिचान हुँदा एउटा प्रभावकारी योजना निर्माण गर्न सकिन्छ । विद्यालयहरूको स्वमूल्याङ्कन विश्लेषण पनि आवश्यकता पहिचानको एउटा प्रमुख आधार हुने कुरा वि.व्य.स. अध्यक्षहरूको रहेको छ । विद्यालयहरूले आ-आफ्नो सेवा क्षेत्रभित्र शैक्षिक सर्वे गर्ने, विद्यालय सुधार योजना निर्माण गर्ने कुरा ध्यान दिनुपर्ने कुरामा जोड दिइएको छ । आवश्यकताको पहिचानमा सरोकारवाला व्यक्ति संघसंस्थाको अनिवार्य सहभागिता हुनुपर्ने सुझाव स्थानीय राजनीतिक दलका कार्यकर्ताहरूको रहेको छ ।

### ४.४.४ समन्वय

कटहरी गाविसमा योजना निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाउनका लागि सरोकारवाला सबै पक्षहरूबीच समन्वय र सहकार्यको आवश्यकता पर्दछ । सरोकारवालाबीच राम्रो समन्वय भए मात्र योजनामा राखिएका कार्यक्रमहरू निर्धारित समयसीमात्रि सम्पन्न गर्न सकिन्छ । त्यसैगरी सबैले आ-आफ्नो जिम्मेवारी पूरा गर्नलाई सबैको बीचमा समन्वय हुनका लागि गाविसले पहल कदमी अगाडि बढाउनु पर्ने कुरा विद्यालय व्यवस्थापन पक्षको रहेको छ ।

अमरदह गाउँ शिक्षा योजना निर्माण गर्ने तहदेखि कार्यक्रम कार्यान्वयन गर्ने तहसम्म गाउँ शिक्षा समितिले योजनासँग सरोकार राख्ने सबै संघसंस्था, व्यक्तिसँग समन्वय गर्नु अपरिहार्य हुन्छ । सम्भव भएसम्म स्थानीय स्तरमा सबै सरोकारवालाहरूसँग सम्पर्क सञ्जाल निर्माण गरी सहकार्य गर्न सबै योजना निर्माणदेखि कार्यान्वयन तहमा आवश्यक पृष्ठपोषण प्राप्त

गरी आवश्यक कमी कमजोरीलाई समयमै समाधान गर्न सघाउ पुग्छ। सरोकारवालाहरूको उद्देश्यपूर्ण सहभागिता हुन्छ। जसले योजना कार्यान्वयनमा सफलता प्राप्त हुन्छ।

लेटाङ गाविसमा गाउँ शिक्षा समितिले योजना निर्माण गरे तापनि गाविसले योजनाको अभिभावकत्व ग्रहण गर्नुपर्ने हुन्छ। सरोकारवाला व्यक्ति तथा संघसंस्थाबीच समन्वय कायम गर्न गाविसको मुख्य भूमिका रहन्छ। तसर्थ गाविस क्षेत्रमा अनौपचारिक शिक्षा अन्तर्गत साक्षरता कार्यक्रम सञ्चालन गरिरहेका गैह्रसरकारी संघसंस्थाहरू, सामुदायिक अध्ययन केन्द्र, स्थानीय तहका महिला तथा बालबालिकाहरूको क्षेत्रमा काम गर्ने संघसंस्थाहरू तथा विद्यालयहरूसँग समन्वय र सहकार्य गर्दा सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउँदा योजनाका कार्यक्रमहरू सफलतापूर्वक सम्पन्न गर्न सकिन्छ। त्यसैले गाविसले मुख्य समन्वयकर्ताको भूमिका निर्वाह गर्नुपर्ने कुरामा सामाजिक कार्यकर्ताको भनाइ रहेको छ।

### ४.४.५ बजेट वृद्धि

कटहरी गाविसका योजनामा राखिएका कार्यक्रमहरू कार्यान्वयन गर्नका लागि बजेटको कमी रहेको पाइयो। गाविसको बजेटको ठूलो अंश गाविस कर्मचारी व्यवस्थापन खर्चिनु परेकाले कार्यक्रमहरू सम्पन्न गर्न नसकिएकाले विद्यालयहरू स्थानीय सरोकारवाला संघसंस्थाहरूले पनि आफ्नो बजेट तर्जुमा गर्दा गाउँ योजनाका लागि पनि बजेट विनियोजन गर्न सके कार्यक्रम कार्यान्वयनमा सहजता हुने कुरा गाविस सचिवको रहेको छ।

अमरदह गाविसका योजना निर्धारित कार्यक्रमहरू सम्पन्न हुन नसक्नुमा बजेटको कमी हुनुलाई मुख्य रूपमा लिइएको छ। बजेट विनियोजन पूर्व नै सरोकारवाला संघसंस्थाहरूलाई कार्यक्रम सम्पन्न गर्नका लागि लगानी गर्न उत्प्रेरित गर्नुपर्छ। कार्यक्रम किन र केका लागि भन्ने विषयमा संस्थागत रूपमा संघसंस्थाहरूसँग संवाद चलाउनु आवश्यक हुन्छ। उनीहरूलाई योजनाको अपनत्व ग्रहण गराउनतर्फ ध्यान केन्द्रित गर्न सके योजना कार्यान्वयनका लागि बजेट वृद्धि गर्न सकिने कुरा समाजेसवीहरूको रहेको छ।

लेटाङ गाविसमा योजना कार्यान्वयनका लागि विनियोजन बजेटलार्य गाविसले मात्र ध्यान नसकेको तथ्य प्रष्ट छ। अन्य क्षेत्रबाट स्रोत साधन जुटाउन नसके योजना सम्पन्न गर्न नसकिने भएकाले स्थानीय वित्तीय संस्थाहरूलाई पनि योजनाको साझेदारी बनाउनु पर्ने

भवन निर्माण तथा अपुग शिक्षक दरबन्दीका लागि शिक्षा कार्यालयले जिम्मेवारी लिनुपर्ने र विद्यालयहरूको सहभागितामा भकारी कोष स्थापना गरिएमा सो भकारी कोष वृद्धि गर्न स्थानीय संघसंस्था, स्थानीयदाताहरूलाई प्रोत्साहन गर्नुपर्ने तर्क गाविसको रहेको छ। गाउँ शिक्षा समितिले गाविसले जि.वि.स.सँग समन्वय गरी आवश्यक बजेट उपलब्ध गराउनुपर्ने कुरामा जोड दिएको छ ।

### ४.४.६ प्राविधिक जनशक्तिको व्यवस्था

कटहरी गाविसमा योजना तर्जुमा प्राविधिक कार्य हो। गाउँ शिक्षा योजना तर्जुमा गर्दा प्राविधिक जनशक्तिको अभाव रहेको कुरालाई योजना तर्जुमा समितिमा रहने पदाधिकारीहरूले महसुस गरेको पाइयो। निश्चित खाकामा बजेटको समेत व्यवस्थापन गरेर बजेट निर्माण गर्नुपर्ने भएकाले जि.शि.का.सँग समन्वय गरी जनशक्ति उपलब्ध गराउन पहल गर्नुपर्ने आवश्यकता रहेको कुरा सरोकारवालाहरूको रहेको छ।

अमरदह गाविस मा योजना निर्माणदेखि कार्यान्वयन तथा मूल्याङ्कन तहसम्म दक्ष प्राविधिक जनशक्तिको कमी रहेको गाविस समितिले महसुस गरेको छ। के कार्यक्रम राख्ने, कार्यक्रमको कार्यान्वयनको कार्यविधि कस्तो हुने, कार्यक्रम मूल्याङ्कनका आधारहरू कसरी निर्धारण गर्ने जस्ता विषयहरूको निराकरणका लागि प्राविधिक जनशक्तिको खाँचो रहने हुनाले गाविसले प्राविधिक जनशक्तिको व्यवस्थापन गर्नुपर्ने कुरामा गाउँ शिक्षा योजनाका पदाधिकारीहरूको रहेको छ ।

लेटाङ गाविसमा योजना निर्माणको क्रममा प्राविधिक जनशक्तिको खाँचो रहेको कुरा योजना निर्माण समितिले महसुस गरेको छ। योजनामा समाविष्ट कार्यक्रमहरू प्राविधिक ज्ञानको कमीले समय सीमाभित्र सम्पन्न गर्न नसकिएकोले योजना निर्माणको तहदेखि मूल्याङ्कनको तहसम्म शिक्षासँग सरोकार राख्ने संघसंस्था वा जिल्ला शिक्षा कार्यालयले प्राविधिक सहयोग उपलब्ध गराउन गाउँ शिक्षा समितिले पहल गर्नुपर्ने सुझाव वि.व्य.स.का अध्यक्षहरूको रहेको छ ।

### ४.४.७ सामुदायिक जनचेतनाको विकास

कटहरी गाविसका समुदायलाई विद्यालय हामी सबैको हो भन्ने भावनाको विकास गराउन आवश्यक हुन्छ। सेवा क्षेत्रभित्रका अभिभावकहरूलाई शैक्षिक जागरण गराउन सके अभिभावक तथा विद्यालयको सम्बन्ध प्रगाढ हुने, अभिभावकहरूसँग विद्यालयको सुमधुर सम्बन्ध कायम हुने हुनाले, स्थानीय सरोकारवालासँग संस्थासँग समन्वय गरी अभिभावक जनचेतना कार्यक्रमलाई अभियानको रूपमा लैजाँदा कक्षा छाड्ने र दोहोऱ्याउने सङ्ख्यामा कमी ल्याउन सकिने हुँदा स्थानीय संघसंस्थाहरूसँग सो कार्यका लागि सहयोग लिन पहल गर्ने ।

अमरदह गाविसमा गाविस क्षेत्रको शैक्षिक उपलब्धि वृद्धिलाई सूचकमा राखिएको छ। सेवा क्षेत्रभित्रका अभिभावकहरूलाई शिक्षा सम्बन्धी जनचेतना गराउन गा.शि.स.को संयोजनमा विद्यालयका वि.व्य.स. तथा शिक्षक अभिभावक संघ कार्यकारी समिति, स्थानीय क्लब, बाल सञ्जाल तथा सरोकारवाला अन्य संघसंस्थासँग समन्वय र सहकार्य गरी सामुदायिक सचेतना कार्यक्रम कार्ययोजना मै समावेश गरिने कार्यक्रम गर्ने ।

लेटाङ गाविसमा सबै बालबालिकालाई विद्यालय प्रवेश गराउन, बालबालिकाहरूको सिकाइ उपलब्धि वृद्धि गर्न तथा गुणस्तरीय शिक्षा प्रदान गर्न समुदायमा शैक्षिक सचेतना हुनु आवश्यक छ। समुदायलाई शिक्षाप्रति सकारात्मक धारणाको विकास गर्न विद्यालय स्वागत कार्यक्रम अन्तर्गत घरदैलो कार्यक्रम प्रभावकारी हुने कुरा शिक्षकहरूको रहेको छ ।

विद्यालयका शैक्षिक गतिविधिहरूका सम्बन्धमा अभिभावकहरूलाई विद्यालयमा आमन्त्रण गर्ने अभ्यास गर्दा पनि समुदायको शिक्षाप्रति सकारात्मक धारणाको विकास गराउन सकिने कुरा वि.नि.हरूको रहेको छ। प्रत्येक विद्यालयहरूले आफ्नो सेवाक्षेत्रभित्रका सरोकारवाला संघसंस्थासँग समन्वय र सहकार्य गरी सामुदायिक सचेतना कार्यक्रमलाई निरन्तर सञ्चालन गर्नुपर्ने जोड सामाजिक कार्यकर्ताहरूको रहेको छ ।

मोरङ जिल्लाका विभिन्न गाविसहरूमा कटहरी, अमरदह र लेटाङ गाविसहरूले निर्माण गरेर कार्यान्वयनको तहमा पाँच वर्षे गाउँ शिक्षा याजनालाई लक्षित गरी अध्ययन अनुसन्धानद्वारा तयार पारिएको शोधपत्रको विषय 'गाउँ शिक्षा योजनाको निर्माण र कायान्वयनको अवस्था'

लाई तयार गर्ने क्रममा गाविसका सरोकारवाला पक्षहरू गाविस सेवा क्षेत्रका प्र.अ.हरू वि.व्य.स अध्यक्षहरू, स्रोत व्यक्तिहरू, विद्यालय निरीक्षक, शिक्षक विद्यार्थीहरू र गाविस सचिवबाट प्राप्त तथ्यहरूको आधारमा योजना निर्माण र कार्यान्वयनमा देखिएका समस्याहरूको पहिचान गर्न र ती समस्याहरू र चुनौतिहरूको समाधान सहितको उपायहरू सुझाउने उद्देश्य राखेर यो शोधपत्र तयार पारिएको छ। अध्ययन अनुसन्धानका क्रममा प्राप्त सूचनाहरूको व्याख्या विश्लेषण गरेर अध्ययनका प्राप्तिहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

प्रत्येक गाविसहरूले गठन गरेको गाउँ शिक्षा समितिहरूको सक्रियतामा गाविसलाई मुख्य नेतृत्वदायी भूमिकाका रूपमा लिएर सेवा क्षेत्रभित्रका विद्यालयहरूलाई सम्बोधन गर्ने गरी निर्माण गरिएको गाउँ शिक्षा योजनाहरू निर्माण प्रक्रियादेखि कार्यान्वयनको अवस्थासम्मलाई पहिचान गर्ने योजनाले आफ्नो उद्देश्य तथा लक्ष्य राखेको पाइयो। अध्ययनको केन्द्र विन्दु पहिल्याउने क्रममा प्रत्येक गा.वि.सका विद्यालयहरू क्रमशः विरेन्द्र सार्वजनिक मा.वि., अमरदह, लोककल्याणकारी प्रा.वि., अमरदह, शान्ति भगवती उच्च मा.वि, लेटाङ्ग, श्री हिमाली प्रा.वि., लेटाङ, जनप्रिय मा.वि, कटहरी, श्री गणेश प्रा.वि.कटहरीलाई अध्ययनको जनसङ्ख्याको रूपमा लिईएको छ।

योजनाको निर्माण र कार्यान्वयनको दिशामा आवश्यक पर्ने आर्थिक तथा अन्य पक्षलाई मजबुत पार्ने स्रोतसाधनहरू गाउँ शिक्षा योजनाले गाविसले आर्थिक अनुदानको व्यवस्था गरेको पाइन्छ। गाविस सेवा क्षेत्रलाई प्रभावकारी सेवा पुगोस् भनेर गाउँ शिक्षा योजना निर्माण गर्दा सोही अनुसार बजेट विनियोजन गरेको पाइयो।

सेवा क्षेत्रभित्रका विद्यालय जाने उमेरका बालबालिकाहरूको प्राथमिक शिक्षा पहुँच अभिवृद्धिका लागि योजनाले राखेको लक्ष्य र सूचक अनुसार भर्नादरमा क्रमशः वृद्धि हुँदै गएको पाइन्छ। सरोकारवाला पक्ष र सम्बन्धित निकायका बीचमा सकारात्मक सहयोग रहेको पाइन्छ। स्थानीय तहमा योजना प्रतिको दायित्व, जिम्मेवारी र अधिकार प्रयोग तथा कर्तव्य निभाउने सवालमा अपनत्वको भावना सामान्य रूपमा विकास भएको पाइन्छ।

सेवा क्षेत्रभित्रका विद्यालयहरूमा बालमैत्री विद्यालय वातावरण निर्माण र छात्राहरूको भर्नादरलाई आकर्षित गर्ने कार्यदिशामा विद्यालय व्यवस्थापन समिति, सम्पूर्ण विद्यालय र समाजका अगुवा समुदायहरूबाट गाविसको पहलमा उक्त कार्य गर्ने गरेको पाइयो । साथै विद्यालयको भौतिक सुविधा अन्तर्गत छात्र र छात्रा शौचालयहरू अलग-अलग रूपमा निर्माण गरी सुविधा पुग्ने हिसाबमा प्रयोगमा ल्याउन नसकेको पाइयो। शैक्षिक सामग्रीहरूको निर्माण सङ्कलन र व्यवस्थापन गर्ने सम्बन्धमा पनि कुनै कुनै विद्यालयमा सराहनीय रूपमा गर्ने गराउने देखियो भने कुनै पनि सामान्य अवस्था रहेको पाइन्छ ।

शिक्षण सिकाइलाई प्रभावकारी तथा गुणात्मकता प्रदान गर्न शिक्षक तालिम र यसको प्रयोग कक्षाकोठामा गर्नुपर्ने सवालमा कमिकमजोरीहरू रहेको पाइन्छ। सञ्चार सीपको अभावमा शिक्षण सिकाइलाई कक्षाकोठामा दोहोरो अन्तरक्रियाका रूपमा सञ्चालन गर्न नसकेको पाइयो। विद्यालय प्रशासनमा पनि शैक्षणिक व्यवस्थापन र सुपरिवेक्षणमा प्र.अ. लगायत शिक्षकहरू, वि.व्य.स.का पदाधिकारीहरूमा तदारुताका भने जति नरहेको पाइयो। यसै गरी आर्थिक पछौटेपन गरिबी र चेतनाको कमले गर्दा सामाजिक न्यायका दृष्टिकोणबाट समावेशी शिक्षा पहुँचको अवस्था सन्तोषजनक नभएको पाइयो ।

# परिच्छेद पाँच : निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

यस अध्ययनका क्रममा अध्येताबाट मोरङ जिल्लाका ३ ओटा गाविसहरूलाई जनसङ्ख्याका रूपमा लिने मुख्य आधार यो शोधपत्र तयार पार्दा उपलब्ध तथ्याङ्कहरूलाई व्याख्या विश्लेषण प्राप्त, प्राप्तिका आधारमा निम्नानुसार निष्कर्ष निकालिएको छ ।

उल्लेख गरिएका तीनओटा गाविस सेवा क्षेत्रका विद्यालय उमेर समूहका विद्यार्थीहरूलाई प्राथमिक शिक्षाको पहुँच अभिवृद्धिका लागि गाउँ विकास समिति लगायत स्थानीय समुदायको भौतिक, आर्थिक र प्राविधिक सहयोग प्राप्त भएको पाइयो । बढ्दो जनसङ्ख्या, शिक्षाप्रतिको चेतनामा वृद्धि जस्ता कुराले विद्यालय जाने बालबालिकाको सङ्ख्या दिनप्रतिदिन बढ्दै गएबाट सेवा क्षेत्र विस्तार हुँदै गएको परिप्रेक्षमा आर्थिक अभावलाई सम्बोधन गर्ने कार्यक्रम पर्याप्त नभएको पाइयो । विद्यालयको लागानी सुविधा अन्तर्गत जनप्रिय मा.वि., कटहरीमा विद्यालय भवन ८ र कक्षा कोठा सङ्ख्या ३० ओटा रहेका छन् भने शौचालय जम्मा १० ओटा कोठाको भएको पाइयो ।

लेटाङ गाविस अन्तर्गत शान्ति  भगवती उच्च मा.वि.का भवनहरू १० ओटा भएको पाइयो । जसमा कक्षा कोठाहरू ५ ओटा रहेका छन् । विद्यालयमा घेराबारा अस्थायी रूपमा बाँसको लगाइएको पाइयो । त्यसै गरी अमरदह गाविसको विरेन्द्र सार्वजनिक मा.वि.मा भवन सङ्ख्या ५ कक्षा कोठा सङ्ख्या २०, शौचालय सङ्ख्या १ र घेराबारा अधुरो रहेको पाइयो भने लोक कल्याणकारी प्रा.वि.मा भवन सङ्ख्या २, कक्षा कोठा सङ्ख्या ५, शौचालय सङ्ख्या १ र घेराबारा नभएको पाइयो । उल्लेखित सम्पूर्ण विद्यालयहरूमा विद्यार्थी उपस्थिति मासिक रूपमा औसत १८ दिन रहेको पाइयो । उक्त विद्यालयमा कार्यरत शिक्षकहरू बहुसङ्ख्यक तालिम प्राप्त भएको पाइयो भने कम मात्रामा तालिम अप्राप्त शिक्षक रहेको पाइयो ।

## ५.२ सुझावहरू

यस मोरङ जिल्लाका ३ ओट गाविसहरू क्रमशः कटहरी, अमरदह र लेटाङ गाविस अन्तर्गत पर्ने सामुदायिक विद्यालयहरूलाई सम्बोधन हुने गरी बनाइएको गाउँ शिक्षा योजना निर्माण

र कार्यान्वयनमा विविध खाले समस्याहरू सामना गर्नु परेको छ। ती समस्याहरूका समाधानका लागि सुझाइएका उपायहरू पर्याप्त नभएकाले शैक्षिक क्षति न्युनिकरणका लागि योजना निर्माण र कार्यान्वयन पक्षलाई सघाउ पुग्ने उद्देश्यले निम्न तीन तहका सुझावहरू प्रस्तुत गरिएको छ :

### ५.२.१ नीतिगत तहका सुझावहरू

जिल्ला विकास कार्यालयले विद्यार्थी शिक्षक अनुपात मिलाउनुपर्ने शिक्षक दरबन्दीको व्यवस्था गर्नुपर्ने देखिन्छ। सबै सरोकारवालाहरूबीच समन्वय गराउने जिम्मेवारी गाविसले लिनुपर्ने देखिन्छ। त्यसैगरी योजनाको मूल्याङ्कन र प्रवोधिकरणमा सबै सरोकारवालासँग छलफल तथा अन्तरक्रिया चलाउनु पर्ने देखिन्छ।

योजना निर्माणमा प्राविधिक जनशक्तिको आवश्यकता पर्ने हुनाले सरोकारवाला निकायले योजना निर्माणमा सहजीकरण गर्न प्राविधिक जनशक्ति उपलब्ध गराउनुपर्ने हुन्छ। गाउँ शिक्षा समितिलाई व्यवस्थापन सम्बन्धी तालिम दिनुका साथै विद्यालयहरूले विद्यार्थीको सिकाइ उपलब्धि सुधार गर्न निरन्तर मूल्याङ्कन प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ। गाउँ शिक्षा समितिले विद्यालयहरूबीच परिचय, असल सम्बन्ध र एकअर्काका असल अभ्यासका सिकाइका लागि वार्षिक रूपमा गाविस स्तरीय विद्यालयहरूको अन्तरक्रिया कार्यक्रमको संयोजन गर्नुपर्ने।

### ५.२.२ अभ्यास तहका सुझावहरू

विद्यालयको अलगअलग रूपमा छात्र र छात्राहरूका लागि शौचालयको व्यवस्था गर्नुका साथै यसका लागि वि.व्य.स.ले जि.शि.का.मा पहल गर्नका साथै कक्षाकोठाको आवश्यक सुधार तथा आवश्यकता अनुसार कक्षाकोठा थप गर्न विद्यालयले स्थानीय वित्तीय संघसंस्था, दाता तथा जि.शि.का.सँग समन्वय हुन्छ।

योजना तर्जुमा गर्दा प्रारम्भ मै सेवा क्षेत्रभित्रका समस्या र आवश्यकताहरू वस्तुगत ढङ्गले पहिचान गर्नुपर्ने हुन्छ। विद्यालय छाड्ने प्रवृत्तिलाई कम गर्न र टिकाइ राख्नका लागि विद्यालय व्यवस्थापन समितिले बालमैत्री सिकाइ वातावरण निर्माण गर्न आवश्यक भूमिका

निर्वाह हुन्छ। बसाइ व्यवस्थापन गर्नका लागि कक्षाकोठाका फर्निचरहरू विद्यार्थीको उमेरअनुसार निर्माण गरी कक्षा व्यवस्थापनमा जोड दिनुपर्दछ।

सरोकारवालाको सक्रिय सहभागितामा योजनाको कार्यान्वयन प्रभावकारी हुने भएकाले सेवा क्षेत्रभित्र सरोकारवाला संघसंस्थाको पहिचान गरी समन्वय गरेर सरोकारवालाहरूको सहभागिता अभिवृद्धि गर्नुपर्दछ। अन्त्यमा जि.शि.का. ले सबै प्र.अ. तथा शिक्षकहरूलाई जिम्मेवारी बोध व्यवस्थापकिय सिप तथा पेशागत सिप अभिवृद्धि सम्बन्धी तालिम तथा पुनर्ताजकी तालिम दिनुपर्ने देखिन्छ।

### ५.२.३ अनुसन्धान तहका सुझावहरू

गाउँ शिक्षा योजनाको निर्माण र कार्यान्वयन शीर्षकका अलावा निम्न शीर्षकमा थप अध्ययन अनुसन्धान सञ्चालन गर्न सकिन्छ :

क) गाउँ शिक्षा योजना र कार्यान्वयनमा समुदायको भूमिका

ख) गाउँ शिक्षा योजना र कार्यान्वयनमा प्रधानाध्यापकको सहभागिता

ग) गाउँ शिक्षा योजना र कार्यान्वयनको लेखाजोखा

घ) गाउँ शिक्षा योजना र शैक्षिक उपलब्धि

ङ) गाउँ शिक्षा योजना र कार्यान्वयनमा गैह्रसरकारी संस्थाको भूमिका

## सन्दर्भ सामग्री सूची


उपाध्याय, ख्यामप्रसाद (२०६९), *शिक्षा योजनाको निर्माण र कार्यान्वियनको अवस्था,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) काठमाडौंः त्रिभुवन विश्वविद्यालय ।

काफ्ले, चन्द्र (२०७१), विद्यालयको शैक्षिक विकासमा विद्यालय सुधार योजना, (अप्रकाशित स्नातकोत्तर शोधपत्र) इटहरीः जनता बहुमुखी क्याम्पस ।

काफ्ले, वासुदेव र अन्य (२०६४), *शिक्षाको वित्तशास्त्र,* काठमाडौंः सनलाइट प्रकाशन ।

कोइराला, विद्यानाथ र श्रेष्ठ चन्द्रबहादुर (२०६४), *शैक्षणिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

नेपाल सरकार (२०५९), *शिक्षा नियमावली* (सातौं संशोधन), काठमाडौंः कानुन किताब व्यवस्था समिति ।

नेपाल सरकार (२०६४), नेपालमा शिक्षा योजना, *अवधारणा तथा प्रयोग पुस्तिका,* काठमाडौंः लेखक ।

नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय (२०६५), *मोरङ जिल्ला एक चिनारी* मोरङ : लेखक ।

नेपाल सरकार (२०७२) *नेपालको संविधान* (दोस्रो संशोधन), काठमाडौंः कानुनी किताब व्यवस्था समिति ।

नेपाल सरकार, राष्ट्रिय योजना आयोगको सचिवालय, केन्द्रीय तथ्याङ्क विभाग शाखा तथ्याङ्क कार्यालय, विराटनगरः *स्थानीय निकायका ऐन/नियमको सङ्ग्रह,* (२०६५) काठमाडौंः पुतलीसडक, बौद्धिक दर्पण प्रकाशन ।

विद्यालय क्षेत्र सुधार कार्यक्रम (२०६४), *नीति र रणनीति सम्बन्धी मूल दस्तावेजको मस्यौदा,* काठमाडौंः केशरमहल ।

शर्मा, चिरञ्जीवी र शर्मा निर्मला, (२०६४), *पाठ्यक्रम योजना र अभ्यास,* काठमाडौंः एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

शिक्षा विभाग (२०५८), *विद्यालय सुधार* योजना, *तालिम पुस्तिका,* भक्तपुरः लेखक ।

(journalof EPMAN.VOI I NOV. 2008. *शैक्षिक योजना तथा व्यवस्थापन समाज* (EMPAN नेपाल ।

http://en. wikipedia. org/wiki/decentralization

अनुसूची १

गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन

गाविस सचिवका लागि तयार गरिएका प्रश्नावलीहरू

नामः पद

मितिः

तलका प्रश्नहरूको सर्वोत्कृष्ट विकल्पमा (√) चिन्ह लगाउनुहोस् :

१) यस गाविसको प्रमुख शैक्षिक समस्या के हो ?

क) शिक्षा पद्धतिसँग सम्बन्धित नीति तथा कार्यक्रमगत समस्या ।

ख) सरकारले नीतिगत रूपमा पाठ्यक्रम तयार गर्दा राखेको स्थानीय विषय/ मातृभाषा चयनको समस्या ।

ग) स्रोतसाधनको अभाव

घ) कार्यक्रम कार्यान्वयनमा अभाव

२) यहाँको शैक्षिक समस्या समाधान गर्न आवश्यक पर्ने योजना निर्माण गर्नुपर्दा सुरुमा कहाँबाट कार्य प्रारम्भ गुर्नुहुन्छ ?

क) अभिभावक भेला बोलाएर जानकारी गराउँछु ।

ख) भेलाबाट योजना निर्माण गर्नका लागि अभिमत संग्रह गर्दछु ।

ग) सबै सरोकारवालाहरूको सहयोगमा प्रमुख शैक्षिक समस्या पत्ता लगाउँछु ।

घ) आफूलाई जाँचेको राय लागु गर्ने प्रयास गर्छु ।

३) यस क्षेत्रमा स्थानीय भाषाका रूपमा कुन भाषालाई शिक्षाको माध्यम बनाउन उपयुक्त हुन्छ ?

क) मैथिली ख) राजवंशी ग) सतार (सन्थाल) घ) नेपाली

४) यहाँको समुदायमा शैक्षिक चेतना अभिवृद्धिमा कस्तो कार्यक्रम आवश्यक पर्ला ?

क) भाषिक सञ्चार सीप विकास कार्यक्रम ।

ख) आयमूलक महिला जागरणसँग मेल खाने कार्यक्रम ।

ग) स्थानीय सीपमा आधारित सीपमूलक कार्यक्रम ।

घ) लैङ्गिक विभेदका विरुद्ध जनचेतना मूलक कार्यक्रम ।

५) यस क्षेत्रको शैक्षिक मागअनुसार आवश्यकता पहिचान कसरी गर्नुहुँन्छ ?

क) सामाजिक अगुवा कार्यकर्ताबाट मागलाई सूचीकृत गराएर ।

ख) बहुसङ्ख्यक सरोकारावालाहरूको आफ्ना आवश्यकता निर्क्यौल गर्न सक्ने क्षमता विकास गराएर ।

ग) सेवा क्षेत्रभित्रका सम्पूर्ण आफ्ना इच्छा चाहना र आवश्यकता छनोट गर्ने क्षमता विकास गराएर ।

घ) स्थानीय उपलब्धता र महत्वका आधारमा माग पूरा गर्ने विषयप्रति जानकारी गराएर ।

६) स्थानीयलाई योजना निर्माणमा सहभागी गराउन  कस्तो चेतनामूलक कार्यक्रम आवश्यक हुन्छ ?

क) अरूले होइन पहिला आफूले गर्नुपर्छ भन्ने भावना जगाउने ।

ख) अरूले पहिला देखाइदिंदा मात्र काम गर्न सकिन्छ भन्ने भावनालाई मान्यता दिने

ग) राजनीतिक आस्था अनुसारको प्रशिक्षाण दिएर ।

घ) भाग्यमा जे छ त्यही मात्र सम्भव हुन्छ भन्ने सोचलाई निरन्तरता दिएर ।

७) शिक्षा विकासका लागि योजना तर्जुमा गर्न चाहिने यहाँका उपलब्ध साधन स्रोत केके छन् ?

क) सरकारले उपलब्ध गराउने नीतिगत प्राविधिक तथा अन्य सहयोगहरू ।

ख) स्थानीय शिक्षित व्यक्तिहरू ।

ग) सरकारी अनुदान र जनसहयोगबाट निर्मित शैक्षिक संस्थाहरू ।

घ) स्थानीय रूपमा प्राप्त हुने जनश्रम, शिक्षित बेरोजगार, स्वयंसेवकहरू ।

८) स्थानीय विकास योजनाको विशेषतानहरू केके हुन सक्छन् ?

क) आफू खुशी मनलागि योजना निर्माण र कार्यान्वयन गर्न पाउने प्रावधान हुनु ।

ख) अगुवा टाठाबाठा र ओजस्वी व्यक्तिको बाहुल्यता हुनु ।

ग) स्वायत्त अधिकारको उपभोग र प्रत्याभूति सराकारवालाहरूमा रहनु ।

घ) साधन स्रोतको परिचालन र वितरण केन्द्रले तोकेअनुसार हुनु ।

९) यस गाविस कार्यालयले योजना तर्जुमा र कार्यान्वयनका लागि के कस्ता नीतिहरू बनिएको छ ?

..................................................................

...................................................................

.................................................................

...................................................................

१०) गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनप्रति तपाइँको आगामी योजना तथा रणनीति कार्यक्रम कस्तो छ ?

............................................................

..............................................................

........................................................

११) शैक्षिक योजना निर्माण, व्यवस्थापन र सुपरिवेक्षण कार्यमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने गराउने तपाइँको आगामी योजना कस्तो छ ?

..........................................................

................ ......................... .............

.............................. ........................

अनुसूची २

## गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन

## विद्यालयका प्र.अ. लागि प्रश्नावली

नामः पद

मितिः

१) मानव विकासको प्रमुख माध्यम शिक्षाको महत्व सम्बन्धमा केही शब्द भनिदिन अनुरोध छ ।

२) शिक्षा विकासका लागि योजनाबद्ध प्रयासका बारेमा स्पष्ट अभिमत राख्न निवेदन गर्दछु ।

३) योजनाबद्ध कार्यक्रमका लागि यस क्षेत्रमा पाइने शैक्षिक समस्याहरू औंल्याउनुहोस् ।

४) यहाँका सामाजिक संरचना र भाषिक विविधताले गर्दा शिक्षा योजना निर्माणका लागि समस्याहरू पहिचान गर्दा कस्ता कठिनाइहरूको सामना गर्नुपर्‍यो ?

५) गाउँ शिक्षा समिति र वि.व्य.स. का बीचमा तालमेल मिलाउन तपाइँको भूमिकाको सम्बन्धमा आफ्नो भनाई स्पष्ट रूपमा राखिदिन अनुरोध गर्दछु ।

६) गाउँ शिक्षा योजना निर्माण गरेर कार्यान्वयन गराउँदा आइपरेका चुनौतिहरू केके पाउनु भयो ?

७) तपाईंहरू स्वयंले शैक्षिक व्यवस्थापन योजना निर्माण साथै सुपरीवेक्षण कार्यमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्नुभायो कि भएन ? आत्म मूल्याङ्कन गर्नुहोस् ।

८) यस विषयमा भावी दिनमा तपाईको भूमिकाको आवश्यकतालाई पुष्टि गर्ने आधार केही छन् भने प्रष्ट्याई दिनुहोस् ।

अनुसूची ३

गाउँ शिक्षा  योजना निर्माण र कार्यान्वयन

स्रोत व्यक्ति/वि.नि.का. लागि पश्नावली

नामः                पद

मितिः

स्रोतकेन्द्रः

१) तपाईले गाविस स्तरीय शिक्षा योजना निर्माण गर्न कस्ता नीतिगत मार्गदर्शन उपलब्ध गराउनुभयो ?

२) यो गाविसले योजना निर्माणमा लक्षित गरेका विद्यालयहरूमा कस्ता कस्ता समस्याहरू छन् ?

३) यहाँ प्राथमिक तहको शैक्षिक उपलब्धि स्तर कतिसम्म छ ?

४) यस तहको शैक्षिक क्षति न्युनिकरण गर्ने केके उपायहरू हुन सक्छन् ?

५) प्राथमिक तहको शैक्षिक उपलब्धिलाई शतप्रतिशत बनाउने उद्देश्यले निर्माण गर्नुपर्ने योजनाका सम्बन्धमा प्रकाश पारी दिनुहोस् ।

६) स्रोत केन्द्रको बैठकमा प्र.अ.हरूबाट योजना निर्माण सम्बन्धमा कस्तो अभिमत उपलब्ध हुन्छ ?

७) प्राप्त अभिमतलाई सरकारी नीति नियमसँग तालमेल मिलाउन सफल असफल के हुनुभएको छ ?

८) योजना निर्माण तथा कार्यान्वयन प्रक्रियाका लागि तपाईंका केही सुझावहरू भए राखीदिन  अनुरोध गर्दछु ।

....................................   ..........

अनुसूची ४

गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन

शिक्षकहरूका लागि प्रश्नावली

नामः पद

मितिः

विद्यालयः

१) तपाईको यस विद्यालय सेवा क्षेत्रका सबै विद्यालय उमेरका बालबालिकाहरू भर्ना भएका छन् ?

१) तपाईंको यस विदालय सेवा क्षेत्रका सबै विद्यालय उमेरका बालबालिकाहरू भर्ना भएका छन् ?

क) छन् ख) छैनन्

२) विद्यालय सेवा क्षेत्रका सबै विद्यालय उमेरका बालबालिकाहरूलाई 'विद्यालय स्वागत कार्यक्रमद्वारा' समेट्न सक्नुभयो ?

क) समेटिएका छन् ख) समेटिएका छैनन्

३) विद्यालय बालमैत्री वातावरण निर्माण गर्न सबै शिक्षक प्र.अ. तथा विद्यार्थीहरूका बीचमा समन्वय गर्दा सम्भव हुन्छ कि हुँदैन ?

क) हुन्छ ख) हुँदैन

४) छात्राको भर्ना प्रतिशत विद्यालय प्रवेश उमेर अनुसार कस्तो छ ?

क) % ख) शतप्रतिशत

५) प्राथमिक तहमा शैक्षिक क्षति न्युनिकरण गर्नका लागि विद्यालय स्वागत अभियानको प्रभाव कस्तो रह्यो ?

क) सन्तोष जनक ख) अझै प्रयास आवश्यक छ

६) प्राथमिक तहको शैक्षिक न्युनिकरणद्वारा उपलब्धि वृद्धिमा तपाइँको पेशागत क्षमता विकासले असर गर्ने ठान्नु हुन्छ कि हुँदैन ?

क) अवश्य पनि ख) खासै प्रभाव पर्दैन

७) शिक्षा विकासमा यस क्षेत्रमा गर्नुपर्ने प्राथमिक प्रयास स्वरूप भाषिक सीपलाई पहिलो शर्त मान्नुहुन्छ कि हुँदैन ?

क) मान्छु ख) मान्दिन

८) भाषिक सञ्चार सीपको अभावमा सिकाइ गतिरोधलाई हटाउन औपचारिक शिक्षाको माध्यम राष्ट्रिय भाषा नेपाली वा मातृभाषा/स्थानीय भाषा कुन उपयुक्त हुन्छ ?

क) शिक्षाको माध्यम नेपाली नै ठीक ख) स्थानीय/मातृभाषामा हुनु ठीक

९) सम्पूर्ण पक्षको विकासका लागि शिक्षा योजना आवश्यक छ वा छैन ?

क) छ ख) छैन

१०) त्यसैले शिक्षा योजना निर्माण गरेर त्यसलाई प्रभावकारी कार्यान्वयनद्वारा शैक्षिक समस्याहरू सम्बोधन हुन सक्ने पक्षमा वा विपक्षमा आफ्नो राय सहित सुझाव केही भए प्रस्तुत गरिदिनुहोस् ।

...................... ........................

............................ .........................

अनुसूची ५

गाउँ शिक्षा  योजना निर्माण र कार्यान्वयन

वि.व्य.स.अध्यक्षका लागि प्रश्नावली

नामः                पद

मितिः

विद्यालयः

१. शिक्षा योजना निर्माणका लागि आवश्यकताको पहिचान गर्ने प्रक्रियामा सहभागी हुनुभयो वा भएन ? हुनु भयो भने के कस्ता आधारमा आवश्यकताको छनौट गर्नुभयो ?

२. गाउँ शिक्षा समितिमा तपाईको सहभागिता रह्यो वा रहेन ? रह्यो भने योजना निर्माणमा के भूमिका निर्वाह गर्नुभयो ?

३. प्राय सबै विद्यालयमा विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी कम हुँदा शिक्षक अपुग भएको अवस्था कसरी पठनपाठन भइरहेको छ ?

४. योजना कार्यान्वयनमा वि.व्य.स. अध्यक्षको महत्वपूर्ण भूमिका रहन्छ त्यसका लागि तपाईले के कस्ता पहल गर्नुभएको छ ?

५. तपाईलाई गाउँ शिक्षा योजनामा समावेश गरेका कार्यक्रमहरू सम्पन्न हुन्छन् जस्तो लाग्छ वा लाग्दैन ? लाग्छ भने कसरी सम्पन्न होला त ?

६. योजनाको प्रबोधिकरण गराइयो ? गराइयो भने कस्ता सरोकारवालाहरूलाई सहभागी गराइयो ।

७. योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सरोकारवालाहरूको बीचमा कसरी समन्वय गर्नुपर्ला ?

८. योजनाको आवधिक मूल्याङ्कनमा सहभागी हुनुभयो ? हुनुभयो भने कसरी अध्यावधि गर्नुभयो ?

# अनुसूची ५

## गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन

## सामाजिक कार्यकर्ताहरूका लागि प्रश्नावली

नामः पद

मितिः

विद्यालयः

१. तपाईलाई गाविसले गाउँ शिक्षा योजना तर्जुमा गर्ने सम्बन्धमा सहभागी गराएको थियो वा थिएन ? थियो भने योजना तर्जुमा गर्दा के कस्ता सुझाव दिनुभयो ?

२. सामाजिक कार्यकर्ताका हैसियतले गाविसको शैक्षिक अवस्थाका बारेमा तपाईको के धारणा रहेको छ ?

३. योजना निर्माणमा सहभागी हुनुभएको भए कस्ता शैक्षिक समस्यालाई प्राथमिकतामा राख्नुभयो ?

४. गाविसले तपाईलाई योजना कार्यान्वयनका लागि छलफल, अन्तरक्रियामा सहभागी गराएको थियो वा थिएन ? गराएको भए के कस्ता सुझावहरू प्रस्तुत गर्नुभयो ?

५. योजनालाई सरोकारवालाहरूले अपनत्व ग्रहण गरेको पाउनुभयो वा भएन ? भएन भने के कस्ता कारणहरू छन् ? जसले गर्दा सरोकारवालाहरूले अपनत्व ग्रहण गर्न सकेनन् ।

६. शिक्षा योजनाको कार्यान्वयनको तहमा देखिएका समस्याहरू के कस्ता होलान् ?

७. योजना निर्माणदेखि कार्यान्वयन तहसम्म गरिएका प्रयासहरू पर्याप्य थिए वा थिएनन् ? थिएनन् भने त्यसको जिम्मेवारी कसले र किन लिनु पर्ला ?

अनुसूची ६

**गाउँ शिक्षा  योजना निर्माण र कार्यान्वयन**

**शोधकर्ताद्वारा निर्मित अवलोकन फाराम**

| क.सं. | सूचक | भएको | कमजोर अवस्था रहेको | नभएको |
|---|---|---|---|---|
| १. | गाउँ शिक्षा योजनाको प्रमुख | | | |
| २. | सरोकारवालाहरूको सहभागिता | | | |
| ३. | गाउँ शिक्षा समितिको गठन (निर्देशिका अनुसार) | | | |
| ४. | योजना निर्माणमा गै.स.स.को सहभागिता | | | |
| ५. | गाउँ शिक्षा समितिको बैठकका निर्णयहरू | | | |
| ६. | योजनाको मूल्याङ्कन | | | |
| ७. | योजनाको अद्यावधि | | | |
| ८. | योजना अनुगमन तथा लेखाजोखाको अभिलेखिकरण | | | |
| ९. | गाविसले योजना कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजन | | | |

अनुसूची ७

गाउँ शिक्षा योजनाको कार्यक्रम एवं रणनीतिहरू, कटहरी गाविस, मोरङ

| क.सं | कार्यक्रम, क्रियाकलाप | रणनीति | उपादेयता | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | आकर्षक र अनुकूल वातावरण गर्ने, जस्तैः वृ.रो., फूलबारी, खेलकुद | गाविस विद्यार्थी, शिक्षक, अ.तथा स. परिचाालन गरेर | वातावरण रमाइलो हुने, शिक्षण सिकाइमा सहयोग पुग्ने । | गाविस, प्र.अ. शिक्षक विद्यार्थी तथा समुदाय |
| २ | भौतिक निर्माण मर्मत पुनर्निर्माण गर्ने | गाविस संघसंस्था समुदाय परिचालन गरेर । | शैक्षिक अनुकूल वातावरण तयार हुने । | वि.व्य.स., समुदाय गाविस, पि.टि.ए. |
| ३ | सटर निर्माण गर्ने (गाविसभित्र बजार जोडिएका विद्यालयका लागि) | | आर्थिक अवस्था सुदृढ हुने । | प्र.अ.,वि.व्य.स. स्रोत, वि.नि. शिक्षक, गाविस |
| ४ | पठनपाठनमा विद्यार्थी केन्द्रित विधि प्रयोग गर्ने । | शिक्षक तालिम, गोष्ठी, अन्तरक्रिया आदि गराउने (गाविस अन्तर्गत) | सिकाई उपलब्धीमा वृद्धि हुने | प्र.अ., वि.व्य.स., श्रोत व्यक्ति, वि.नी.शिक्षक, गाविस |
| ५. | शिक्षक विद्यार्थी नियमितता बढाउने | आचार संहिता तयार गरेर | अनुशासन कायम हुने, सिकाई स्तर बढ्ने | विद्यार्थी, शिक्षक, वि.व्य.स., श्रोत गाविस, पि.टि.ए। |
| ६. | चेताना मूलक कार्यक्रम सञ्चालन गर्ने | समुदाय परिचालन गरेर | सामुदायिक सचेतना वृद्धि जनसहभागिता जुट्ने | समुदाय, विद्यालय, वि.व्य.स., गाविस, प्र.अ. |
| ७. | शिक्षक दरबन्दीको व्यवस्था | सम्बन्धित निकायहरूसँग सम्पर्क राखेर | शिक्षक विद्यार्थी अनुपातमा कमी हुने, शिक्षण सिकाइ | वि.व्य.स., प्र.अ. |
| ८. | शैक्षिक सामग्री निर्माण | शिक्षक विद्यार्थीको सहयोग लिएर | पारदर्शिता आउने | प्र.अ., शिक्षक |
| ९. | वार्षिक कार्यतालिका निर्माण गर्ने | गा.शि.स., प्र.अ., शिक्षक, वि.व्य.स.को सहयोग लिएर शि.पा. पा.पु.विषय नदेखिएका | विद्यालय नियमित सञ्चालन हुने | प्र.अ., वि.व्य.स., शिक्षक वि स्रोत व्यक्ति |
| १०. | वार्षिक योजना निर्माण गर्ने | (शि.नि.,पा., पा.पु. वि. निर्देशिका) अन्तरक्रिया, छलफल गरेर | शैक्षिक उद्देश्य समयमै पुरा गर्न मद्दत पुग्ने | प्र.अ., शिक्षक (गाविस भरी स्रोत व्यक्ति) |

| | | | | |
|---|---|---|---|---|
| ११. | शिक्षक -शिक्षक बीच पठनपाठन विषयमा छलफल गराउने | विषय शिक्षकको सहयोग लिएर | शिक्षण समस्या समाधान गर्न मद्दत पुग्ने | प्र.अ., वि.व्या.स., वि.नी. स्रोत व्यक्ति |
| १२. | विद्यालय समुदाय सम्बन्ध सुदृढ पार्ने | जिम्मेवारी बोध गराएर | विद्यालय हाम्रो हो भन्ने | वि.व्य.स., समुदाय, गाविस, पि.टि.ए. |
| १३ | गरिब, जेहेन्दार, दलित विद्यार्थीलाई छात्रवृत्ति पुरस्कार वितरण गर्ने | गाविस,जि.शि.का संघसंस्था आवश्यक रकम व्यवस्था गरेर | प्रोत्साहन हुने सिकाइ पलब्धी बढ्ने | प्र.अ., वि.व्य.स., पि.टि.ए., गाविस, |
| १४ | छात्राहरूलाई छात्रवृत्ति वितरण गर्ने | गाविस, जि.शि.का. संघसंस्था आवश्यक रकम व्यवस्था गरेर | छात्राहरूका उपस्थिति बढ्ने | वि.व्य.स., प्र.अ. |
| १५ | शिक्षक पुरस्कृत गर्ने | गाविस र विद्यालय स्रोत | शैक्षिक स्तर उठाउन मद्दत पुग्ने | वि.व्य.स., गाविस, पि.टि.ए. |
| १६ | अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने | कार्यतालिका निर्माण गरेर | प्रतिस्पर्धा गर्नसक्ने व्यवहारिक ज्ञान बढ्ने | प्र.अ्., वि.व्य.स., पि.टि.ए |
| १७ | खेलकुद सामग्रीको व्यवस्था | विद्यालयले आफ्नो स्रोत जुटाएर | बालबालिकालाई वि. आउन चाख बढ्ने अनु.सं.कम हुने | प्र.अ., वि.व्य.स., पि.टि.ए. गाविस |
| १८ | छात्र छात्रालाई पोशाक व्यवस्था गर्ने | छात्रवृत्ति दिएर गाविस भित्रका अभिभावकको सहयोग लिएर | गाविसभरिका विद्यार्थीमा एकरूपता हुने आत्मसम्मान बढ्ने | प्र.अ., वि.व्य.स. अभिभावक |
| १९ | सरसफाई | विद्यार्थी, शि.,अ.को सहयोग बोध गराएर | स्वस्थ तथा स्वच्छ वातावरण तयार हुने | विद्यार्थी, शिक्षक, अभिभावक |
| २० | अभिभावक भेला गर्ने | जिम्मेवारी बोध गराएर | विद्यालय समुदायबीच गाविस सँग सुमधुर सम्बन्ध रहने | वि.व्य.स., समुदाय |
| २१ | आयव्यय सार्वजनिक गर्ने | विद्यालयगत भेला | पारदर्शिता आउने | प्र.अ.,वि.व्य.स., पि.टि.ए, समुदाय, संघसंस्था |

स्रोतः गाउँ शिक्षा योजना, कटहरी गाविस (२०६७-२०७१)

अनुसूची ८

गाउँ शिक्षा योजनाको कार्यक्रम एवं रणनीतिहरू, अमरदह गाविस, मोरङ

| क.सं | कार्यक्रम | रणनीति | उपादेयता | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | आकर्षक र अनुकूल वातावरणको | शिक्षक, विद्यार्थी अभिभावक तथा | विद्यालयको वातावरण रमाइलो | गाविस, प्र.अ शिक्षक विद्यार्थी, अभिभावक |
| २ | कक्षाहरूमा रमाइला रमाइला खेलहरूद्वारा कक्षा सञ्चालन गर्ने | शिक्षक तालिम व्यवस्था गर्ने | सिकाइ उपलब्धिमा वृद्धि हुने, विद्यालय छोड्ने क्रम घट्ने । | शिक्षक, प्र.अ. स्रोत व्यक्ति |
| ३ | भौतिक पुनःनिर्माण गर्ने | गाविस, संघसंस्था समुदाय परिचालन गर्ने | शैक्षिक अनुकूल वातावरण तयार हुने | गाविस, वि.व्य.स., पि.टि.ए, समुदाय |
| ४ | पठनपाठनमा विद्यार्थी केन्द्रित विधिको प्रयोग गर्ने | शिक्षकलाई तालिम दिने । | सिकाइ उपलब्धिमा वृद्धि हुने । | प्र.अ., वि.व्य.स.,स्रोत व्यक्ति, वि.नि.शिक्षक, गाविस |
| ५ | शिक्षक, विद्यार्थीको नियमित बढाउने | समुदाय परिचालन र आचार संहिता तयार गर्ने | विद्यालयमा अनुशासन कायम हुने र सिकाइ स्तर बढ्ने | शिक्षक,विद्यार्थी, अभिभावक, वि.व्य.स., पि.टि.ए. |
| ६ | चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | समुदाय परिचालन गरेर | सामुदायिक सचेतनामा वृद्धि जनसहभागिता जुट्ने | गाविस, सामुदायिक, वि.व्य.स., पि.टि.ए, |
| ७ | शिक्षक दरबन्दीको व्यवस्था | सम्बन्धित निकायहरूसँग सम्पर्क गरेर | शिक्षक विद्यार्थी अनुपातमा कमी हुने, शिक्षक सिकाइमा प्रभावकारिता हुने । | वि.व्य.., प्र.अ. |
| ८ | शैक्षिक सामग्री निर्माण | शिक्षक विद्यार्थी सहभागी गराएर | पारदर्शिता हुने । | प्र.अ., शिक्षक |
| ९ | भौतिक मर्मत गर्ने | समुदाय परिचालन गर्ने | विद्यार्थीका लागि अनुकूल वातावरण तयार हुने । | गाविस, वि.व्य.स., अभिभावक |
| १० | विद्यालय र समुदायको सम्बन्ध सुदृढ गर्ने । | जिम्मेवारी र फाइदा बोध गराउने | विद्यालय समुदाय विकासको केन्द्रविन्दुको रूपमा विकसित हुने । | प्र.अ., शिक्षक, वि.व्य.स., स्रोतव्यक्ति |
| ११ | वार्षिक योजना निर्माण गर्ने । | अन्तरक्रिया र छलफल गरेर । | शिक्षण उद्देश्य समयमै पूरा गर्ने मद्दत पुग्ने । | वि.व्य.स., गाविस, प्र.अ. |

| | | | | |
|---|---|---|---|---|
| १२ | छात्राहरूलाई छात्रवृत्ति वितरण गर्ने | विभिन्न संघसंस्थासँग आवश्यकता छलफल र रकमको व्यवस्था गरेर । | छात्राहरूको उपस्थितिमा वृद्धि हुने र प्रोत्साहित हुने । | वि.व्य.स., गाविस, प्र.अ. |
| १३ | शिक्षक पुरस्कृत गर्ने | गाविस र विद्यालय स्रोत परिचालन गरेर । | शैक्षिकस्तर उठाउन मद्दत पुग्ने । | गाविस, वि.व्य.स., पि.टि.ए., प्र.अ. |
| १४ | खेलकुद सामग्रीको व्यवस्था गर्ने । | विद्यालयले आफ्नो स्रोत जुटाएर | विद्यार्थीको उपस्थितिमा वृद्धि हुने । | वि.व्य.स., गाविस, प्र.अ. |
| १५ | सरसफाई | विद्यार्थी, शिक्षक, अभिभावकको सहयोग लिएर | विद्यालयमा स्वस्थ र स्वच्छ वातावरण हुने । | विद्यार्थी, शिक्षक अभिभावक |
| १६ | अभिभावक भेला गर्ने | जिम्मेवारी बोध गराएर | विद्यालय र समुदायको बीचमा सुमधुर सम्बन्ध हुने । | वि.व्य.स., समुदाय, शिक्षक, गाविस, प्र.अ. |
| १७ | शिक्षक शिक्षक बीचमा पठनपाठन विषयक छलफल गराउने | विषय शिक्षकका सहयोग र बैठक गराएर । | शिक्षण समस्या समाधान गर्न मद्दत पुग्ने । | प्र.अ., वि.नि., स्रोतव्यक्ति |
| १८ | अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने | कार्यतालिका निर्माण गरेर । | प्रतिस्पर्धाका साथ व्याावहारिक ज्ञान बढ्ने । | प्र.अ., वि.व्य.स., पि.टि.ए. |
| १९ | भौतिक मर्मत गर्ने | समुदाय परिचालन गरेर | विद्यार्थीका लागि अनुकूल वातावरण तयार गर्ने । | गाविस, वि.व्य.स., पि.टि.ए., अभिभावक |

स्रोत : गाउँ शिक्षा योजना (२०६७-२०७१) अमरदह गाविस मोरङ

अनुसूची ९

गाउँ शिक्षा योजनाको कार्यक्रम एवं रणनीतिहरू, लेटाङ गाविस, मोरङ

| क्र.सं. | कार्यक्रम | रणनीति | उपादेयता | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | विद्यालय भर्ना अभियान कार्यक्रम | समुदाय परिचालन गर्ने, घरदैलो कार्यक्रम | विद्यालय उमेरका सबै बालबालिकाहरूलाई विद्यालयय शिक्षा प्रदान गर्ने | विद्यालय गै.स.स. गाविस |
| २ | बालविकास केन्द्र सञ्चालन | समुदायको सहभागितामा व्यवस्थापन समिति गठन गर्ने । | कक्षा १ मा भर्नाका लागि पूर्व तयारी हुने | व्यवस्थापन समिति गाविस, समुदाय, जि.वि.स. |
| ३ | बालमैत्री तथा भयरहित शिक्षा | विद्यालय व्यवस्थापन समिति तथा शिक्षकलाई तालिमको व्यवस्थापन गर्ने । | गुणस्तरीय शिक्षा प्रदान गर्न अनुगमनलाई प्रभावकारी बनाउने । | गाविस, स्रोतव्यक्ति, वि.नि., प्र.अ. |
| ४ | शिक्षकको पेशागत विकास कार्यक्रम | तालिम सञ्चालन गर्ने | शिक्षकको पेशागत विकास भई सिकाई उपलब्धि वृद्धिमा सहयोग पुग्छ । | स्रोतकेन्द्र, गै.स.स., गाविस |
| ५ | शिक्षकलाई पुरस्कार | अनुगमन संयन्त्रको सिफारिसमा गर्ने । | शिक्षकलाई प्रोत्साहन गर्दा शिक्षणमा सक्रियता बढ्छ, जिम्मेवारी बोध हुन्छ । | विद्यालय गाविस |
| ६. | अभिभावक र विद्यालयसँग गाविस कार्यक्रम | अन्तरक्रिया गर्ने | गुणस्तरीय शिक्षा प्रदान गर्न, पारदर्शिता गर्न समावय र सहकार्य गर्न | गाविस, विद्यालय गा.वि.स |
| ७. | आभिभावकसँग विद्यालय कार्यक्रम | सरोकारवालाको सहमति गराएर | विद्यालयमा समुदायको सहभागिता अभिवृद्धि गर्ने, साक्षरता बढाउने | गै.स.स., गाविस समदाय प्र.अ. सरकारी तथा गैरसरकारी |
| ८. | विद्यालय सुधार योजना निर्माण र परिमार्जन | वि.ज.स. को सहभागि र विद्यालयको सहभागितामा | प्रभावकारी योजना निर्माण गर्ने | विद्यालय, स्रोतकेन्द्र जि.शि.का. शिक्षक |
| ९. | विद्यालय वि.व्य.स. शि.अ. संघ गठन र क्षमता विकास | अभिभावक भेला बोलाउने तालिम र अन्तरक्रिया गर्ने | विद्यालयलाई सुचारु रूपले सञ्चालन गर्न, जिम्मेवारी बाध गराउन । | वि.नि. स्रोत व्यक्ति गाविस, गा.शि.स. |
| १०. | नतिजा विश्लेषण तथा कार्ययोजना नियोग | नतिजा प्रकाशन गरि अन्तरक्रिया र स्टाफ मिटिङ गरेर | विद्यार्थीको सिकाई अवस्था पहिचान गरी सिकाई उपलब्धी वृद्धि गर्न | शि.अ. संघ, वि.व्य.स., प्र.अ. तथा शिक्षकहरू गाविस |
| ११. | अतिरिक्त क्रियाकलाप | विद्यालयको वार्षिक कायपात्रोमा अतिरिक्त क्रियाकलाप राखी सोही अनुसार अतिरिक्त क्रियाकलाप सञ्चालन गरेर | विद्यार्थीको क्षमता र प्रतिभा पत्ता लगाई प्रवंधन गर्न तथा प्रोत्साहन गर्न | शिक्षक, विद्यार्थी वि.व्य.स., शि.अ. संघ |

| | | | | |
|---|---|---|---|---|
| १२. | सिकाई सामग्री व्यवस्थापन र प्रयोग | शिक्षक विद्यार्थीको सहभागिता स्थापित सामग्रीबाट सिकाई सामग्री निर्माण र खरीद तथा कक्षा कोठामा प्रयोग | गुणस्तरीय शिक्षा प्रदान गर्न, सिकाईलाई सरल बनाउँदै विद्यार्थीको सिकाई उपलब्धी वृद्धि गर्ने | शिक्षक, विद्यार्थी, प्र.अ., गाविस शै.स.स. |
| १३. | अनुगमन संयन्त्र निर्माण र परिचालन | अनुगमन संयन्त्र निर्माण गरी नियमित अनुगमन गरेर | अनुगमनलाई उद्देश्यमूलक र प्रभावकारी बनाउन | गा.शि.स., स्रोतव्यक्ति, वि.नि. गै.स.स., जि.शि.का |
| १४. | भौतिक पूर्वाधार विकास | | | |
| १५. | कक्षाकोठा निर्माण | समुदाय, स्थानीय स्रोत तथा गै.स.स. बाट स्रोत जुटाएर | मापदण्ड अनुसार विद्यार्थीहरूको कक्षामा बसाई व्यवस्थापन गर्ने | निर्माण समिति, गाविस समुदाय, जि.शि.का, गै.स.स |
| १६. | शौचालय निर्माण | समुदाय, स्थानीय स्रोत तथा गै.स.स. बाट स्रोत जुटाएर | विद्यार्थी सङ्ख्या अनुपातमा शौचालय व्यवस्था गर्न | निर्माण समिति, गाविस, जि.शि.का समुदाय, गै.स.स. |
| १७. | डेक्स बेन्च निर्माण | समुदाय, स्थानीय स्रोत तथा गै.स.स. बाट स्रोत जुटाएर | बसाई व्यवस्थापनलाई व्यवस्थित बनाउन | निर्माण समिति, गाविस समुदाय, गै.स.स. |
| १८. | समुदाय | स्थानीय स्रोत तथा गै.स.स. बाट स्रोत जुटाएर | शुद्ध पिउने पानीको व्यवस्थाले विद्यार्थीको स्वास्थ्यमा सुधार | निर्माण समिति, विद्यालय गाविस समुदाय, गै.स.स |
| १९. | विद्यालय घेरावारा र फूलबारी बगैचा | स्थानीय समुदाय, गाविस, जि.शि का बाट स्रोत जुटाई विद्यार्थी परिचालन गरेर | विद्यालय हातालाई स्वच्छ हरियाली भरहित वातावरण निर्माण गर्न | कक्षा शिक्षक, प्र.अ., गाविस, वि.व्य.स. |
| २०. | शिक्षक दरबन्दी व्यवस्थापन | स्थानीय स्रोत व्यवस्थापन, गाविस बाट अनुदान प्राप्त गर्न शिक्षक छनोट गरेर | नियमित रूपमा कक्षा सञ्चालन गरी विद्यार्थीको सिकाई उपलब्धि वृद्धि गर्न | |
| २१. | वार्षिक योजना निर्माण | शिक्षक निर्देशिका, पाठ्यक्रमको प्रयोग तथा अन्रक्रिया छलफल गरेर | समय सिमा भित्र पठनपाठन सम्पन्न गरी शैक्षिक उद्देश्य पूरा गर्न मद्दत पुग्ने | प्र.अ., शिक्षक स्रोत व्यक्ति |
| २२. | अभिभावक भेला | वर्षमा एकपटक सबै अभिभावकहरूलाई भेला गराई गतिविधि बारे जानकारी गराउने | पारदर्शिता बढ्न गई अपनत्वको भावना विकास हुने | प्र.अ., वि.व्य.स., शि.अ. संघ |

स्रोत : गाउँ शिक्षा योजना लेटाङ गाविस (२०६७-२०७१)

अनुसूची १०

कटहरी गाविस गाउँ शिक्षा योजनाले कार्यान्वयनका लागि निर्धारण गरेका कार्यक्रमहरू

गाउँ शिक्षा योजना, कटहरी

कार्य योजना तथा बजेट

| क.सं. | कार्यक्रमको नाम | लक्ष्य | प्रक्रिया | समय | | जिम्मेवारी | | आवश्यक बजेट |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सुरु | अन्त्य | व्यक्ति | संस्था | |
| १. | नयाँ कक्षा कोठाको निर्माण र फर्निचर | १८ वटा र २७० सेट | जि.शि.का., गाविस स्थानीय संघ संस्था समुदायसँग समन्वय गरी लागत इस्टिमेट तयार गरेर | असोज | असार | प्र.अ., वि.व्य.स., अभिभावक | गाविस विद्यालय जि.शि.का., जि.वि.स. | ५४,००,०००।-<br>२,७०,०००।- |
| २. | पुनस्थापना कक्षाकोठा | १४ वटा | जि.शि.का., गाविस स्थानीय संघ संस्था समुदायसँग समन्वय गरी लागत इस्टिमेट तयार गरेर | असोज | असार | प्र.अ., वि.व्य.स., अभिभावक | गाविस विद्यालय जि.शि.का., जि.वि.स. | ३,५०,०००।- |
| ३. | खानेपानी | ७ | जि.शि.का., गाविस स्थानीय संघ संस्था समुदायसँग समन्वय गरी लागत इस्टिमेट तयार गरेर | असोज | असार | प्र.अ., वि.व्य.स., अभिभावक | गाविस विद्यालय जि.शि.का., जि.वि.स. | ४२,[illegible] |
| ४. | शौचालय | ४ | जि.शि.का., गाविस, स्थानीय संघ संस्था समुदायसँग समन्वय गरी लागत इस्टिमेट तयार गरेर | असोज | असार | प्र.अ., वि.व्य.स., अभिभावक | गाविस विद्यालय जि.शि.का., जि.वि.स. | ३,८०,०००।-<br>प्रति इकाइ ९५,०००।- |
| ५. | घेराबारा, फूलबारी | ४ | जि.शि.का., गाविस स्थानीय संघ संस्था समुदायसँग समन्वय गरी लागत इस्टिमेट तयार गरेर | असोज | असार | प्र.अ., वि.व्य.स., अभिभावक | गाविस विद्यालय जि.शि.का., जि.वि.स. | ४,००,०००।- |
| ६. | ५-९ को विद्यार्थीहरूलाई ९७% बनाउने भर्ना | निरन्तर | स्थानीय समुदायसँग समन्वय गरेर | वैशाख | जेष्ठ | प्र.अ., वि.व्य.स., अभिभावक | गाविस | ५०,०००।- |
| ७. | थप शिक्षकको व्यवस्था | १४ | जि.शि.का., गाविस, स्थानीय समुदायसँग समन्वय गरेर | वैशाख | असार | प्र.अ., वि.व्य.स., अभिभावक | गाविस | प्रतिमहिना ४,१००।- |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८. | कक्षा ५ सम्म कम्तीमा ८५ प्रतिशत टिकाउने | निरन्तर | जि.शि.का., गाविस, स्थानीय समुदायसँग समन्वय गरेर | निरन्तर | निरन्तर | प्र.अ., वि.व्य.स., अभिभावक | गाविस | नियमानुसार |
| ९. | छात्रवृत्ति (दलित, छात्रा, अन्य) | सङ्ख्या अनुसार | जि.शि.का., गाविस, स्थानीय समुदायसँग समन्वय गरेर | वैशाख | चैत्र | प्र.अ., वि.व्य.स., अभिभावक | गाविस | सङ्ख्या अनुसार |
| १०. | पुस्तकालय | ७ प्रत्येक विद्यालयमा | जि.शि.का., गाविस, स्थानीय समुदायसँग समन्वय गरेर | वैशाख | असार | प्र.अ., वि.व्य.स., अभिभावक | गाविस | ३,५०,०००।- |
| ११. | शै. सा. निर्माण एवं खरिद | आवश्यकता अनुसार | जि.शि.का., गाविस, स्थानीय समुदायसँग समन्वय गरेर | वैशाख | असार | प्र.अ., वि.व्य.स., अभिभावक | गाविस | ३,५०,०००।- |
| १२. | शिक्षक पुरस्कार | ३ जना | गाविस | फागुन | असार | प्र.अ., वि.व्य.स., अभिभावक | गाविस | ९,०००।- |
| १३. | विद्यार्थी पुरस्कार | ३५ जना | गाविस | फागुन | असार | प्र.अ., वि.व्य.स., अभिभावक | गाविस | ३,५००।- |
| १४. | अतिरिक्त क्रियाकलाप | २ पटक | गाविस, वि.व्य.स., विद्यालय, प्र.अ., शिक्षक, समुदाय | वैशाख | चैत्र | प्र.अ., विद्यालय, गाविस | विद्यालय, गाविस | १०,०००।- |
| १५. | शैक्षिक भ्रमण | १ पटक | जि.शि.का., गाविस, वि.व्य.स., विद्यालय, प्र.अ., शिक्षक समुदाय | वैशाख | जेष्ठ | प्र.अ., विद्यालय, गाविस | विद्यालय, गाविस | ५०,०००।- |
| जम्मा | | | | | | | | ७०,३८,५००।- |

स्रोतः गाउँ शिक्षा योजना, लेटाङ गाविस

अनुसूची ११

अमरदह गाविस गाउँ शिक्षा योजनाले कार्यान्वयनका लागि निर्धारण गरेका कार्यक्रमहरू

गाउँ शिक्षा योजना, अमरदह

कार्य योजना तथा बजेट

| क.सं. | कार्यक्रमको नाम | लक्ष्य | प्रक्रिया | समय | | जिम्मेवारी | | आवश्यक बजेट |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सुरु | अन्त्य | व्यक्ति | संस्था | |
| १. | नयाँ कक्षा कोठाको | १२ | जि.शि.का., गाविस स्थानीय संघ संस्था समुदायसँग समन्वय गरी स्रोत जुटाउने | कार्तिक | वैशाख | प्र.अ., वि.व्य.स. | गाविस विद्यालय जि.शि.का. | ३६,००,०००।- |
| २. | फर्निचर निर्माण | ८७ सेट | जि.शि.का., गाविस स्थानीय संघ संस्था समुदायसँग समन्वय गरी स्रोत जुटाउने | कार्तिक | वैशाख | प्र.अ., वि.व्य.स. | गाविस विद्यालय जि.शि.का. | १,००,०००।- |
| ३. | कक्षा कोठा मर्मत | १० | जि.शि.का., गाविस स्थानीय संघ संस्था समुदायसँग समन्वय गरी स्रोत जुटाउने | माघ | जेष्ठ | प्र.अ., वि.व्य.स. | गाविस विद्यालय जि.शि.का. | ५,००,०००।- |
| ४. | खानेपानी | ४ वटा | जि.शि.का., गाविस स्थानीय संघ संस्था समुदायसँग समन्वय गरी स्रोत जुटाउने | माघ | जेष्ठ | प्र.अ., वि.व्य.स. | गाविस विद्यालय जि.शि.का. | ३२,०००।- |
| ५. | शौचालय | ४ वटा | जि.शि.का., गाविस स्थानीय संघ संस्था समुदायसँग समन्वय गरी स्रोत जुटाउने | माघ | जेष्ठ | प्र.अ., वि.व्य.स. | गाविस विद्यालय जि.शि.का. | ३,८०,०००।- |
| ६. | घेराबारा | ४ वटा | जि.शि.का., गाविस स्थानीय संघ संस्था समुदायसँग समन्वय गरी स्रोत जुटाउने | माघ | जेष्ठ | प्र.अ., वि.व्य.स. | गाविस विद्यालय जि.शि.का. | ४,००,०००।- |
| ७. | थप शिक्षक व्यवस्था | १८ जना | जि.शि.का., गाविस स्थानीय संघ संस्था समुदायसँग समन्वय गरी स्रोत जुटाउने | वैशाख | असार | प्र.अ., वि.व्य.स. | गाविस | प्रत्येक महिना ५,५००।- |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८. | छात्रवृत्ति | सङ्ख्या अनुसार | जि.शि.का., गाविस स्थानीय संघ संस्था समुदायसँग समन्वय गरी स्रोत जुटाउने | वैशाख | चैत्र | प्र.अ., वि.व्य.स. | गाविस | सङ्ख्या अनुसार |
| ९. | पुस्तकालय | ७ प्रत्येक विद्यालय | जि.शि.का., गाविस स्थानीय संघ संस्था समुदायसँग समन्वय गरी स्रोत जुटाउने | वैशाख | असार | प्र.अ., वि.व्य.स. | गाविस | ३,५०,०००।- |
| १०. | शैक्षिक सामग्री निर्माण एवम् खरिद | आवश्यक अनुसार | जि.शि.का., गाविस स्थानीय संघ संस्था समुदायसँग समन्वय गरी स्रोत जुटाउने | वैशाख | असार | प्र.अ., वि.व्य.स. | गाविस | ३,५०,०००।- |
| ११. | शिक्षक पुरस्कार | ३ जना | गाविस | फागुन | असार | प्र.अ., वि.व्य.स. | गाविस | ९,०००।- |
| १२. | विद्यार्थी पुरस्कार | ३५ जना | गाविस | फागुन | असार | प्र.अ., वि.व्य.स. | गाविस | ३,५००।- |
| १३. | अतिरिक्त क्रियाकलाप | २ पटक | गाविस वि.व्य.स., विद्यालय, प्र.अ., शिक्षक, समुदाय | वैशाख | चैत्र | प्र.अ., वि.व्य.स. | विद्यालय, गाविस | १०,०००।- |
| १४. | शैक्षिक भ्रमण | १ पटक | गाविस वि.व्य.स., विद्यालय, प्र.अ., शिक्षक, समुदाय | वैशाख | चैत | प्र.अ., वि.व्य.स. | विद्यालय, गाविस | ५०,०००।- |
| जम्मा | | | | | | | | ६१,४०,०००।- |

स्रोतः गाउँ शिक्षा योजना, लेटाङ गाविस

अनुसूची १२

लेटाङ गाविस गाउँ शिक्षा योजनाले कार्यान्वयनका लागि निर्धारण गरेका कार्यक्रमहरू, गाउँ शिक्षा योजना, लेटाङ

कार्य योजना तथा बजेट

| क.सं. | कार्यक्रमको नाम | लक्ष्य | प्रक्रिया | समय | | जिम्मेवारी | | आवश्यक बजेट |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सुरु | अन्त्य | व्यक्ति | संस्था | |
| १. | कक्षा कोठा निर्माण | १४ | जि.शि.का., गाविस स्थानीय संघ संस्थासँग समन्वय गरी स्रोत जुटाउने | भाद्र | असार | प्र.अ., वि.व्य.स. | गाविस विद्यालय जि.शि.का. | ४५,००,०००।- |
| २. | डेस्क बेन्च निर्माण | ७० सेट | जि.शि.का., गाविस, गैससरसँग समन्वय गर्ने | कार्तिक | वैशाख | प्र.अ., वि.व्य.स. | गाविस विद्यालय जि.शि.का. गै.स.स. | १,२०,०००।- |
| ३. | शौचालय निर्माण | २ | जिशि.का., गाविस, स्थानीय संघसंस्था | मंसिर | चैत्र | प्र.अ., वि.व्य.स. | गाविस विद्यालय जि.शि.का. | २,००,०००।- |
| ४. | खानेपानी | ५ हजार लि. | स्थानीय संघसंस्था, गै.स.स., गाविसबाट जुटाउने | मंसिर | फागुन | प्र.अ., वि.व्य.स. | विद्यालय स्थानीय संघ संस्था, गाविस | ५०,०००।- |
| ५. | विद्यालय हाता घेराबारा | ५ | जि.शि.का., गा.वि.वि., स्थानीय संघ संस्था, समुदायमा समन्वय गरिने | माघ | जेठ | प्र.अ., वि.व्य.स. | गाविस, विद्यालय जि.शि.का, स्थानीय संघ संस्था | ५,००,०००।- |
| ६. | शिक्षक पुरस्कार | ४ जना | गाविस | वैशाख | भाद्र | प्र.अ. वि. व्य. स. | गाविस | २०,०००।- |
| ७. | शिक्षकको पेशागत विकाश कार्यक्रम | २० जना | गाविस, विद्यालय स्रोतकेन्द्रबीच समन्वय गर्ने | वैशाख | जेठ | प्र.अ., वि.व्य.स., स्रोत व्यक्ति | गाविस विद्यालय स्रोतकेन्द्र | २०,०००।- |
| ८. | विद्यार्थी पुरस्कार | १०० | गाविस | वर्षमा १ पटक | - | प्र.अ., वि.व्य.स. | गाविस | २०,०००।- |
| ९. | वि.व्य.स. तथा शि.अ. संघ क्षमता विकास | १५ जना | गाविस, गै.स.स.बीच समन्वय गरी तालिम सञ्चालन गर्ने | बर्षमा १ पटक | - | प्र.अ., स्रोत व्यक्ति, वि.नि. | गाविस, विद्यालय, गै.स.स. | १५,०००।- |
| १०. | अतिरिक्त क्रियाकलाप | २ पटकट | गाविस, विद्यालय प्र.अ., समुदाय | वैशाख | चैत्र | प्र.अ., वि.व्य.स. | विद्यालय, गाविस | १,००,०००।- |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११. | प्रतिभा पहिचान | ५ | गाविस, विद्यालय तथा स्थानीइ संघ संस्थाबीच समन्वय गरेर | वर्षमा १ पटक | - | प्र.अ., वि.व्य.स. | विद्यालय, गाविस, स्थानीय संघ संस्था | १५,०००।- |
| १२. | बाल विकास केन्द्र सञ्चालन | २ | जि.शि.का., गाविस, गै.स.स.सँग समन्वय गरी स्रोत व्यवस्थापन | वैशाख | चैत्र | - | जि.शि.का., गाविस, गै.स.स. | १,००,०००।- |
| १३. | सिकाई सामग्री निर्माण तथा खरिद | विषयगत आवश्यकता अनुसार | जि.शि.का., गाविस तथा स्थानीय संघ संस्थाबीच समन्वय तथा विद्यार्थी शिक्षक सहभागिता | वैशाख | असार | वि.व्य.स., प्र.अ., विषयगत शिक्षक | जि.शि.का, विद्यालय, गाविस | ४,००,०००।- |
| १४. | शिक्षक दरबन्दी | ५ | जि.शि.का.सँग समन्वय गर्ने | निरन्तर | - | प्र.अ., वि.व्य.स. | विद्यालय | जि.शि.का.सँग माग गर्ने |
| १५. | विद्यालय भर्ना अभियान कार्यक्रम | निरन्तर | वि.व्य.स., शि.अ. संघ, प्र.अ., शिक्षक तथा स्थानीय संघ संस्थाको समन्वयमा घरदैलो कार्यक्रम गरेर | प्रत्येक वर्ष वैशाखको पहिलो र दोस्रो हप्ता | - | प्र.अ., वि.व्य.सं. तथा शि.अ. संघ पदाधिकारीहरू | विद्यालय स्थानीय संघ संस्था | २०,०००।- |
| १६. | विपन्न तथा गरिब विद्यार्थी छात्रवृत्ति | ५० जना | गाविस, गै.स.स., स्थानीय संघ संस्थाहरू बीच समन्वय गरी स्रोत जुटाउने | प्रत्येक वर्ष वैशाखमा | - | प्र.अ., वि.व्य.सं. | गाविस, स्थानीय संघ संस्था | २५,०००।- |
| १७. | पुस्तकालय | ५ विद्यालय | जि.शि.का, गाविस तथा गैससँग समन्वय गरेर | वर्षमा एकपटक जम्मा गर्ने | - | प्र.अ., वि.व्य.स. | गाविस, विद्यालय | २,५०,०००।- |
| १८. | गाउँ शिक्षा भकारी कोष | १ | गाविस भित्रका सबै विद्यालय तथा गाविससँग समन्वय गरेर | वर्षमा एकपटक जम्मा गर्ने | - | प्र.अ., वि.व्य.स. | गाविस, विद्यालय | ३,००,०००।- |
| जम्मा | | | | | | | | ६६,५५,०००।- |

स्रोतः गाउँ शिक्षा योजना, लेटाङ गाविस